

# मुक्त हलिया, दलित तथा सन्थाल समुदायको हक अधिकारहरूको संगालो








नीति तथा कानून

विश्वव्यापी आवधिक समीक्षा (UPR) का सिफारिसहरू

# मुक्त हलिया, दलित तथा सन्थाल समुदायको हक अधिकारहरुको संगालो

मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल
(काहुरास्ट नेपाल)

**प्रकाशक:**
**मानवअधिकार तथा सामाजिक रूपान्तरण अभियान, नेपाल**
**(काहुरास्ट नेपाल)**

जितजंग मार्ग, थापाथली, काठमाडौं, नेपाल
फोन: ०१-४१०२०३३, ५३४९२२०
फ्याक्स: +९७७-१-४१०२०३३,
पोस्ट बक्स: १३५७२
ईमेल: cahurast@gmail.com, cahurastnepal@gmail.com
वेबसाइट: http://www.cahurast.org/
सामाजिक सञ्जाल:
https://twitter.com/cahurastnepal
https: //www.facebook.com/cahurast.nepal

**पहिलो संस्करण:**
सन् २०२१

**सहयोग:**

THE LUTHERAN WORLD FEDERATION NEPAL

**डिजाइन र प्रिन्ट**

**मिडियास्केप प्रा.लि.**
user.mediascape@gmail.com

**प्रतिलिपि अधिकार:**
मानवअधिकार तथा सामाजिक रूपान्तरण अभियान (काहुरास्ट), नेपाल

# प्रकाशकिय

नेपालमा संविधान सभाले सन २०१५ मा एक समावेशी र मानवअधिकार मैत्री संविधान जारी गर्यो । यो संविधानले महिला, दलित, जनजाति, मधेशी, मुक्त हलिया र कमैया सहित नेपालका भेदभाव र बहिष्करणमा परेका समुदायहरुमा आशा जगायो । किनकि यो संविधान अन्तर्गत, भाग -३ मौलिक अधिकार र कर्तव्य, धारा १६ देखि ४७ सम्म नागरिकहरुको मौलिक अधिकारहरुको व्यवस्था गरिएको छ ।

संविधानमा हक अधिकारको व्यवस्था भए पनि सबै नागरिकहरु आफ्नो मौलिक अधिकारहरु बारे सचेत छैनन् । जसलाई आफ्नो हक अधिकारको बारेमा थाहा पाएका छन्, तिनीहरुले आफ्नो हक अधिकार प्रत्याभुतिका बारेमा आवाज उठाइ रहेका छन् र आफ्नो हकको लागि लडिरहेका पनि छन् । तर चरम गरीबी र अविकसित हुनुको कारण सामाजिक बहिष्कार, भेदभाव, हिंसा, संरचनात्मक असमानतामा परेका जन समुदायहरु संविधान प्रदत्तह अधिकार एवम नीति नियमको उपभोग गर्न सकिरहेका छैनन् ।

दलित, मुक्त हलिया र सन्थालहरुको समुदाय सबैभन्दा सीमान्तकृत समुदाय हो जो निम्न जातिय भेदभावको दमनको सामना गर्दै आइरहेका छन् । यी समुदायहरुलाई आफ्नो हक अधिकारको लागि सचेत बनाउन, जानकारी दिन र जनचेतना जगाउन यी समुदायका हक अधिकार प्रत्याभुत गर्ने बारेमा तयार नीति र कानूनको बारेमा थाहा दिन जरुरी भएकोले दलित, मुक्त हलिया र सीमान्तकृत सन्थाल जातिका बारेमा संविधान, नियम, कानून र नीतिमा व्यवस्था गरिएको हक अधिकारको संकलन गरी यो पुस्तिका तयार पारिएको छ ।

यो पुस्तिकामा सीमान्तकृत समुदाय जस्तै दलितहरुले भोगिरहेको छुवाछूत र भेदभावको समस्या, मुक्त हलियाहरुको हलिया परिचय पत्र र पुनर्वासको समस्या र सन्थालहरुको जन्म दर्ता, नागरिकता र भुमिहिनको समस्याहरुको बारेमा सरकारले तयार पारेका नीति, कार्यक्रम, संविधान र कानूनमा लेखिएका अधिकारहरु विस्तृत रुपमा समावेस गरिएका छन् । साथै यी समुदायहरुको अधिकार वहालीका लागि संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद् द्वारा गरिएको तेस्रो चरणको विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत नेपाल द्वारा स्वीकार गरिएका सिफारिसहरु पनि यो पुस्तिकामा समावेश गरिएको छ ।

यो पुस्तिकाले मुक्त हलिया, दलित र सीमान्तकृत समुदायलाई आफ्नो हक/अधिकारहरु, नेपाल सरकारले उक्त समुदायको अधिकार रक्षाका लागि अवलम्बन गरेका नीति र कानूनको जानकारी दिनेछ भन्ने आशा गरिएको छ । यो पुस्तिका माथि उल्लेखित समुदायहरुको बारेमा संविधान, कानून, नीति तथा कार्यक्रममा अभिलिखित हक अधिकारहरुको संगालो भएकाले सम्वद्ध समुदाय यसबाट प्रशिक्षित हुनेछन् र आफ्नो अधिकार उपभोगका लागि स्थानिय तह देखि अन्तर्राष्ट्रिय तहसम्म वकालत गर्न सक्षम हुनेछन् भन्ने विश्वास गरिएको छ ।

अन्तमा, यो पुस्तिका प्रकाशनको लागि आर्थिक सहयोग गर्ने लुथरन विश्व फेडरेशन नेपाल (LWF Nepal) जसले काहुराष्ट नेपालसंग निरन्तर सहयोग तथा साझेदारी गर्दै आइरहेको छ, उहाँहरु प्रति हार्दिक आभार व्यक्त गदछौं । हाम्रो कार्यान्वयन साझेदार संस्थाहरुः राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपाल (RMHSF–N) र लुथरन सामुदायिक कल्याण समाज (LCWS) लाई जिल्लामा समन्वय र सहयोगको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यो पुस्तिका प्रस्तुत रुपमा तयार गर्नका लागि निरन्तर सुझाव र सहयोग गर्नु हुने काहुराष्ट नेपालका अध्यक्ष श्री विष्णुपुकार श्रेष्ठ र LWF नेपालका प्रादेशिक परियोजना संयोजक श्री बालकृष्ण चौधरी प्रति आभार व्यक्त गर्दछौं । यसका साथै, यस पुस्तिका तयारीका लागि प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तिहरुलाई काहुरास्ट नेपाल हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

**काहुरास्ट नेपाल ।**

# बिषय सुची


| क्र.सं | विषय | पेज नं. |
|---|---|---|
| १. | हलिया समुदाय सम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरु | १ |
| | १.१ पृष्ठभुमि | १ |
| | १.२ हलियाहरुको हक अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भएका कानूनी व्यवस्थाहरु | २ |
| २. | दलित समुदाय सम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरु | ३३ |
| | २.१ पृष्ठभुमि | ३३ |
| | २.२ दलितहरुको हक अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भएका कानूनी व्यवस्थाहरु | ३४ |
| ३ | सन्थाल/सतार समुदाय सम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरु | ५४ |
| | ३.१ पृष्ठभुमि | ५४ |
| | ३.२ सन्थालहरुको हक अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भएका कानूनी व्यवस्थाहरु | ५४ |
| ४. | सिमान्तकृत समुदाय अन्तर्गत तेस्रो चरणको विश्वव्यापी आवधिक समीक्षामा समावेश भएका सिफारिसहरु | ७२ |
| | ४.१ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद्द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिश गरिएका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार संवद्ध सिफारिशहरु | ७२ |
| | ४.२ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद्द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिश गरिएका समानता र अभिवेद संवद्ध सिफारिशहरु (दलित समुदाय) | ७९ |
| | ४.३ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद्द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिस गरिएका अल्पसंख्यक/आदिवासी समुदाय संवद्ध सिफारिसहरु (सन्थाल समुदायः भूमिको अधिकार) | ८० |
| | ४.४ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद्द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिश गरिएका जन्म दर्ता र नागरिकता संवद्ध सिफारिशहरु (सन्थाल समुदाय) | ८१ |
| | ४.५ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद्द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिश गरिएका बंधुवा मजदुर/मुक्त हलियाहरुको पुनर्वास संवद्ध सिफारिशहरु (बंधुवा मजदुर/मुक्त हलिया समुदाय) | ८१ |

# १. हलिया सम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरु

## १.१ पृष्ठभुमि

सामान्य भाषामा खेतीपातीको काममा हलो जोत्ने काम गर्ने कृषि श्रमिकलाई हलिया भनिन्छ। नेपालमा परम्परागत मान्यता अनुसार उपल्लो जातका मानिस र महिलाले हलो जोत्न हुँदैन भन्ने कुरीति बमोजिम हलो जोत्ने काम गर्ने कृषि मजदुर लाई हलिया वा हली भनि विषेश नामाकरण गरेको पाईन्छ। यस्तो किसिमको हलो जोत्ने काम गर्ने मानिस साधारणतया दलित तथा पानी नचल्ने शुद्र जातिका मानिसहरु पर्दछन्। नेपालको मुख्य रुपमा पश्चिम र सुदुर पश्चिम पहाडि भेगमा एक दशक भन्दा अगाडी सम्म परम्परागत कुप्रथाको रुपमा हलिया वा हली राख्ने चलन थियो। कमजोर आर्थिक अवस्था भएका दलित परिवारका बाबुबाजेले लिएको ऋण चुक्ता गर्न जमिनदार वा साहुको घरमा निजका परिवार वा सन्ततिले साहु कहाँ हलिया वस्ने प्रचलनलाई हलिया प्रथा भनिएको छ। बाबुबाजेले त्यसरी लिएको ऋण स्वरुप परिवारका सबैले साहुको खेतीपाती तथा घरायसी काम काज गरिदिनु पर्ने हुन्थ्यो। प्राय त्यस्तो काम उक्त ऋणको व्याज बापत नै कट्टा हुने तथा विचमा थप ऋण समेत लिनु पर्ने अवस्थाका कारण हलिया साहुको घरमा जिन्दगी भरी नै हली भई बस्नु पर्ने बाध्यता र अवस्था सिर्जना हुने भएकाले यो विभेदकारी प्रथाले हलीलाई वधुवा कृषि मजदुर बनाएको थियो। हलिया जमिनदार वा साहु कहाँ बस्दा एकथरी पुरै जग्गावाल कहाँ वस्ने गर्दथे भने अर्का थरी कामको बेला मात्रै काम गर्न जाने गर्दथे। कामको बेला मात्रै जग्गावाल कहाँ काम गर्न जानेलाई काम नहुँदाको अवस्थामा जीवन जिउन समस्या हुने भएकाले उनीहरु साहुकहाँ सधैंभर वस्ने चाहना राख्ने समेत कतिपय हलियाहरु रहेको पाइन्छ। वि.सं. २०६५ भाद्र २१ गते पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले सम्पूर्ण हलियाहरु र निजको परिवारका सदस्यहरुले साहु वा जमिनदार सँग लिएको ऋण मिनाहा गर्दै विधिवत रुपमा हलिया प्रथा उन्मुलन गरेको घोषणा गरेको थियो। सो समयमा सरकारले हलिया मुक्तिको घोषणासँगै उनीहरुको न्यायीक पुनःस्थापना समेतको घोषणा गरेको थियो।

कर्णाली तथा सुदुर पश्चिम प्रदेशका १२ जिल्ला (सुर्खेत, जाजरकोट, हुम्ला, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, डोटी, अछाम, बझाङ्ग, बाजुरा र दार्चुला) जिल्लाका १९,०५९ घरधुरी हाल मुक्त हलिया परिवार रहेको सरकारी तथ्याङ्क छ। हलिया दुई तरिकाले सोसित रहेको पाइन्छ :

(१) हलियाको रुपमा साहुको शोषण र

(२) दलितको रुपमा जातिय छुवाछूतको विभेद

तराईमा प्रचलित कमैया/हरुवा/चरुवा प्रथा र पहाड केन्द्रीत हलिया प्रथामा केहि भिन्नता रहे पनि समग्रमा मिल्दा जुल्दा देखिन्छन्। तराईमा कमैयाहरु प्राय गरिव थारु जातिका मानिस थिए भने, पहाडको हलियामा गरिव र निमुखा दलित जातिका मानिस रहेको पाईन्छ, तथापी दुवै वर्ग भुमिहिन मजदुर नै हुन। त्यसैले दुवै वर्ग बधुवा मजदुर नै भएको हुँदा हलिया मुक्तिको घोषणा गर्नु अघि वि.सं.२०५८ मा जारी भएको कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ हलियाको हकमा समेत समान रुपमा लागु हुने ऐन हो। हलियाको न्यायीक पुनःस्थापनाको लागि नेपाल सरकारले केन्द्रीय स्तरमा भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रीको अध्यक्षतामा मुक्त हलिया पुनःस्थापना समस्या सामाधान समिति गठन गरिएको थियोभने जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारी संयोजक रहेको मुक्त हलिया पुनःस्थापना कार्यक्रम सञ्चालन गरेको थियो। जुन कार्यक्रमका लागि आ.व. २०७१/७२ देखि वार्षिक बजेट मार्फत रकम विनियोजन हुदै आएको पनि पाइनछ। यो कार्यक्रम अन्तर्गत हलिया प्रभावित १२ जिल्लामा हलियाको आँकडा संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण र पुनःस्थापना गर्ने कार्य गदै आएको छ। पुनःस्थापना अन्तर्गत प्रमाणीकरण भएका मुक्त हलियाहरुलाई ४ किसिमले विभाजन गरी उनीहरुलाई जग्गा खरिद, घर मर्मत र घर निर्माणमा अनुदान दिने भनेको भए पनि हलिया मुक्ति घोषणाको एक दशक पुरा हुँदा सम्म पनि मुक्त हलियाको पुनःस्थापना कार्य न्यायोचित तवरले सम्पन्न हुन सकेको छैन। मुक्त हलियाहरु सबैलाई हलिया मुक्ति पछि उनीहरुका सम्बन्धमा तयार परिएका कानूनहरु तथा नीति नियमहरु के छन पूर्ण जानकारी छैन। तसर्थ, मुक्त हलियाहरुलाई संविधान तथा कानूनमा व्यवस्था भएका कुराहरु जानकारी दिन जरुरी ठानिएकोले प्रचलित नेपाल कानूनमा हलियाहरुको अधिकार सम्बद्ध कानूनी व्यवस्थाहरु मध्ये संघीय संसदद्धारा निर्मित कानूनहरुको यहाँ उल्लेख गरिएको छ भने संविधानको धारा १९७ अनुसार प्रदेश सभाले आफ्नो प्रदेशका लागि र संविधानको धारा २२६ बमोजिम स्थानिय तहका गाउँ सभा र नगर सभाहरुले पनि आ-आफ्नो क्षेत्रमा लागु हुने गरी संघीय कानूनको अधिनमा रही प्रदेश स्तरीय र स्थानिय कानूनको निर्माण गर्न सक्ने समेत देखिन्छ तर उक्त कानूनहरुबारे यहाँ उल्लेख गरिएको छैन।

## १.२ हलियाहरुको हक अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भएका कानूनी व्यवस्थाहरु

| नेपालको संविधानमा रहेका हलियाका हक आकर्षित हुने प्रावधानहरु | | | |
|---|---|---|---|
| दलित समुदाय सम्बद्ध संवैधानिक हक | संवैधानिक व्यवस्था कहाँ छ | संवैधानिक व्यवस्था कस्तो छ | संवैधानिक उपचार प्राप्त गर्ने कार्यविधि |
| सम्मानपुर्वक बाँच्न पाउने हक | नेपालको संविधान २०७२को भाग ३ मौलिक हक धारा १६(१) | प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाँच्न पाउने हक हुनेछ । | कहि कतैबाट हलिया समेत नेपाली नागरिकको यस हकको उल्लंघन भयो वा यस हकको विरुद्ध हुने गरी राज्यले कानून वनायो भने त्यसको उपचारका लागि संविधाको धारा ४६ को संवैधानिक उपचारको हक अन्तर्गत धारा १३३ र १४४ अनुसार अदालतलमा आवश्यक विभिन्न रिट निवेदन दिई अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत यो हकलाई स्थापित गराउन सकिन्छ । |
| स्वतन्त्रताको हक | धारा १७ (१) | कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिकलाई वैयक्तिक स्वतन्त्रतावाट वञ्चित गरिने छैन । | ऐ.ऐ. |
| स्वेच्छाले आफ्नो पेशा व्यवसाय रोज्न र छोडन पाउँने हक | धारा १७ (२)(च) | नेपालको कुनै पनि भागमा पेशा रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ । | ऐ.ऐ. |
| समानताको हक | धारा १८ | (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।<br>(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन,<br>(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।<br>तर दलित समुदायको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुन बनाई विषेश व्यवस्था गर्न सकिने । | ऐ.ऐ. |
| न्याय सम्बन्धि हक | धारा २० (९) | प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायीक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| यातना विरुद्धको हक | धारा २२ (१) र (२) | पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई अमानविय अपमानजनक व्यवहार गरिने छैन यदि गरिएमा दण्डनीय हुनेछ, पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ । | ऐ.ऐ. |
| छुवाछूत र भेदभाव विरुद्धको हक | धारा २४ | (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भे दभाव गरिने छैन ।<br>(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।<br>(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।<br>(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।<br>(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | ऐ.ऐ. |
| शोषण विरुद्धको हक | धारा २९ | (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।<br>(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।<br>(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।<br>(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।<br>(५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | ऐ.ऐ. |
| भाषा तथा संस्कृतिको हक | धारा ३२ (२) | प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ । | ऐ.ऐ. |
| रोजगारीको हक | धारा ३३ (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| श्रमको हक | धारा ३४ | (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।<br>स्पष्टीकरण: यस धाराको प्रयोजनका लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ ।<br>(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।<br>(३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ । | ऐ.ऐ. |
| खाद्य सम्बन्धि हक | धारा ३६ | (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।<br>(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।<br>(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । | ऐ.ऐ. |
| आवासको हक | धारा ३७ | (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।<br>(२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन । | ऐ.ऐ. |
| दलितको हक | धारा ४० | (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।<br>(२) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यवसायीक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।<br>(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।<br>(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।<br>(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।<br>(६) राज्यले आवास विहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।<br>(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| सामाजिक न्यायको हक | धारा ४२ | (१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।<br>(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।<br>(३) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।<br>(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।<br>(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ । | ऐ.ऐ. |
| सामाजिक सुरक्षको हक | धारा ४३ | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । | ऐ.ऐ. |
| भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व | धारा ५० (२) | धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने | यो राज्यको उद्देश्य भएको हुँदा राज्यले यो काम गरेन भनेर कुनै पनि अदालतमा प्रश्न उठाउन नपाईने व्यवस्था संविधानको धारा ५५ ले गरेको हुँदा यो विषय राज्यको नैतिक प्रश्नको विषय मात्र भएकाले उपचारका लागि जान सकिदैन । |

| | | | |
|---|---|---|---|
| राज्यका नीतिहरु (विभेद, असमानताको अन्त्य गर्ने) | धारा ५१ (ग) (५) | समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने । | ऐ.ऐ. |
| उत्पीडितको विशेष व्यवस्था गर्ने । | धारा ५१ (ञ) (११) | उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने । | ऐ.ऐ. |
| समावेशी सिद्धान्त बमोजिम हलिया समेटिन सक्ने स्थान | धारा १७६ (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । | ऐ.ऐ. |
| हलियाले आफ्नो मानवअधिकार उल्लंघन भएको अवस्थामा राष्ट्रिय मानवअधिकार आयोग समक्ष निवेदन दिन सक्ने | धारा २४९ (२)(क) | कुनै व्यक्ति वा समूहको मानवअधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने, | ऐ.ऐ. |
| कर्तव्य पालन नगर्ने कर्मचारी लाई उल्लंघनको सिफारिस गर्न सक्ने | धारा २४९ (२)(ख) | मानवअधिकार उल्लंघन रोक्ने जिम्मेवारी पाएको पदाधिकारीले सो कार्य नगरेमा निजलाई विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस राष्ट्रिय मानवअधिकार आयोगले गर्न सक्छ । | ऐ.ऐ. |
| मुद्दा दायर गर्न सिफारिस गर्ने | धरा २४९ (२)(ग) | मानवअधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्था विरुद्ध मुद्दा चलाउनु पर्ने भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने | ऐ.ऐ. |
| समावेशी सिद्धान्त बमोजिम नियुक्त गर्नु पर्ने । | धारा २८३ | संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ । | ऐ.ऐ. |
| सरकारी सेवा | धारा २८५ | सबै सरकारी सेवामा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा पदपुर्ति गरिने छ । | ऐ.ऐ. |

| मानवअधिकार आयोग ऐन, २०६८ मा हलियाको हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| मानवअधिकार उल्लंघन कर्ताको नाम सार्वजनिक गर्ने | दफा ७ | मानवअधिकार उल्लंघन गर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानवअधिकार उल्लंघन कर्ताको रुपमा सार्वजनिक गर्ने । | मानवअधिकार आयोगको काम कर्तव्य । |
| पीडितलाई उद्धार गर्ने तथा राहत उपलब्ध गराउन आदेश दिने | दफा ९ | पीडित व्यक्तिलाई तत्काल राहत उपलब्ध नगराउदा वा उद्धार नगर्दा निजलाई थप क्षति हुन सक्ने देखिएमा आयोगले तत्कालै आन्तरिक राहत उपलब्ध गराउन वा उद्धार गर्न सम्बन्धित निकायलाई आदेश गर्न सक्ने । | ऐ.ऐ. |
| मानवअधिकार उल्लंघनको उजुरी लिने | दफा १० | मानवअधिकार उल्लंघनको अवस्थामा पीडित व्यक्ति वा निजको तर्फबाट कसैले आयोग समक्ष उजुरी दिन सक्ने । | ऐ.ऐ. |
| मेलमिलाप गराउने | दफा १४ | मानवअधिकार उल्लंघन कर्ता र पीडित विच आपसी सहमति भएमा दुई पक्ष विच मेलमिलप गराउन सक्ने । | ऐ.ऐ. |
| निर्णय गर्ने | दफा १५ | मानवअधिकार आयोगमा परेको उजुरी सम्बन्धमा छ महिना भित्र निर्णय गर्नु पर्ने । | ऐ.ऐ. |
| क्षतिपुर्ति समेत तोक्ने | दफा १६ | मानवअधिकार आयोगले निर्णय गर्दा आवश्यक देखिय क्षतिपुर्ति दिनु पर्ने समेत खुलाई निर्णय दिनु पर्ने | ऐ.ऐ. |
| निर्णय कार्यान्वयनको लागि लेखि पठाउने | दफा १७ | आयोगको सिफारिस, निर्णय वा आदेश कार्यान्वयनका लागि सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकाय समक्ष लेखि पठाउनु पर्नेछ । | ऐ.ऐ. |

| राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा हलियाका हक (दलित समेत भएकाले) आकर्षित हुने प्रावधानहरु | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| दलित सम्बन्धि विषयमा नेपाल सरकारलाई सिफारिस गर्ने | दफा ३ (ख) | दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने । | राष्ट्रिय दलित आयोगको काम |
| उजुरी लिने | दफा ८ | कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोगबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ । | राष्ट्रिय दलित आयोगमा उजुरी दिने । |
| प्रारम्भिक छानविन र कारबाही | दफा ९ | दलितको हक प्रयोगबाट वञ्चित गरेको विषयमा प्रारम्भिक छानविन गरी सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई तत्काल सो कार्य रोक लगाउन सक्नेछ । | राष्ट्रिय दलित आयोगको काम |
| मुद्दा दायर गर्न सिफारिस गर्ने | दफा १२ | छानबिन गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा त्यस्तो विषयको मुद्दा गर्ने हद म्यादभित्र आयोगले मुद्दा दायर गर्न महान्यायाधिवक्ता समक्ष सिफारिस गरी त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई समेत दिनु पर्नेछ । | ऐ.ऐ. |
| मेलमिलाप गराउने | दफा १४ | दुई पक्ष विच कानून बमोजिम मेलमिलप गराउन सक्ने भएमा आयोगले मेलमिलाप गराउन सक्ने छ । | ऐ.ऐ. |
| सिफारिस वा निर्णय कार्यान्वयन | दफा १५ | आयोगले संविधान वा यस ऐन बमोजिम गरेको सिफारिस वा निर्णयको कार्यान्वयनका लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई लेखी पठाउनु पर्नेछ । | ऐ.ऐ. |
| काम कारबाहीमा सहयोग गर्नु पर्ने | दफा २४ | आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै निकाय वा पदाधिकारीको सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु त्यस्तो निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ । | ऐ.ऐ. |
| कार्यान्वयनको लागि लेखी पठाउन सक्ने | दफा २५ | संविधान वा यस ऐन बमोजिम कुनै निकाय वा पदाधिकारीले आयोगले दिएको आदेश, आयोगको निर्णय वा सिफारिस जानीजानी कार्यान्वयन नगरेमा वा आयोगलाई आवश्यक सहयोग उपलब्ध नगराएमा आयोगले त्यस्तो निकाय वा अधिकारीको तालुक निकाय वा अधिकारी समक्ष सो विषय कार्यान्वयन गराउनको लागि लेखी पठाउन सक्नेछ । | ऐ.ऐ. |

| मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा हलियाका हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी व्यवस्था** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्न के गर्ने** |
| व्यक्तित्वलाई स्वीकार गर्नु पर्ने | मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा १२ | प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नु पर्नेछ। | देवानी कानूनका सामान्य सिद्धान्त |
| कानून विपरित प्रथा वा परम्परालाई मान्यता नदिइने | ऐ. दफा १५ | कानून विपरीतका प्रथा वा परम्परालाई न्यायको रोहमा मान्यता दिइने छैन । | ऐ.ऐ. |
| कानूनको दृष्टिमा समान हुने | ऐ. दफा १७ | (१) प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने छन् ।<br>(२) कुनै पनि नागरिकलाई कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । | मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा २९ हदम्याद: यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले गिरफ्तार वा थुनिएको हकमा जहिलेसुकै र अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ । |
| भेदभाव गर्न नपाइने | ऐ. दफा १८ | (१) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । | ऐ.ऐ. |
| विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने | ऐ. दफा १९ | दफा १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| स्वतन्त्रता र अधिकार हुन | ऐ. दफा २० | (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन । | ऐ.ऐ. |
| इच्छा विरुद्ध काममा लगाउन नपाइने | ऐ. दफा २४ | कुनै पनि व्यक्तिलाई निजको इच्छा विरुद्ध कुनै काममा लगाउन पाइने छैन । | ऐ.ऐ. |
| व्यक्तिको मान्यता पाउने | ऐ. दफा ३० | प्रत्येक व्यक्तिले जन्मना साथ व्यक्तिको रूपमा मान्यता पाउनेछ र निज जीवित रहेसम्म कानून बमोजिमको अधिकार उपभोग गर्न पाउनेछ । | पीडित व्यक्तिले दफा ४१ (ग) बमोजिम काम उल्लंघन भए गरेको मितिले ६ महिनाभित्र नालिस (सम्बन्धित अदालतमा फिरादपत्र दिई) गर्न सक्नेछ । |
| पारिवारिक जिवन अनतिक्रम्य हुने | ऐ. दफा ६९(३) | प्रत्येक व्यक्तिको पारिवारिक जिवन अनतिक्रम्य हुनेछ । | दफा ८४ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र नालिस (सम्बन्धित अदालतमा फिरादपत्र दिई) गर्न सक्नेछ । |
| जातिय कुल र चलिआएको चलन अनुसारको नातामा विवाह गर्न हुने | ऐ. दफा ७० (२) | प्रचलित कानूनमा जे लेखिएको भएता पनि आफ्नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न वा गराउन कुनै बाधा पर्ने छैन । | ऐ.ऐ. |
| पेशा, व्यवसाय वा काम गर्न रोक्न नहुन | ऐ. दफा ९१ | पति वा पत्नी वा परिवारका कुनै सदस्यले एक अर्कालाई निजको सीप, योग्यता वा क्षमता अनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न हुँदैन । | दफा ९२ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र नालिस गर्न सक्नेछ । |
| छोराछोरी विच भेदभाव गर्न नहुने | ऐ. दफा १२७ | आमा बाबुले आफ्नो छोरा, छोरीको पालनपोषण, शिक्षा तथा दीक्षा, खेलकुद, स्वास्थ्योपचार, मनोरञ्जन, सुविधा वा घरेलु कामकाजमा छोरा वा छोरीको आधारमा वा छोरा छोरा वा छोरी छोरी बीच कुनै किसिमले भेदभाव गर्न हुँदैन । | दफा १३४ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| अदालतले नावालकको संरक्षक नियुक्त गर्न सक्ने | ऐ. दफा १३९ | विशेष अवस्थामा सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिले अदालतमा वा सरोकारवालाले संरक्षक नियुक्त गर्न अदालतमा निवेदन दिएमा अदालतले नावालकको संरक्षक नियुक्त गर्न सक्ने छ । | दफा १५२ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ । |
| अदालतले नावालकको माथवर नियुक्त गर्न सक्ने | ऐ. दफा १५७ | विशेष अवस्थामा सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिले माथवर नियुक्त गर्न अदालतमा निवेदन दिएमा अदालतले नावालकको संरक्षक नियुक्त गर्न सक्ने छ । | दफा १६८ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ । |
| प्रतिकूल भोगाधिकार रहेको मानिने | ऐ. दफा २७३ | (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले अर्को व्यक्तिको चल सम्पत्तिको हकमा तीन वर्ष र जमिनको हकमा तीस वर्षभन्दा बढी समयदेखि त्यस्तो सम्पत्ति वा जमिन आफ्नै सम्पत्ति वा जमिन सरह भोग गरेमा त्यस्ता सम्पत्ति वा जमिनमा निजको प्रतिकूल भोगाधिकार रहेको मानिनेछ । तर,<br>(१) सरकारी, सार्वजनिक, सामुदायिक वा गुठीको जग्गा जतिसुकै समयसम्म भोग गरेको भए तापनि प्रतिकूल भोगाधिकार प्राप्त हुने छैन ।<br>(२) कुनै सम्पत्ति वा जमिनको सम्बन्धमा करार वा अन्य कानूनद्वारा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई कुनै सम्पत्तिमा प्रतिकूल भोगाधिकार प्राप्त भएमा त्यस्तो व्यक्तिले त्यस्तो सम्पत्ति आफ्नो नाममा स्वामित्व कायम गराउन सक्नेछ ।<br>(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वामित्ववालाको जानकारी विना, गोप्य रूपमा वा जबरजस्ती कुनै चल सम्पत्ति वा जमिन भोग गरेकोमा यो दफाको व्यवस्था लागू हुने छैन ।<br>(४) यस दफा बमोजिमको अवधि गणना गर्दा यो ऐन प्रारम्भ भएको मितिबाट गणना गरिनेछ । | दफा २७५ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले एक वर्ष भित्र नालिस गर्न सक्ने छ । |

| | | | |
|---|---|---|---|
| काम गराए वापत ज्याला मजुरी दिनु पर्ने | ऐ. दफा ६४१ | (१) कानून (दफा ६४०) बमोजिम कसैलाई कुनै काममा लगाउँदा काम गर्ने व्यक्तिले आफूखुशीले ज्याला मजुरी बिना काम गर्न मञ्जुर गरेकोमा बाहेक काम लगाउनेले काम गर्नेलाई कामको अनुपातमा ज्याला मजुरी दिनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम ज्याला मजुरी दिँदा काम लगाउने र काम गर्ने व्यक्तिको मञ्जुरीले कुनै खास ज्याला तोकेकोमा सोही बमोजिमको र नतोकेकोमा त्यस्तो काम गरे वापत काम गरेको ठाउँमा चलन चल्तीमा रहेको दर अनुसारको ज्याला मजुरी दिनु पर्नेछ ।<br>(३) उपदफा (१) वा (२) बमोजिम ज्याला मजुरी दिँदा काम लगाउने र काम गर्ने बीच अन्यथा सहमति भएकोमा बाहेक काम सम्पन्न भएपछि ज्याला मजुरी दिनु पर्नेछ ।<br>(४) यस दफा बमोजिम ज्याला मजुरी निर्धारण गर्दा काम गर्ने र काममा लगाउने बीच अन्यथा सहमति भएकोमा बाहेक काम गरेको प्रत्येक दिनलाई आधार मानी ज्याला मजुरी निर्धारण गर्नु पर्नेछ । | ऐ.ऐ. |
| काम लगाउँदा सुरक्षाको व्यवस्था गर्नु पर्ने | ऐ. दफा ६४२ | कसैले कुनै व्यक्तिलाई काममा लगाउँदा त्यस्तो कामको प्रकृति अनुसार काम गर्दा हुन सक्ने जोखिम वा खतरा निवारणका पर्याप्त सुरक्षात्मक उपायहरूको व्यवस्था गरेर मात्र काममा लगाउनु पर्नेछ । | ऐ.ऐ. |
| ८ घण्टा भन्दा बढी काममा लगाउन नहुने | ऐ. दफा ६४३ | (१) कसैले कुनै व्यक्तिलाई काम लगाउँदा सामान्यत: एक दिनमा ८ घण्टाभन्दा बढी अवधिको लागि काम लगाउन सकिने छैन ।<br>(२) उपदफा (१) मा लेखिएभन्दा बढी अवधि कसैलाई कामका लगाउनु पर्दा काम गर्ने व्यक्तिको मञ्जुरी हुनु पर्नेछ र त्यसरी काममा लगाउँदा आठ घण्टालाई एकदिन मानी बढी काम गरेको प्रत्येक घण्टा वापत सोही अनुपातमा थप ज्याला मजुरी दिनु पर्नेछ ।<br>(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि घरेलु सहायकलाई काममा लगाउँदा सो उपदफाको व्यवस्था लागू हुने छैन ।<br>स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि “घरेलु सहायक” भन्नाले घर व्यवहारको काममा आवश्यकता अनुसार जुनसुकै बखत काममा लगाउन सकिने गरी काममा लगाइएको व्यक्ति सम्झनु पर्छ । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| घरेलु सहायक सम्बन्धी विशेष व्यवस्था | ऐ. दफा ६४४ | (१) कसैले घरेलु सहायकको रूपमा कसैलाई काममा लगाएमा काममा लगाउनेले निजका हकमा देहायका शर्तहरू समेत पालना गर्नु पर्नेछः-<br>(क) ज्याला मजुरी मासिक वा वार्षिक रूपमा निर्धारण गरी भुक्तानी गर्नु पर्ने,<br>(ख) काम लगाउनेको हैसियत अनुसार बिहान, दिउँसो र बेलुकी तीन पटक खान तथा मौसम अनुसार लगाउने कपडा दिनु पर्ने,<br>(ग) आफ्नो हैसियत अनुसार उपयुक्त आवास, शौचालय तथा स्नानघर प्रयोग गर्ने सुविधा दिनु पर्ने,<br>(घ) १८ वर्षभन्दा कम उमेरको भए निजले चाहेमा घर व्यवहारको काम हेरी उपयुक्त समयमा अध्ययनको व्यवस्था गर्नु पर्ने,<br>(ङ) बिरामी भएमा निजको स्वास्थ्योपचारको व्यवस्था गर्नु पर्ने, तर सो वापतको खर्च निजको मासिक वा वार्षिक ज्याला मजुरीबाट कट्टा गर्न सकिने छैन ।<br>(च) बिरामी हुँदाका बखत काममा नलगाउने र अन्य अवस्थामा निजको उमेर, क्षमता वा अवस्थाले गर्न नसक्ने काम नलगाउने,<br>(छ) मृत्यु भएमा निजको सदगत तथा सामान्य काज किरियाको लागि लाग्ने खर्च व्यहोर्नु पर्ने,<br>(ज) अमानवीय, अपमानजन्य व्यवहार घरेलु हिंसा नगर्ने,<br>(झ) घरेलु सहायकसँग आफूले मञ्जुर गरेका अन्य शर्त पालना गर्नु पर्ने ।<br>(२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम हुने खर्च घरेलु सहायकको मासिक वा वार्षिक ज्याला मजुरीबाट कट्टा गर्न सकिने छैन् ।<br>(३) कसैले कुनै व्यक्तिलाई घरेलु सहायकमा काम लगाएकोमा त्यसरी काम लगाएको मितिले एक महिनाभित्र सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिलाई लिखित रूपमा जानकारी गराउनु सकिनेछ । | दफा ६४७ बमोजिम मर्का पर्ने व्यक्तिले मुद्दा गर्नु परेको कारण उत्पन्न भएको मितिले तीन महिनाभित्र नालिस गर्न सक्नेछ । |
| काम गर्नेलाई ज्याला मजुरी दिनु पर्ने | ऐ. दफा ६४६ | (१) काम लगाउनेले काममा लगाए वापत दिनु पर्ने ज्याला मजुरी काम गर्ने व्यक्ति वा निजले मञ्जुरी गरेको अन्य कुनै व्यक्तिलाई दिनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम ज्याला मजुरी भुक्तानी हुनु अगावै काम गर्ने व्यक्तिको मृत्यु भएमा निजले पाउने ज्याला मजुरी निजको नजिकको हकवालाले पाउनेछ । | दफा ६४७ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले एक वर्ष भित्र नालिस गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| दुष्कृति गरेको मानिने | ऐ. दफा ६७२ | (१) कसैले आफ्नो वा यस परिच्छेद बमोजिम आफैँले दायित्व वहन गर्नु पर्ने अरू कसैको त्रुटि, हेलचेक्र्याइँ वा लापरवाही जेसुकैबाट भए तापनि गरेको कुनै काम (कमिसन) वा अकर्मण्यता (ओमिशन) बाट कसैको जीउ, ज्यान वा सम्पत्ति वा कानून बमोजिम संरक्षित हक वा हितमा कुनै किसिमले हानि, नोक्सानी पुऱ्याउनु हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको काम वा अकर्मण्यताका सम्बन्धमा पक्षहरू बीच कुनै पूर्व करार सम्बन्ध भएको रहेनछ भने त्यस्तो काम वा हेलचेक्र्याइँको परिणाम स्वरूप उत्पन्न हानि, नोक्सानीलाई दुष्कृति गरेको मानिनेछ ।<br>स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि "अकर्मण्यता" भन्नाले कसैले गर्नु पर्ने काम नगरेको अवस्था सम्झनु पर्छ ।<br>(३) उपदफा (२) बमोजिम दुष्कृति गरेकोमा त्यस्तो कार्य गर्ने व्यक्तिले यस परिच्छेद बमोजिम दायित्व व्यहोर्नु पर्ने छ ।<br>(४) उपदफा (३) बमोजिम दायित्व व्यर्होनु पर्दा दुष्कृतिको मात्राको अनुपातमा अलग अलग दायित्व निर्धारण गर्न सकिएमा सोही बमोजिम र नसकिएमा दुष्कृतिको लागि जिम्मेवार व्यक्ति सबैले समान रूपमा दायित्व व्यहोर्नु पर्नेछ । | दफा ६८४ बमोजिम मर्का पर्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ । |
| काम लगाउने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने | ऐ. दफा ६७५ | (१) आफूले काममा लगाएको घरेलु सहायक, अन्य कामदार वा कर्मचारीले त्यस्तो कामको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैलाई हानि, नोक्सानी भएमा त्यसरी काममा लगाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यसको दायित्व व्यर्होनु पर्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कामदार वा कर्मचारीको हेलचेक्र्याइँ वा वदनियतले गरेको काम वापतको दायित्व त्यस्तो कामदार वा कर्मचारीले व्यर्होनु पर्नेछ । | ऐ.ऐ. |
| अनधिकृत प्रवेशको दायित्व व्यहोर्नु पर्ने | ऐ. दफा ६८० | कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्नेछ ।<br>स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "अनधिकृत प्रवेश" भन्नाले अचल सम्पत्ति भए अर्काको हक, भोगचलन वा स्वामित्वमा रहेको सम्पत्तिमा गैरकानूनी प्रवेश, त्यसको उत्पादनको कब्जा अनधिकृत क्षति, हस्तक्षेप वा गैरकानूनी खिचोला र चल सम्पत्ति भए<br>अर्काको हक, भोगचलन वा स्वामित्वमा रहेको सम्पत्ति जबरजस्ती कब्जा गर्ने, लैजाने, त्यसबाट प्राप्त लाभ लिने वा भोगचलन गर्नलाई बाधा विरोध गर्ने काम सम्झनु पर्छ र सो शब्दले कुनै पनि किसिमको सम्पत्तिलाई अनधिकृत रूपमा नियन्त्रण गर्ने काम समेतलाई जनाउँछ । | ऐ.ऐ. |
| दायित्व वापत क्षतिपूर्ति व्यहोर्नु पर्ने | ऐ. दफा ६८२ | (१) यस परिच्छेद बमोजिम भएको दुष्कृति वापतको दायित्व व्यहोर्नु पर्दा दृष्कृति गर्नेले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ । | ऐ.ऐ. |

| मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ मा हलियाका हक आकर्षित हुने प्रावधानहरु | | | |
|---|---|---|---|
| **कानूनी व्यवस्था** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने के गर्ने** |
| कसूरको गम्भीरता बढाउने अवस्था | मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ को दफा ३८ | (ठ) आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्ति वा जिम्मामा रहेको सम्पत्तिको बिरुद्ध कसूर गरेको,<br>(त) कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको,<br>(ध) कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै विनाश गर्ने जातिहत्या (जेनोसाइड) को उद्देश्यले कसूर गरेको,<br>(प) मानवता विरुद्धको कसूर गरेको, | अदालतबाट कसुर स्थापित भए पछि कति सजाय गर्ने भन्ने कुरामा यो अवस्थाले सजायको मात्र बढाउने गर्दछ । |
| सार्वजनिक शान्ति खलल पार्न नहुने | ऐ. दफा ६५ | (१) कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरु कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति, सम्प्रदाय वा भाषाको आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरुका बीचको सुसम्बन्धमा खलल पार्ने काम गर्न हुँदैन ।<br>(२) यस्तो काम गर्नेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(३) कुनै देवस्थल वा पूजा वा प्रार्थना गर्ने ठाउँ वा धार्मिक, साँस्कृतिक चाड वा समारोह भइरहेको ठाउँमा गरेको भए उपदफा (२) बमोजिमको सजायमा थप एक वर्षसम्म कैद हुनेछ । | दफा ७४ बमोजिम त्यस्तो कसूर भएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन । |
| भेदभावपूर्ण व्यवहार गर्न नहुने | ऐ. दफा १६० | (१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिक माथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |
| भेदभाव गरी बस्तु वा सेवा खरिद बिक्री वा वितरण गर्न नहुने | ऐ. दफा १६१ | (१) कसैले कुनै बस्तु वा सेवाको खरिद वा बिक्री वितरण गर्दा गराउँदा कुनै खास जात, जाति वा सम्प्रदायको व्यक्तिबाट मात्र वा त्यस्ता व्यक्तिलाई मात्र खरिद वा बिक्री वितरण गर्ने वा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई उपलब्ध नगराउने वा बिक्री वितरण नगर्ने कार्य गर्न हुँदैन ।<br>तर आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको हित संरक्षण वा विकासका लागि कानून बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई कुनै खास वस्तु वा सेवा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई मात्र उपलब्ध गराएकोमा वा बिक्री वितरण गरेकोमा यस दफा बमोजिम कसूर गरेको मानिने छैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |

| | | | |
|---|---|---|---|
| जवर्जस्ती काममा लगाउन नहुने | ऐ. दफा १६२ | (१) कसैले कसैलाई निजको इच्छा बिरुद्ध काममा लगाउन हुँदैन । <br> तर सार्वजनिक कामको लागि कानून बमोजिम श्रममा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन । <br> (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले ६ महिना नाघेपछि उजुर लाग्ने छैन । |
| दास बनाउन नहुन | ऐ. दफा १६३ | (१) कसैले कुनै व्यक्तिलाई दास वा कमारा, कमारी बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन हुँदैन । <br> (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँचदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ । | दफा १७० बमोजिम यो कसूरमा जहिले सुकै उजुर लाग्नेछ । |
| बन्धक बनाउन वा बाँधा राख्न नहुने | ऐ. दफा १६४ | (१) कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफल बापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन हुँदैन । <br> (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ । | ऐ.ऐ. |
| सामाजिक रीति स्थितिमा खलल पार्न नहुने | ऐ. दफा १६५ | (१) कसैले कसैको सामाजिक रीति स्थितिमा खलल पर्ने वा खलल हुने गरी झुक्याई वा जबर्जस्ती गरी कुनै काम गर्न वा गराउन हुँदैन । <br> स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि जातीय भेदभाव हुने रीतिस्थितिलाई सामाजिक रीतिस्थिति मानिने छैन । <br> (२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |
| जातिपातिको आधारमा छुवाछूत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने | ऐ. दफा १६६ | (१) कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पतिको आधारमा छुवाछूत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न बञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट बञ्चित गर्न हुँदैन । <br> (२) उदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |

| | | | |
|---|---|---|---|
| यातना दिन नहुने | ऐ. दफा १६७ | (१) प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन हुँदैन ।<br>स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि पक्राउ परेको, नियन्त्रणमा रहेको, हिरासत, थुना, कैद वा नजरबन्द वा आफ्नो सुरक्षामा रहेको कुनै व्यक्ति वा त्यस्तो व्यक्तिको कारणले अन्य कुनै व्यक्तिलाई देहायको उद्देश्यले जानीजानी शारीरिक वा मानसिक पीडा वा कष्ट पुर्‍याएमा वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिएमा त्यस्तो व्यक्ति उपर यातना दिएको वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेको मानिनेछ :-<br>(क) कुनै विषयमा जानकारी हासिल गर्ने,<br>(ख) कुनै कसूरमा साबित गराउने,<br>(ग) कुनै कार्यको लागि दण्ड दिने,<br>(घ) जोर जुलुम वा त्रास देखाउने, वा<br>(ङ) कानून विपरीतका अन्य कुनै कार्य गर्ने ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको गम्भीरता हेरी ५ वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>(३) उपदफा (१) बमोजिमको कसूर गर्न आदेश दिने व्यक्ति वा यस दफा बमोजिमको कसूर गर्न सहयोग गर्ने मतियारलाई मुख्य कसूरदार सरह सजाय हुनेछ ।<br>(४) उपदफा (१) बमोजिम कसूर गर्ने कुनै व्यक्तिले आफूभन्दा माथिका अधिकारीको आदेश पालना गरी त्यस्तो कसूर गरेको भन्ने दावी लिन पाउने छैन र निजले त्यस्तो आधारमा त्यस्तो कसूर गरे बापत हुने सजायबाट उन्मुक्ति पाउने छैन । | दफा १७० बमोजिम यो कसूरमा त्यस्तो कसूर भएको वा सम्बन्धित व्यक्ति पक्राउ, नियन्त्रण, हिरासत, थुना, कैद वा नजरबन्दबाट मुक्त भएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |
| अपमान जनक वा अमानवीय व्यवहार गर्न नहुने | ऐ. दफा १६८ | (१) कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउनु हुँदैन ।<br>स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि देहाय बमोजिमका कामलाई अपमानजनक वा अमानवीय व्यवहार मानिनेछ :-<br>(क) बोक्सा बोक्सीको आरोप लगाउने,<br>(ख) बोक्सा बोक्सीको आरोप लगाई बसोबास गरेको ठाँउबाट निकाला गर्ने,<br>(ग) सामाजिक बहिष्कार गर्ने, वा<br>(घ) अन्य जुनसुकै काम गरी क्रुर, अमानवीय वा अपमानजन्य व्यवहार गर्ने ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(३) महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन ।<br>(४) उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>(५) राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |

| | | | |
|---|---|---|---|
| क्षतिपूर्ति भराई दिनु पर्ने | ऐ. दफा १६९ | यस परिच्छेद बमोजिमको कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |
| आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्न नहुने | ऐ. दफा २२२ | (१) कसैले आफूले संरक्षण वा सुरक्षा दिएको वा आफ्नो हेरविचारमा रहेको कुनै व्यक्तिसँग करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न वा होस ठेगानमा नरहेको वा शारीरिक वा मानसिक रोग लागि उपचार वा पुन:स्थापना गर्ने कुनै संस्थामा राखिएको कुनै व्यक्तिसँग त्यस्तो संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गर्न हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुनेछ र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ । | दफा २२९ बमोजिम यस्तो कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्षभित्र नाघेपछि उजुर लाग्ने छैन । तर थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्ति विरुद्ध कसूर भएकोमा थुना, नियन्त्रण अपहरण वा शरीर बन्धकबाट मुक्ति पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन । |
| कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्न नहुन | ऐ. दफा २२३ | (१) सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यावसायिक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै व्यक्तिसँग त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारी वा त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| अरुको आवासमा अनाधिकृत प्रवेश गर्न नहुने | ऐ. दफा ३०२ | (१) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेशले बाहेक कसैले अरुको घरमा सम्बन्धित घर धनीको स्वीकृति विना अनधिकृत रुपमा प्रवेश गर्न, घर धनी वा निजको परिवारको गोप्यता भङ्ग गर्न वा त्यस्तो घरको खानतलासी गर्न वा गराउन हुँदैन ।<br>स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "घर" भन्नाले कुनै व्यक्तिले बसोबास गरेको घर, निवास, आवास, कोठा सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिले रात विताउने गरी बसेको होटेल कोठा, शिविर र पाल समेतलाई जनाउँछ ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा ३०४ बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन । |
| गाली गर्न नहुने | ऐ. दफा ३०५ | कसैले कसैलाई गाली गर्न हुँदैन । गाली गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा ३०८ बमोजिम त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन । |
| बेइज्जती गर्न नहुने | ऐ. दफा ३०६ | कसैले कसैको बेइज्जती गर्न हुँदैन । गरेमा सजाय दफा ३०७ अनुसार :<br>(१) कसैले कसैको बेइज्जती गरे वा गराएमा निजलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तर विद्युतीय वा अन्य आम सञ्चारका माध्यमबाट बेइज्जती गरे वा गराएमा त्यस्तो सजायमा थप एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(२) कसैले कसैलाई बेइज्जती गरे वा गराएको ठहरिएमा बेइज्जती गरिएको व्यक्तिलाई कसूरको गम्भीरता, त्यस्तो व्यक्तिको प्रतिष्ठामा पर्न गएको असर तथा विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट बेइज्जती गरेको भएमा त्यस्तो कुरा समेतलाई विचार गरी कसूरदारबाट मुनासिब क्षतिपूर्ति र त्यस्तो व्यक्तिलाई कसूरदारबाट मुद्दामा लागेको खर्च समेत भराउनु पर्नेछ ।<br>(३) मरिसकेको कुनै व्यक्तिलाई यस परिच्छेद बमोजिम बेइज्जती गरेको ठहरिएमा कसूरदारबाट त्यस्तो बेइज्जतीबाट भावनामा चोट लागेको निजको नजिकको हकवालालाई त्यस्तो क्षतिपूर्ति र मुद्दामा लागेको खर्चको रकम भराई दिनु पर्नेछ । | ऐ.ऐ. |

| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा हलियाका हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| गाउँपालिका तथा नगरपालिकाको स्थानिय न्यायिक समितिमा उजुरी दिन सकिने । | दफा ४७ (१) | (घ) ज्याला मुजुरी नदिएको ।<br>(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापुर्व देखि सार्वजनिक रुपमा प्रयोग हुदै आएको वाटो, वस्तुभाउ निकाल्ने निकास, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यस्टी स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको । | यस्तो विषयमा पीडित व्यक्तिले सम्बन्धित गाउँपालिका वा नगरपालिकामा उजुरी निवेदन दिन सक्छ र सो निवेदन उपर न्यायीक समितिले आफ्नो फैसला दिनेछ । |
| ऐ.ऐ. | दफा ४७ (२) | (ङ) गाली बेइज्जती,<br>(च) लुटपीट<br>(झ) अरुको घरमा अनधिकृत प्रवेश गरेको विषयको विवादमा स्थानिय तहको न्यायिक समितिले मेलमिलापको माध्यम द्वारा विवादको अन्य गराउन सक्छ । | यस्तो विषयमा पीडित व्यक्तिले सम्बन्धित गाउँपालिका वा नगरपालिकामा उजुरी निवेदन दिन सक्छ र सो निवेदन उपर न्यायीक समितिले मेलमिलापको माध्यमबाट विवादको निरोपण गर्नेछ |

| छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ (पहिलो संशोधन २०७५) मा हलिया (दलित समेत भएकाले) समेतका हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनले निषेध गरेका कुरा** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| जातिय भेदभाव वा छुवाछूत गर्न नहुने | दफा ४ | कसैले जात, जाति, वंश वा समुदायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्न वा गराउन हुँदैन । | यस्तो कसुर ऐनको दफा ११ बमोजिम सरकार बादी हुने फैजदारी कसुर भएकाले यस्तो कसुर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसको सुचना, उजुरी, जाहेरी नजिकको प्रहरी कार्यालयमा दिन सक्छ (दफा ५) । ऐनको दफा ५ (१४) बमोजिम प्रहरीले कुनै कारबाही नगरेको अवस्थामा सो विषयको उजुरी राष्ट्रिय दलित आयोग वा स्थानिय तहमा समेत दिन सकिन्छ । |
| जातिय भेदभाव वा छुवाछूत गर्नेलाई सजाय सम्बन्धि व्यवस्था | दफा ७ | तिन महिना देखि तिन वर्ष सम्म कैद र पचास हजार रुपौयाँ देखि दुई लाख रुपौयाँ सम्म जरिवाना वा दुवै सजाय | अदालतको फैसला अन्तिम हुँदा ठहरेको सजाय अनुसार । |

| | | | |
|---|---|---|---|
| एकै व्यक्तिले अपराध दोहऱ्याएमा दोव्वर सजाय | ७(१क) | दोहोऱ्याई कसुर गर्नेलाई पटकै पिच्छे दफा ७ बमोजिम को सजायको दोब्बर सजाय हुने । | ऐ.ऐ. |
| क्षतिपुर्ति भराउन सक्ने | दफा ९ | पीडितलाई अदालतले फैसला गर्दा दुई लाख सम्म क्षतिपुर्ति भराई दिन सक्नेछ । साथै पीडितको मनासिव हानी नोक्सानी र उपचार खर्च कसुरदारबाट पीडितलाई भराउने आदेश दिन सक्ने छ । | क्षतिपुर्ति अदालतको फैसला अन्तिम हुँदा ठहरेको अनुसार र उपचार खर्च कुनै पनि समयमा अदालतले आदेश गरी भराउन सक्ने । |
| प्रचलित कानून बमोजिम पनि कारबाही हुन बाधा नपर्ने | दफा १३ | प्रचलित कानून बमोजिम सजाय हुने कसुर रहेछ भने सो कानून अनुसार पनि कारबाही गर्न यस कानूनले बाधा नपार्ने । | यस अपराधमा अन्य कानून अनुसार पनि अपराध मानिएको भएमा सो अनुसार कारबाही चलाउन सकिने । |

| कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ मा हलियाका हक (हलिया पनि बधुवा मजदुर नै भएकाले) आकर्षित हुने प्रावधानहरु | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| कमैयाश्रमिकको परिभाषा | कमैया श्रम (निषेध गर्ने) बनेको ऐन २०५८ दफा २ (ख) | "कमैया श्रमिक" भन्नाले भैंसवार, गैवार, वर्दिकार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्तिलाई जनाउँछ । | यस सम्बन्धि सुचना वा उजुरी मुक्त कमैया पुन:स्थापना तथा अनुगमन समिति समक्ष दिन सकिन्छ । |
| वंधुवा मजदुर स्वत: मुक्त हुन | कमैया श्रम (निषेध गर्ने) बनेको ऐन २०५८ दफा ३ | हरेक व्यक्ति जो वंधुवा मजदुरको रुपमा कार्यरत छन यो ऐन प्रारम्भ भएपछि स्वत: मुक्त हुनेछन् | यस सम्बन्धि सुचना वा उजुरी मुक्त कमैया पुन:स्थापना तथा अनुगमन समिति समक्ष दिन सकिन्छ । यस ऐनको दफा १५ अनुसार कसैले यस ऐन विपरीत कुनै काम गरेमा सो कामबाट पीडित व्यक्ति स्वंयले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय निकायका पदाधिकारीले आफूसंग भएसम्मका सबूद प्रमाण संलग्न गरी मुद्दा हेर्ने अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष लिखित उजुरी वा मौखिक सूचना गर्न सक्नेछ । |
| वंधुवा मजदुर कमैया श्रमिकको रुपमा राख्न नपाउन | कमैयाश्रम (निषेध गर्ने) बनेको ऐन २०५८ दफा ४ | कसैले पनि कुनै पनि व्यक्तिलाई यो ऐन प्रारम्भ भएपछि वंधुवा मजदुर कमैया श्रमिकको रुपमा राख्न नपाउने र काममा लगाउन निषेध गरेको छ । | यस ऐनको दफा १५ अनुसार कसैले यस ऐन विपरीत कुनै काम गरेमा सो कामबाट पीडित व्यक्ति स्वंयले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय निकायका पदाधिकारीले आफूसंग भएसम्मका सबूद प्रमाण संलग्न गरी मुद्दा हेर्ने अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष लिखित उजुरी वा मौखिक सूचना गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| लिखत वा सम्झौता रद्द हुन | कमैया श्रम (निषेध गर्ने) बनेको ऐन २०५८ दफा ६ | प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणदाता र कमैया श्रमिक बीच कमैया ऋण लिने दिने सम्बन्धमा भएको लिखत वा लिखित वा अलिखित सम्झौता यो ऐन प्रारम्भ भएपछि स्वतः रद्द हुनेछ । | यस सम्बन्धि सुचना वा उजुरी मुक्त कमैया पुनःस्थापना तथा अनुगमन समिति समक्ष दिन सकिन्छ । यस ऐनको दफा १५ अनुसार कसैले यस ऐन विपरीत कुनै काम गरेमा सो कामबाट पीडित व्यक्ति स्वंयले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय निकायका पदाधिकारीले आफूसंग भएसम्मका सबूद प्रमाण संलग्न गरी मुद्दा हेर्ने अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष लिखित उजुरी वा मौखिक सूचना गर्न सक्नेछ । |
| बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नु पर्ने । | कमैया श्रम (निषेध गर्ने) बनेको ऐन २०५८ दफा७ | ऋणदाताले कमैया श्रमिकलाई कमैया ऋण दिंदा कुनै सम्पत्ति बन्धक वा जमानतमा लिएको भए यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र बन्धक वा जमानत लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ । | यस सम्बन्धि सुचना वा उजुरी मुक्त कमैया पुनःस्थापना तथा अनुगमन समिति समक्ष दिन सकिन्छ । यस ऐनको दफा १५ अनुसार कसैले यस ऐन विपरीत कुनै काम गरेमा सो कामबाट पीडित व्यक्ति स्वंयले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय निकायका पदाधिकारीले आफूसंग भएसम्मका सबूद प्रमाण संलग्न गरी मुद्दा हेर्ने अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष लिखित उजुरी वा मौखिक सूचना गर्न सक्नेछ । |
| मुक्त कमैया कोषको व्यवस्था | कमैया श्रम (निषेध गर्ने) बनेको ऐन २०५८ दफा १२ | (१) मुक्त कमैयाको हकहितको सम्बन्धमा आवश्यक काम गर्नको लागि एक कोष रहने छ र सो कोषमा देहायका रकमहरु रहने छन्:- (क) नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त रकम, (ख) विदेशी व्यक्ति, सरकार वा संघ संस्थाबाट नेपाल सरकार मार्फत् प्राप्त रकम, (ग) अन्य स्रोतबाट प्राप्त रकम । (२) कोषमा जम्मा भएको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिने छ । (३) कोषको सञ्चालन नेपाल सरकारले तोकेको प्रक्रिया अपनाई समितिको निर्देशनमा कल्याणकारी अधिकृतले गर्नेछ । | यस सम्बन्धि सुचना वा उजुरी मुक्त कमैया पुनःस्थापना तथा अनुगमन समिति समक्ष दिन सकिन्छ । |
| बसोबास तथा रोजगारको व्यवस्था गर्ने | कमैया श्रम (निषेध गर्ने) बनेको ऐन २०५८ दफा १२ | नेपाल सरकारले मुक्त कमैयालाई तोकिए बमोजिम बसोबास, रोजगार तथा आय आर्जनको व्यवस्था गर्नेछ । | यस सम्बन्धि सुचना वा उजुरी मुक्त कमैया पुनःस्थापना तथा अनुगमन समिति समक्ष दिन सकिन्छ । |
| वंधुवा मजदुर कमैया श्रमिकको रुपमा राख्न नपाउन | कमैया श्रम (निषेध गर्ने) बनेको ऐन २०५८ दफा ४ | कसैले पनि कुनै पनि व्यक्तिलाई यो ऐन प्रारम्भ भएपछि वंधुवा मजदुर कमैया श्रमिककोरुपमा राख्न नपाउने र काममा लगाउन निषेध गरेको छ । | यस ऐनको दफा १५ अनुसार कसैले यस ऐन विपरीत कुनै काम गरेमा सो कामबाट पीडित व्यक्ति स्वंयले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय निकायका पदाधिकारीले आफूसंग भएसम्मका सबूद प्रमाण संलग्न गरी मुद्दा हेर्ने अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष लिखित उजुरी वा मौखिक सूचना गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| न्यूनतम ज्यालादर भन्दा कम ज्याला दिने गरी काममा लगाउन नहुने | कमैयाश्रम (निषेध गर्ने) बनेको ऐन २०५८ दफा १३(२) | कसैले पनि कृषि श्रमिकलाई ज्याला नदिई वा कानूनले तोके बमोजिम निर्धारित न्यूनतम ज्यालादर भन्दा कम ज्याला दिने गरी काममा लगाउन हुँदैन । | यस ऐनको दफा १५ अनुसार कसैले यस ऐन विपरीत कुनै काम गरेमा सो कामबाट पीडित व्यक्ति स्वंयले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय निकायका पदाधिकारीले आफूसंग भएसम्मका सबूद प्रमाण संलग्न गरी मुद्दा हेर्ने अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष लिखित उजुरी वा मौखिक सूचना गर्न सक्नेछ । |
| मुक्त कमैया पुन:स्थापन कार्यक्रम | आ. व. २०७१/२०७२ वार्षिक नीति र कार्यक्रम । | २०५२/५३ देखि भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत मुक्त कमैया पुन:स्थापना तथा वृत्ति विकास कार्यक्रम सञ्चालन गरी कमैयाहरुको जीविको पार्जनमा सहयोग पुर्‍याउँदै आएको छ । विभिन्न सीपविकास तथा दक्षता अभिवृद्धि तालिम मार्फत कमैयाहरुको शैक्षिक सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनको लागि विभिन्न प्रयासहरु भएका छन् । | विषयगत सरकारी निकायमा ध्यान आकर्षण गराउने |
| पुन:स्थापना तथा वृत्ति विकासका प्रयासहरु | आ. व. २०७१/२०७२ वार्षिक निती र कार्यक्रम । | - कमैया आवास निर्माण उपभोक्ता समिति ।<br>- जिल्ला कमैया बसोबास समिति ।<br>- जिल्ला कमैया ऋृण मोचन समिति ।<br>- समन्वय तथा अनुगमन समिति ।<br>- जिल्ला समन्वय तथा अनुगमन समिति ।<br>- राहत वितरण । | विषयगत सरकारी निकायमा ध्यान आकर्षण गराउने |
| मुक्त कमैया पुन:स्थापनाका लागि अनुदान | आ. व. २०७१/२०७२ वार्षिक निती र कार्यक्रम । | घरजग्गा विहिन क र ख वर्गका परिचयपत्र प्राप्त मुक्त कमैया परिवारका लागि जग्गा तथा आवास अपलब्ध गराउन पुन:स्थापना कार्यक्रम संचालनमा रहेको छ । साविकमा सरकारी सार्वजनिक, ऐलानी जग्गा उपलब्ध गराउने गरिएकोमा यस्ता जग्गाका अभावमा २०६८ सालबाट जग्गा खरिद गर्न प्रति परिवार रु १ लाख ५० हजारका दरले अनुदान दिइने कार्यक्रम रहेकोमा नेपाल सरकार मन्त्रि परिषद्को मिति २०७२/०५/१४ को निर्णयानुसार जग्गा खरिद गर्न प्रति परिवार रु २ लाख दिने निर्णय भएको छ । चालु आ.व. मा १४२० परिवारका लागि जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको छ । | विषयगत सरकारी निकायमा ध्यान आकर्षण गराउने |

| | | | |
|---|---|---|---|
| सट्टाभर्नाको विवरण | आ. व. २०७१/२०७२ वार्षिक निती र कार्यक्रम। | मुक्त कमैया पुनःस्थापना गर्दा वितरण गरिएका जग्गाहरु बाढी पहिरो तथा अन्य विभिन्न कारणले गर्दा बसोबास गर्न सक्ने अवस्था नभएकोले तत्कालिन जिल्ला समितिको निर्णयानुसार प्रदान गरिएका जग्गा बदर गरी सट्टाभर्ना वापत अन्यत्र जग्गा उपलब्ध गराइएको छ। | विषयगत सरकारी निकायमा ध्यान आकर्षण गराउने |
| घर निर्माण खर्च वितरण | आ. व. २०७१/२०७२ वार्षिक निती र कार्यक्रम। | घर निर्माण खर्च स्वरुप पुनःस्थापना गर्नुपर्ने वर्गका मुक्त कमैया परिवारलाई प्रति परिवार रु १०,००० का दरले उपलब्ध गराउने नीति छ। | विषयगत सरकारी निकायमा ध्यान आकर्षण गराउने |
| काठ वितरण | आ. व. २०७१/२०७२ वार्षिक निती र कार्यक्रम। | पुनःस्थापना गरिएका परिवारका लागि घर निर्माण गर्न प्रति परिवार ३५ क्यु. फिट का दरले काठ वितरण गर्ने कार्यकम छ। | विषयगत सरकारी निकायमा ध्यान आकर्षण गराउने |

| श्रम ऐन, २०४८ मा हलियाका हक आक्रसित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी व्यवस्था** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| श्रमिकका विशेष सुविधा | श्रम ऐन, २०४८ | १.न्यूनतम पारिश्रमिकः कुनै पनि कमैया, हलियाको प्रचलित न्यूनतम पारिश्रमक कति हो, किटान गर्नुपर्ने।<br>२. पारिश्रमिक भुक्तानीः सहमति अनुसारको पारिश्रमिक नियमित रुपमा भुक्तानी दिनुपर्ने हुन्छ।<br>३. नियुक्तिः काम गर्न अनिवार्य रुपमा पारिश्रमिक र कार्य-समय खुलाई नियुक्ति दिनुपर्ने हुन्छ।<br>४. ओभरटाइमः ओभरटाइम काममा लगाइएमा सोको भुक्तानी दिनुपर्ने।<br>५. बिदा र स्वास्थ्य सुरुक्षाः कामदारलाई बिदा दिने र कार्यस्थलका कारण कामदारको स्वस्थ्यमा प्रतिकूल असर पर्न नहुने। | दफा ५१ यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा श्रम कार्यालय वा सो कार्यालयको अनुमति प्राप्त व्यक्तिको वा पीडित वा सरोकारवाला वा सम्बन्धित ट्रेड युनियनको उजूरीबाट मुद्दा दायर हुन सक्नेछ।<br>(२) यस ऐन अन्तर्गतको सजाय हुने कसूरको सम्बन्धमा सो मितिले तीन महिना भित्र दायर गर्नु पर्नेछ।<br>(३) यस ऐन अन्तर्गतको कसूर गरे बापत यस ऐनको दफामा सजाय गर्ने अधिकारी तोकिएकोमा सोही अधिकारी समक्ष र सो बाहेक अरू कसूर सम्बन्धी मुद्दा श्रम अदालतमा दायर गर्नु पर्नेछ। |

| हलिया पुनःस्थापना कार्यक्रमका प्रमुख प्रावधानहरू | | | |
|---|---|---|---|
| **पुनःस्थापना कार्यक्रमका प्रावधान** | **कानूनी व्यवस्था कहाँ छ** | **व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| केन्द्रिय समिति | | भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रिको अध्यक्षतामा मुक्त हलिया पुनःस्थापना समस्या सामाधान समिति | सम्बन्धित समितिमा सुचनाको हक अन्तर्गत रहेर सुचना माग गर्ने । |
| जिल्ला स्तरिय समिति | | मुक्त हलिया पुनःस्थापना जिल्ला समिति सम्पर्क कार्यालय मालपोत कार्यालय र प्रमुख मालपोत अधिकृत । | ऐ.ऐ. |
| कार्यक्रम | | जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारी संयोजक रहेको र राष्ट्रिय मुक्त हलिया समाज महासंघका प्रतिनिधिहरु समेत रहने गरी मुक्त हलिया पुनःस्थापना कार्यक्रम सञ्चालन । | ऐ.ऐ. |
| जिल्ला स्तरिय समितिले गरेका कार्यहरु | | मुक्ति हलियाको तथ्याङ्क संकलनका लागि निवेदन माग गर्ने, निवेदनका आधारमा लगत प्रमाणिकरण गरी उनीहरुलाई वर्गिकरण (४ वर्गमा) गर्ने, परिचयपत्र वितरण गर्ने, कानून | ऐ.ऐ. |
| पुनःस्थापना कार्यक्रम अन्तर्गत | | जग्गा खरिद गर्ने, घर मर्मत र घर निर्माणलाई रकम अनुदान दिने तथा स्वरोजगार उन्मुख (हाल सम्म १००० जनालाई १० वटा सिपको तालिम दिईएको छ) तालिम दिने । | ऐ.ऐ. |
| जग्गा वितरण | | हाल पहाडमा ३ रोपनी र तराईमा २ कठ्ठा जग्गा वितरण गरिदै आएको छ । | ऐ.ऐ. |

| अदालत निर्मित (नजिर) कानूनमा हलियाका हक विषयक फैसलाहरू | | | |
| --- | --- | --- | --- |
| संरक्षीत हक | नजिरको सिद्धान्त कहाँ प्रतिपादन गरीएको छ | नजिरको व्यवस्था कस्तो छ | कानूनी उपचार प्राप्त गर्ने कार्यविधि |
| राज्यको कर्तव्य र दात्यिव | उत्तम टमाट समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय समेत, (नेकाप २०६४ माघ, नि.नं. ७८९५ पृष्ठ ...) | सबै मुक्त कमैयाहरूको संरक्षण सशक्तिकरण र विकासको लागि कानून बनाई विशेष व्यवस्था गर्नका साथै त्यस्ता वर्गको उत्थानको लागि विशेष आर्थिक कार्यक्रम एवं नीति बनाई लागू गर्नु पर्ने प्रमुख कर्तव्य राज्यको हुने ।<br>- राज्यको निर्दिष्ट सिद्धान्तको व्यवस्थालाई ध्यानमा राखी कुनै खास जातिका आधारमा भेदभाव नगरी मुक्त कमैयाहरूको सशक्तिकरण र विकास तथा पुनःस्थापना समेत गर्न समिति गठन गर्नुपर्ने ।<br>- संविधान र कानूनले कमैया प्रथा मुक्त गर्दैमा मुक्त कमैयाहरू सबै हक अधिकार एवं स्वतन्त्रता उपभोग गर्न सक्षम नहुने र शताब्दीऔं अगाडिदेखि शोषित र हक अधिकारबाट वञ्चित, एवं शिक्षा हासिल गर्नबाट वञ्चित वर्गलाई केही अवधी सम्म राज्यको संरक्षणको आवश्यकता पर्ने ।<br>- तत्कालीन संविधानको धारा ११ को प्रतिवन्धात्मक वाक्यांश र वर्तमान संविधानको धारा १३ लगायतका धाराहरूमा राज्यले मुक्त कमैयाहरूलाई विशेष सुरक्षित वर्ग मानी त्यस्ता वर्गको हितको लागि विशेष व्यवस्था गरेको हो तर देशभरका सबै कमैयाहरूको लागि समिति समेत गठन भएको देखिँदा संविधान र ऐनको उद्देश्य प्राप्तिको लागि कमैया जाति लगायत कुनैपनि जातिलाई भेदभाव नहुने गरी सबै जिल्लाका सबै वर्गलाई समावेश गर्ने गरी देशको अन्य भागमा समेत समितिहरू बनाई उल्लेखित वर्ग र जातको उत्थानको लागि संविधानले संरक्षण दिए बमोजिम आवश्यक कारबाही गर्नु भनी परमादेशको आदेश जारी हुने । | निवेदनमा थारू जातीलाई मात्र समितिले समावेश गरेको अन्य जातीका हलिया, कमैयाहरूलाई नसमेटेको भन्ने जिकिर लिए परमादेशको आदेश जारि गरी पाउँ भन्ने रिट निवेदनमा सम्मानित स.अ.ले रिट जारि गरी प्रस्तुत ओश गरेको हुँदा नेपालको संविधानको धारा १२८ अनुसार सर्वोच्च अदालतको अन्तिम आदेश कानून सरह हुने हुँदा संविधान र कानून बमोजिम उपचार प्राप्त गर्न सकिन्छ । |

| | | | |
|---|---|---|---|
| हलियाहरुको पुनःस्थापना गर्न भनि सरकार समेतको नाममा दिइएको निर्देशनात्मक आदेश | डुमरे कामि समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय समेत, मु.नं. ०७०-WO-०९०५ फैसला मिति २०७४/१२/१४ | हलियाका प्रतिनिधिको सहभागितामा एउटा उच्च स्तरिय आयोग मार्फत उनीहरुको पुनःस्थापना गर्नु पर्ने देखिदा सो आयोग स्थापना गरि सो आयोगलाई स्पष्ट कार्यदिशा र कार्यविधि समेत तोकी पुनःस्थापनाको कार्य सम्पन्न गर्नु पर्ने हुन आयो ।<br>तसर्थ हलियाहरुको संलग्नतामा एउटा अधिकार सम्पन्न उच्चस्तरिय हलिया पुनःस्थापना आयोग खडा गरि सरकरले पहिचान गरेका सुर्खेत, जाजरकोट, हुम्ला, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, डोटी, अछाम, बझाङ्ग, बाजुरा र दार्चुला समेतका जिल्लाहरुमा रहेका हलियाहरुको हक संरक्षणको सन्दर्भमा उनीहरुले पेश गरेका ११ बुँदा माग समेत हेरी त्यसको पुष्ट भुमीमा हलियाहरुको पहिचान, वर्गीकरण, परिचयपत्र वितरण, गर्ने सन्दर्भमा हाल सम्म भएका कार्य पुरा गर्ने साथै पुनःस्थापनाको निम्ति बसोबासको न्युनतम आवश्यकता पुरा गर्न भुकम्प प्रतिरोधी घर, खेतीको लागि उनीहरुलाई सुविधा पुग्ने ठाउँमा खोलो पहिरोको जोखिम नभएको र राम्रो उर्वरा शक्ति भएको खेती योग्य जग्गा प्रदान गर्ने, आय आर्जन अवसरहरु सृजना गर्ने, सो नभए सम्म र जग्गा उब्जनि नआए सम्मको अवधिको लागि पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने, स्वस्थ्यको सुरक्षा र छोराछेरीको शिक्षा दीक्षाको प्रबन्ध समेत मिलाई पारदर्शी हिसाबले समस्त कार्यहरु आदेश प्राप्त भएको मितिले तिन महिना भित्र प्रारम्भ गरी तिन वर्ष भित्र सम्पन्न गर्नु भनि विपक्षीहरुको नाममा यो निर्देशनात्मक आदेश जारी गरिएको छ । | नेपालको संविधानको धारा १२८ अनुसार सर्वोच्च अदालतको अन्तिम आदेश कानून सरह हुने हुँदा संविधान र कानून बमोजिम उपचार प्राप्त गर्न सकिन्छ । |

| अन्तर्राष्ट्रिय कानूनी व्यवस्थामा हलियाका हक आकर्षित हुने प्रावधानहरु | | | |
|---|---|---|---|
| **कानूनी हक** | **अन्तर्राष्ट्रिय कानूनी व्यवस्था कहाँ छ** | **अन्तर्राष्ट्रिय कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| भेदभाव विरुद्धको हक | राष्ट्र संघीय वडापत्र (United Nations Charter, 1945) धारा १ (३) | आर्थिक, सामाजिक, संस्कृतिक वा लोकहितका अन्तर्राष्ट्रिय समस्या समाधान गर्नमा तथा जाति, लिङ्ग, भाषा र धर्मका भेदभाव विना सबैका निमित्त मौलिक हक एवं मानवअधिकारहरु प्रति सम्मानको भाव ......। | यस व्यवस्थाको कार्यन्वयनको लागि ठोस व्यवस्था नभए पनि कुनै राज्यले यस प्रावधानको उल्लघंन गऱ्यो र त्यसवाट विश्व शान्तिमा असर पर्ने देखियो भने संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदले त्यस्तो राज्य विरुद्ध विशेष प्रस्ताव पारित गरी सचेत गराउने तथा आवश्यक कारबाही गर्न सक्छ भने संयुक्त राष्ट्र संघीयको सदस्य राज्य भएको नाताले यस व्यवस्थाको पालन गर्नु पर्ने हरेक सदस्य राष्ट्रको नैतिक दायित्व र कर्तव्य मानिन्छ । त्यस वाहेक अन्तर्राष्ट्रिय कानूनको विषयवस्तु सामान्यतया व्यक्ति नभएर राज्य हुने भएकाले यसलाई अन्तर्राष्ट्रिय कानून अनुसार अदालति दायरामा लिई कारबाही गर्न सकिदैन । |
| मानवअधिकार | विश्वव्यापी मानवअधिकार घोषणा पत्र (The Universal Declaration of Human Rights) | यसले सवै मानवका लागि नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको स्पष्ट घोषणा गरी व्यावस्था गरेको ।<br>धारा १ सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन् ।<br>धारा २ जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरुको अधिकार हुनेछ। | यस घोषणको प्रावधान राज्यहरुका लागि वाध्यकारी छ वा स्वऐच्छिक हो भन्ने विषयका अन्तर्राष्ट्रिय जगतमा विवाद छ तथापि संयुक्त राष्ट्रसंघका सदस्य राज्यहरुका लागि सदस्यताका नाताले यसको पालना गर्नु नैतिक दायित्व हुन जाने देखिन्छ । यसलाई अन्तर्राष्ट्रिय कानून अनुसार अदालति दायरामा लिई कारबाही गर्न सकिदैन । |
| समान कामका लागि समान ज्यालाको हक | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | दफा ७ (क) (१) कुनै पनि प्रकारको भेदभाव विना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीको नभएको कामको अवस्था र समान कार्यका लागि समान तलवको प्रत्याभूति, | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ। साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचारको व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ। |

| | | | |
|---|---|---|---|
| दास वा बाधा बनाई राख्न नपाईने | मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र, १९४८ को दफा ४ | कसैलाई पनि दास वा बाधा बनाई राखिने छैन । दासत्व र दास व्यापारलाई प्रत्येक रुपमा निषेध गरिएको छ । | यस घोषणाको प्रावधान राज्यहरुका लागि बाध्यकारी छ वा स्वऐच्छिक हो भन्ने विषयका अन्तर्राष्ट्रिय जगतमा विवाद छ तथापि संयुक्त राष्ट्रसंघका सदस्य राज्यहरुका लागि सदस्यताका नाताले यसको पालना गर्नु नैतिक दायित्व हुन जाने देखिन्छ । यसलाई अन्तर्राष्ट्रिय कानून अनुसार अदालति दायरामा लिई कारबाही गर्न सकिदैन । |
| नगरिक तथा राजनैतिक अधिकार | नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ को धारा ८ | १. कसैलाई पनि दासत्वमा राखिने छैन, सबै किसिमका दासत्व तथा दास व्यापारलाई निषेध गरिनेछ ।<br>२. कसैलाई पनि चाकरीमा राखिने छैन ।<br>३. क) कसैलाई पनि बलपूर्वक वा अनिवार्य श्रम गर्न लगाइने छैन,<br>ख) कुनै अपराधको दण्ड-सजायका रुपमा कठोर श्रमसहितको कैद लागु गर्न सकिने देशहरुमा सक्षम अदालतले निर्णय गरेको दण्ड कार्यान्वयन गर्ने क्रममा कठोर श्रम गराउन प्रकरण ३ क ले रोक लगाएको मानिने छैन :<br>ग) यस प्रकरणको उद्देश्यका लागि बलपूर्वक वा अनिवार्य श्रम भन्ने शव्दले निम्न कुरा जनाउने छैन :<br>१. अदालतको कानूनी आदेशले थुनामा रहेको कुनै पनि व्यक्तिले गर्नुपर्ने वा यस्तो थुनाबाट ससर्त छुटेको व्यक्तिले सो अवधिभर साधारणतया गर्नुपर्ने उपप्रकरण ख मा उल्लेख नगरिएको कुनै काम वा सेवा,<br>२. सैनिक चरित्रको कुनै सेवा वा चेतनागत विरोध स्वीकार गरिएका देशहरुमा, चेतनागत विरोधकर्ताहरुले कानून बमोजिम गर्नुपर्ने कुनै राष्ट्रिय सेवा,<br>३. समुदायको जीवन वा कल्याणलाई खतरा पुऱ्याउने सङ्कटकालीन अवस्था वा प्रकोपका समयमा बलपूर्वक लिइएको कुनै सेवा<br>४. सामान्य नागरिक दायित्वको अङ्गको रुपमा रहेका कुनै काम वा सेवा । | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ । साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचार को व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ । |

| | | | |
|---|---|---|---|
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ दफा ७ | क) सबै कामदारलाई न्यूनतम रुपमा देहायका कुरा उपलब्ध गराउने पारिश्रमिक:<br>१. कुनै पनि प्रकारको भेदभाव बिना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीको नभएको कामको अवस्था र समान कार्यका लागि समान तलबको प्रत्याभूति,<br>२. प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्था अनुरुप उनीहरु र उनीहरुका परिवारहरुलाई राम्रो जीवनस्तर,<br>ख) सुरक्षित र स्वस्थ्य कामका अवस्थाहरु,<br>ग) ज्येष्ठता तथा सक्षमताका आधारमा बाहेक अन्य कुनै पनि कुराका अधीनमा नरहने गरी प्रत्येक व्यक्तिलाई उपयुक्त उच्चतम तहमा पदोन्नति हुन पाउने अवसर,<br>घ) विश्राम, फुर्सद तथा कार्य-घण्टाको उचित सीमाङ्कन तथा तलबी आवधिक बिदा लगायत सार्वजनिक बिदा बापतको पारिश्रमिक । | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हुन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ । साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचार को व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ । |
| दास व्यापारको रोकथाम तथा अन्त्य गर्ने, | दासत्व महासन्धि, १९२६ को धारा २ | दास व्यापारको रोकथाम तथा अन्त्य गर्ने, सकेसम्म छिटो तथा प्रगतिशील रुपमा सबै प्रकारका दासत्वको पूर्ण उन्मूलन गर्ने । | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हुन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ । साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचार को व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ । |

| | | | |
|---|---|---|---|
| कसैलाई बाँधा वा दास बनाई राखिने छैन | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | धारा ४: कसैलाई बाँधा वा दास बनाई राखिने छैन । कुनै किसिमका दासत्व र दास व्यापारलाई निषेध गरिनेछ ।<br>धारा २३ (१) प्रत्येक व्यक्तिलाई कामको, रोजगारको स्वतन्त्र छनोटको, कामका उपयुक्त र अनुकूल अवस्थाको र बेरोजगारी विरुद्ध संरक्षणको अधिकार छ ।<br>(२) प्रत्येक व्यक्तिलाई कुनै पनि भेदभाव बिना समान कामका लागि समान पारिश्रमिकको अधिकार छ ।<br>(३) काम गर्ने प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारका लागि मानवीय प्रतिष्ठा अनुकूलको स्थितिको विद्यमानता सुनिश्चित गर्ने कामका उपयुक्त र अनुकूल अवस्थाको अधिकार छ, र यस्तो अधिकारलाई आवश्यक भएमा सामाजिक संरक्षणका अन्य साधनबाट परिपूर्ण गरिनेछ ।<br>(४) प्रत्येक व्यक्तिलाई आफ्नो हितको रक्षाका लागि ट्रेड युनियन गठन गर्ने र त्यसमा सम्मिलित हुन पाउने अधिकार छ ।<br>धारा २४: प्रत्येक व्यक्तिलाई कार्य-घण्टाको र तलबी आवधिक बिदाको मनासिब सीमा सहितको आराम र विश्रामको अधिकार छ । | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हुन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ । साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचार को व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ । |
| सबै किसिमका बाध्यकारी र अनिवार्य श्रमको अन्त्य | अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि फिलाडेल्फिया घोषणा १९४४ को घोषणाको (२) | सबै किसिमका बाध्यकारी र अनिवार्य श्रमको अन्त्यमा बाल श्रम अन्त्य र रोजगारी र व्यवसायमा रहेको भेदभावको अन्त्यलाई उल्लेख गरिएको छ । | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हुन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ । साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचार को व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ । |
| बाध्यकारी श्रमसम्वन्धी व्यवस्था | अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रमसम्बन्धी महासन्धि नं. २९ धारा २ | यस महासन्धिको प्रयोजनका लागि बलात् वा अनिवार्य श्रम भन्नाले त्यस्ता सबै काम वा सेवा भन्ने बुझिन्छ, जुन काम वा सेवा कुनै व्यक्तिलाई कुनै सजायको त्रास देखाएर गराइएको हुन्छ र त्यो काम वा सेवा उक्त व्यक्तिले स्वेच्छाले गरेको हुँदैन । यस महासन्धिले वलात अनिवार्य श्रम अन्तर्गत नपर्ने विषयहरु भनी केहि विषयलाई तोकिदिएको पनि पाईन्छ । | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हुन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ । साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचार को व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ । |

| | | | |
|---|---|---|---|
| बलयुक्त वा अनिवार्य श्रमका कुनै पनि स्वरुपको दमन गर्ने र तिनको प्रयोग नगर्ने | अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रमलाई उन्मूलन गर्ने महासन्धि नं. १०५ धारा १ | यस महासन्धिलाई अनुमोदन गर्ने अन्तर्राष्ट्रिय श्रम सङ्गठनका प्रत्येक सदस्य बलयुक्त वा अनिवार्य श्रमका निम्न लिखित कुनै पनि स्वरुपको दमन गर्ने र तिनको प्रयोग नगर्ने कबुल गर्दछन् :<br>क) राजनीतिक दबाब वा शिक्षाको माध्यमका रुपमा वा राजनीतिक दृष्टिकोणहरु वा सैद्धान्तिक आदर्शका हिसाबले स्थापित राजनीतिक, सामाजिक वा आर्थिक पद्धतिका विपक्षमा रहेका दृष्टिकोण राखे वा व्यक्त गरे बापतको सजायका रुपमा,<br>ख) आर्थिक विकासको प्रयोजनका लागि श्रमलाई परिचालन गर्ने र प्रयोग गर्ने तरिकाका रुपमा,<br>ग) श्रम अनुशासनको माध्यममा सजायका रुपमा,<br>घ) हडतालहरुमा भाग लिए बापतको सजायका रुपमा<br>ङ) जातीय, सामाजिक, राष्ट्रिय अथवा धार्मिक भेदभावको माध्यमका रुपमा । | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हुन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ । साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचार को व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ । |

# २. दलित समुदाय सम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरु

## २.१ पृष्ठभुमि

दलित भन्ने पहिलो शब्दको प्रयोग भारतीय समाजशास्त्री तथा राजनीतिक सामाजिक अभियन्ता डा. भिमराव अम्बेडकरले गरेका हुन । यस भन्दा अघि अहिंसावादी विचारक महात्मा गान्धीले दलित बर्गलाई बुझाउन "हरिजन" भन्ने शब्दको प्रयोग गरेका थिए तर प्रकारान्तरमा दलित भन्ने शब्दले सामाजिक मान्यता पाएको देखिन्छ । हामीले सामान्य भाषामा बुझदा दलित भन्नाले समाजमा पानी नचल्ने अछुत जाति भनी विभेद गरिएका मानिस भन्ने बुझन सकिन्छ । दलित शब्दको उत्पत्तिको विषयलाई केलाउने हो भने समाजमा दबिएका, पिल्सिएका वा विभेदमा परी सामाजिकरुमा सबै किसिमले कमजोर वर्गको मानव जातिय समूहलाई बुझन सकिन्छ । भारतीय राजनीतिका विश्लेषक तथा अनुसन्धान कर्ता मनिषा प्रियमको अनुसार "दलित शब्द खासमा बोलिचालिको भाषामा दरिद्रबाट आएको हो । कुनै जाति विशेषसँग यो शब्द जोडीएको छैन ।" दलित शब्दको अर्थ संक्षिप्तमा नभई धेरै नै विष्तृत छ, दलित शब्दको सम्बन्ध कुनै जाति वर्ग, धर्म, सम्प्रदाय वा समूहसँग नभई यसको सम्बन्ध समाजका त्यस्ता सबैजनाको साझा शब्द बनेको छ जो कुनै न कुनै रुपमा उत्पीडनमा परेका वा दवाईएका छन् । दलित शब्द संस्कृतको "दल" धातु बाट बनेको हो जसको अर्थ फुटाउनु, बाँडनु, टुक्रा पार्नु हो । प्राचिन हिन्दू धार्मिक ग्रन्थमा "दास" भनि सम्बोधन गरिएको वर्गलाई नै हालको दलित भनि बुझ्न सकिन्छ । नेपाली आम बुझाईमा दलित भन्नाले समाज विकासको एउटा काल खण्डमा अन्य जातीका मानिसले अछुत वा पानी नचल्ने भनि विभेद गरिएका, ऐतिहाँसिक रुपमा कुनै विशेष काम व्यवसाय गर्ने श्रमिक वर्गका जाती वा तिनका सन्ततिलाई बुझने गरिन्छ । नेपाल सरकारले दलित भनी हाल केहि जाती विशेषका मानिसहरुलाई तोकेको छ जस अनुसार वर्तमानमा चाहे उनीहरु सर्वसम्पन्न हुन वा उत्पीडनमा परेका हुन  विशेष थर वा जातीका मानिसलाई दलित भनि परिभाषित गरीएको छ । कुनै जाती वा थर विशेष भएका सबै जनालाई दलितको परिभाषा भित्र राख्दा उत्पिडनमा परेका वा सामाजिक रुपमा पछाडि परेका सोहि थर वा जाती विशेषको उत्थान हुन नसके पछि परम्परागत दलितको परिभाषा परिवर्तन गर्नु पर्छ भन्ने आवाज समेत नेपाली समाजमा हाल उठन थालेको छ । नेपालको तराई पहाड र हिमाल सबै क्षेत्र र प्रदेशहरुमा दलित समुदाय फैलिएर रहेका छन् । नेपालमा दलित भनि २१ प्रकारका जातिलाई पहिचान गरिएको छ भने त्यस भित्र विभिन्न थर प्रयोग गर्ने मानिसहरु पर्दछन् । नेपालमा दलित भनिएका दलित भित्र पनि अर्का दलित रहेको पाइन्छ, जसलाई दलितले पनि दलित भनि फरक व्यवहार गर्ने गर्दछन् । छुवाछूत प्रथामा आधारित यो व्यवस्थाको अन्त्य नेपालमा २०२० सालमा जारी मुलुकी ऐनले गरेको भए पनि २०४८ सालमा मात्र छुवाछूतलाई दण्डनीय बनाइएको थियो । यस सम्बन्धी अलग्गै ऐन भने २०६८ सालमा मात्र आयो । दलित समुदायको हित रक्षा र त्यससँग सम्बन्धित छुवाछूत प्रथाको समूल अन्त्यका लागि उक्त छुवाछूत जन्य कार्यलाई दण्डनीय बनाउदै हाल नेपालमा यस सम्बन्धी स्पष्ट संबैधानिक व्यवस्था सहित विभिन्न ऐन कानूनहरु समेत जारि भै सकेका छन् । हाल जारि नेपालको संविधान तथा ऐन कानूनहरुले दलित समुदायको उत्थानका लागि राज्यका विभिन्न निकायमा आरक्षण र थप सुविधा सहुलियत समेत प्रदान गर्ने गरी व्यवस्था गरेको पाईन्छ । उक्त कानूनी व्यवस्थाहरु मध्ये संघीय संसदद्धारा निर्मित कानूनहरुको यहाँ उल्लेख गरिएको छ भने संविधानको धारा १९७ अनुसार प्रदेश सभाले आफ्नो प्रदेशका लागि र  संविधानको धारा २२६ बमोजिम स्थानिय तहका गाउँ सभा र नगर सभाहरुले पनि आ-आफ्नो क्षेत्रमा लागु हुने गरी संघीय कानूनको अधिनमा रही प्रदेश स्तरीय र स्थानिय कानूनको निर्माण गर्न सक्ने हुँदा उक्त कानूनहरु बारे यहाँ उल्लेख गरिएको छैन ।

## २.२. दलितहरुको हक अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भएका कानूनी व्यवस्थाहरु

| नेपालको संविधानमा रहेका दलित समुदायका हक आकर्षित हुने प्रावधानहरु | | | |
|---|---|---|---|
| **दलित समुदाय सम्बद्ध संवैधानिक हक** | **संवैधानिक व्यवस्था कहाँ छ** | **संवैधानिक व्यवस्था कस्तो छ** | **संवैधानिक उपचार प्राप्त गर्ने कार्यविधि** |
| सम्मानपुर्वक बाँच्न पाउने हक | नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक धारा १६(१) | प्रत्येक व्यक्तिलाई सम्मान पुर्वक बाँच्न पाउने हक हुनेछ। | कहि कतैबाट दलित समेत नेपाली नागरिकको यस हकको उलंगन भयो वा यस हकको विरुद्ध हुने गरी राज्यले कानून बनायो भने त्यसको उपचारका लागि संविधाको धारा ४६ को संवैधानिक उपचारको हक अन्तर्गत धारा १३३ र १४४ अनुसार अदालतलमा आवश्यक विभिन्न रिट निवेदन दिई अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत यो हकलाई स्थापित गराउन सकिन्छ। |
| स्वतन्त्रताको हक | धारा १७ (१) | कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रतावाट वञ्चित गरिने छैन। | ऐ.ऐ. |
| स्वेच्छाले आफ्नो पेशा व्यवसाय रोज्न र छोडन पाउँने हक | धारा १७ (२)(च) | नेपालको कुनै पनि भागमा पेशा रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुने छ। | ऐ.ऐ. |
| समानताको हक | धारा १८ | (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन।<br>(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन,<br>(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।<br>तर दलित समुदायको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बनाई विषेश व्यवस्था गर्न सकिने | ऐ.ऐ. |
| न्याय सम्बन्धि हक | धारा २० (९) | प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायीक निकायबाट स्वच्छ सुनुवाईको हक हुने छ। | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| यातना विरुद्धको हक | धारा २२ (१) र (२) | पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई अमानवीय अपमान जनक व्यवहार गरिने छैन यदि गरिएमा दण्डनीय हुनेछ, पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ । | ऐ.ऐ. |
| छुवाछूत र भेदभाव विरुद्धको हक | धारा २४ | (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।<br>(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।<br>(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।<br>(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।<br>(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | ऐ.ऐ. |
| शोषण विरुद्धको हक | धारा २ ९(२)(३) र (५) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । यस्तो कार्य दण्डनीय हुनेछ साथै पीडकबाट पीडितलाई कानून बमोजिम क्षतिपुर्ति भराईने छ । | |
| भाषा तथा संस्कृतिको हक | धारा ३२ (२) | प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ । | |
| रोजगारीको हक | धारा ३३ (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । | |

| | | | |
|---|---|---|---|
| दलितको हक | धारा ४० | (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।<br>(२) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।<br>(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।<br>(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।<br>(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।<br>(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।<br>(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ । | |
| सामाजिक न्यायको हक | धारा ४२ (१) | दलित लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । | |
| भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व | धरा ५० (२) | धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने | यो राज्यको उद्देश्य भएको हुँदा राज्यले यो काम गरेन भनेर कुनै पनि अदालतमा प्रश्न उठाउन नपाईने व्यवस्था संविधानको धारा ५५ ले गरेको हुँदा यो विषय राज्यको नैतिक प्रश्नको विषय मात्र भएकाले उपचारका लागि जान सकिदैन । |

| | | | |
|---|---|---|---|
| राज्यका नीतिहरु | धारा ५१ (क)(२) | विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदाय बीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय इकाइ बीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्धन गर्ने । | ऐ.ऐ. |
| राज्यका नीतिहरु (विभेद, असमानताको अन्त्य गर्ने) | धारा ५१ (ग)(५) | समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रिति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने । | ऐ.ऐ. |
| उत्पीडितको विशेष व्यवस्था गर्ने । | धारा ५१ (ञ)(११) | उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने । | ऐ.ऐ. |
| समावेशी सिद्धान्त बमोजिम दलित समुदायका व्यक्तिहरु समेटिन सक्ने स्थान | धारा ७६(९) | राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्री परिषद गठन गर्नेछ । | यो संवैधानिक प्रवधान विपरीत हुने गरी मन्त्री परिषदको गठन भएमा दलित समेतले त्यस विरुद्ध संविधानको धारा १३३ र १४४ अनुसार अदालतमा आवश्यक विभिन्न रिट निवेदन दिई अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत यो हकलाई स्थापित गराउन सकिने । |
| प्रतिनिधि सभाको निर्वाचनमा आरक्षणको व्यवस्था । | धारा ८४(२) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । | ऐ.ऐ. |
| राष्ट्रिय सभामा दलित १ जना अनिवार्य गरिएको | धारा ८६ (२)(क) | प्रत्यक प्रदेशका प्रदेश सभा सदस्य र स्थानिय तहका प्रमुख उपप्रमुखद्धारा निर्वाचित हुने ८ जना सदस्य मध्ये एकजना दलित अनिवार्य हुनु पर्ने । | ऐ.ऐ. |
| समावेशी सिद्धान्त बमोजिम दलित समुदायका व्यक्तिहरु समेटिन सक्ने स्थान | धारा १६८ (९) | प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्री परिषद गठन गर्नेछ । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| समावेशी सिद्धान्त बमोजिम दलित समुदायका व्यक्तिहरु समेटिन सक्ने स्थान | धारा १७६ (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । | ऐ.ऐ. |
| गाउँ कार्यपालिकाको सदस्य पदमा आरक्षण | धारा २१५ (४) | गाउँ सभाका सदस्यहरुले आफु मध्येबाट २ जना दलित वा अल्पसँख्यक समुदायबाट गाउँ कार्यपालिकाको सदस्यको रुपमा अनिवार्या निर्वाचित गर्नु पर्ने । | ऐ.ऐ. |
| नगर कार्यपालिकाको सदस्य पदमा आरक्षण | धारा २१६ (४) | नगर सभाका सदस्यहरुले आफु मध्येबाट ३ जना दलित वा अल्पसँख्यक समुदायबाट नगर कार्यपालिकाको सदस्यको रुपमा अनिवार्या निर्वाचित गर्नु पर्ने । | ऐ.ऐ. |
| जिल्ला समन्वय समितिको सदस्य पदमा आरक्षण | धारा २२० (३) | जिल्ला सभाले कम्तिमा १ जना दलित वा अल्पसंख्यक सहित बढिमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने छ । | ऐ.ऐ. |
| गाउँ सभा (स्थानिय व्यवस्थापिका) मा आरक्षण । | धारा २२२ (२) | संविधानको धारा २१५(४) बमोजिम दलित वा अल्पसँख्यक समुदायबाट निर्वाचित गाउँपालिका सदस्त गाउँ सभाको सदस्य रहने छन् । | ऐ.ऐ. |
| नगर सभा (स्थानिय व्यवस्थापिका) मा आरक्षण । | धारा २२३ (२) | संविधानको धारा २१६(४) बमोजिम दलित वा अल्पसँख्यक समुदायबाट निर्वाचित नगरपालिका सदस्त नगर सभाको सदस्य रहने छन् । | ऐ.ऐ. |
| दलितले आफ्नो मानवअधिकार उल्लंघन भएको अवस्थामा राष्ट्रिय मानवअधिकार आयोग समक्ष निवेदन दिन सक्ने | धारा २४९ (२) (क) | कुनै व्यक्ति वा समूहको मानवअधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने, | ऐ.ऐ. |
| कर्तव्य पालन नगर्ने कर्मचारीलाई कारबाहीको सिफारिस गर्न सक्ने | धारा २४९ (२) (ख) | मानवअधिकार उल्लंघन रोक्ने जिम्मेवारी पाएको पदाधिकारीले सो कार्य नगरेमा निजलाई विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस राष्ट्रिय मानवअधिकार आयोगले गर्न सक्छ । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| मुद्दा दायर गर्न सिफारिस गर्ने | धरा २४९ (२) (ग) | मानवअधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्था विरुद्ध मुद्दा चलाउनु पर्ने भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने | ऐ.ऐ. |
| समावेशी सिद्धान्त बमोजिम नियुक्त गर्नु पर्ने । | धारा २८३ | संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ । | ऐ.ऐ. |
| सरकारी सेवा | धारा २८५ | सबै सरकारी सेवामा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा पदपुर्ति गरिने छ । | ऐ.ऐ. |

| मानवअधिकार आयोग ऐन, २०६८ मा दलित समुदायका हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| मानवअधिकार उल्लंघन कर्ताको नाम सार्वजनिक गर्ने | दफा ७ | मानवअधिकार उल्लंघन गर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानवअधिकार उल्लंघन कर्ताको रुपमा सार्वजनिक गर्ने । | मानवअधिकार आयोगको काम कर्तव्य । |
| पीडितलाई उद्धार गर्ने तथा राहत उपलब्ध गराउन आदेश दिने | दफा ९ | पीडित व्यक्तिलाई तत्काल राहत उपलब्ध नगराउदा वा उद्धार नगर्दा निजलाई थप क्षति हुन सक्ने देखिएमा आयोगले तत्कालै आन्तरिक राहत उपलब्ध गराउन वा उद्धार गर्न सम्बन्धित निकायलाई आदेश गर्न सक्ने । | ऐ.ऐ. |
| मानवअधिकार उल्लंघनको उजुरी लिने | दफा १० | मानवअधिकार उल्लंघनको अवस्थामा पीडित व्यक्ति वा निजको तर्फबाट कसैले आयोग समक्ष उजुरी दिन सक्ने । | ऐ.ऐ. |
| मेलमिलाप गराउने | दफा १४ | मानवअधिकार उल्लंघन कर्ता र पीडित विच आपसी सहमति भएमा दुई पक्ष विच मेलमिलप गराउन सक्ने । | ऐ.ऐ. |
| निर्णय गर्ने | दफा १५ | मानवअधिकार आयोगमा परेको उजुरी सम्बन्धमा छ महिना भित्र निर्णय गर्नु पर्ने । | ऐ.ऐ. |
| क्षतिपुति समेत तोक्ने | दफा १६ | मानवअधिकार आयोगले निर्णय गर्दा आवश्यक देखिय क्षतिपुर्ति दिनु पर्ने समेत खुलाई निर्णय दिनु पर्ने | ऐ.ऐ. |
| निर्णय कार्यान्वयनको लागि लेखि पठाउने | दफा १७ | आयोगको सिफारिस, निर्णय वा आदेश कार्यान्वयनका लागि सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकाय समक्ष लेखि पठाउनु पर्ने छ । | ऐ.ऐ. |

| राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा दलित समुदायका हक आकर्षित हुने प्रावधानहरु | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| दलित सम्बन्धि विषयमा नेपाल सरकारलाई सिफारिस गर्ने | दफा ३ (ख) | दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने । | राष्ट्रिय दलित आयोगको काम |
| उजुरी लिने | दफा ८ | कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोगबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ । | राष्ट्रिय दलित आयोगमा उजुरी दिने । |
| प्रारम्भिक छानविन र कारबाही | दफा ९ | दलितको हक प्रयोगबाट वञ्चित गरेको विषयमा प्रारम्भिक छानविन गरी सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई तत्काल सो कार्य रोक लगाउन सक्ने छ । | राष्ट्रिय दलित आयोगको काम |
| मुद्दा दायर गर्न सिफारिस गर्ने | दफा १२ | छानबिन गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा त्यस्तो विषयको मुद्दा गर्ने हदम्यादभित्र आयोगले मुद्दा दायर गर्न महान्यायाधिवक्ता समक्ष सिफारिस गरी त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई समेत दिनु पर्नेछ । | ऐ.ऐ. |
| मेलमिलाप गराउने | दफा १४ | दुई पक्ष विच कानून बमोजिम मेलमिलप गराउन सक्ने भएमा आयोगले मेलमिलाप गराउन सक्ने छ । | ऐ.ऐ. |
| सिफारिस वा निर्णय कार्यान्वयन | दफा १५ | आयोगले संविधान वा यस ऐन बमोजिम गरेको सिफारिस वा निर्णयको कार्यान्वयनका लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई लेखी पठाउनु पर्नेछ । | ऐ.ऐ. |
| काम कारबाहीमा सहयोग गर्नु पने | दफा २४ | आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै निकाय वा पदाधिकारीको सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु त्यस्तो निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ । | ऐ.ऐ. |
| कार्यान्वयनको लागि लेखी पठाउन सक्न | दफा २५ | संविधान वा यस ऐन बमोजिम कुनै निकाय वा पदाधिकारीले आयोगले दिएको आदेश, आयोगको निर्णय वा सिफारिस जानीजानी कार्यान्वयन नगरेमा वा आयोगलाई आवश्यक सहयोग उपलब्ध नगराएमा आयोगले त्यस्तो निकाय वा अधिकारीको तालुक निकाय वा अधिकारी समक्ष सो विषय कार्यान्वयन गराउनको लागि लेखी पठाउन सक्नेछ । | ऐ.ऐ. |

| मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा दलित समुदायका हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| व्यक्तित्वलाई स्वीकार गर्नु पर्ने | मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा १२ | प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नु पर्नेछ । | देवानि कानूनका सामान्य सिद्धान्त |
| कानून विपरित प्रथा वा परम्परालाई मान्यता नदिइने । | ऐ. दफा १५ | कानून विपरीतका प्रथा वा परम्परालाई न्यायको रोहमा मान्यता दिइने छैन । | ऐ.ऐ. |
| कानूनको दृष्टिमा समान हुने | ऐ. दफा १७ | (१) प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने छन् ।<br>(२) कुनै पनि नागरिकलाई कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । | मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा २९. हदम्याद : यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले गिरफ्तार वा थुनिएको हकमा जहिलेसुकै र अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ । |
| भेदभाव गर्न नपाइने | ऐ. दफा १८ | (१) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । | ऐ.ऐ. |
| विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने | ऐ. दफा १९ | दफा १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| स्वतन्त्रता र अधिकार हुन | ऐ. दफा २० | (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन । | ऐ.ऐ. |
| इच्छा विरुद्ध काममा लगाउन नपाइने | ऐ. दफा २४ | कुनै पनि व्यक्तिलाई निजको इच्छा विरुद्ध कुनै काममा लगाउन पाइने छैन । | ऐ.ऐ. |
| व्यक्तिको मान्यता पाउने | ऐ. दफा ३० | प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको रूपमा मान्यता पाउनेछ र निज जीवित रहेसम्म कानून बमोजिमको अधिकार उपभोग गर्न पाउनेछ । | पीडित व्यक्तिले दफा ४१(ग) बमोजिम काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र नालिस (सम्बन्धित अदालतमा फिरादपत्र दिई) गर्न सक्नेछ । |
| विवाह गर्ने स्वतन्त्रता | ऐ. दफा ६९(१) | प्रत्येक व्यक्तिलाई कानूनको अधिनमा रहि विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुने छ । | दफा ८४ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र नालिस (सम्बन्धित अदालतमा फिरादपत्र दिई) गर्न सक्नेछ । |
| पारिवारिक जिवन अनतिक्रम्य हुने | ऐ. दफा ६९(३) | प्रत्येक व्यक्तिको पारिवारिक जिवन अनतिक्रम्य हुनेछ । | ऐ.ऐ. |
| जातिय कुल र चलि आएको चलन अनुसारको नातामा विवाह गर्न हुने | ऐ. दफा ७०(२) | प्रचलित कानूनमा जे लेखिएको भएता पनि आफ्नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न वा गराउन कुनै बाधा पर्ने छैन । | ऐ.ऐ. |
| पेशा, व्यवसाय वा काम गर्न रोक्न नहुन | ऐ. दफा ९१ | पति वा पत्नी वा परिवारका कुनै सदस्यले एक अर्कालाई निजको सीप, योग्यता वा क्षमता अनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न हुँदैन । | दफा ९२ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र नालिस गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| प्रतिकूल भोगाधिकार रहेको मानिने | ऐ. दफा २७३ | (१) यस परिच्छेदमा अन्यत्र जुनसकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले अर्को व्यक्तिको चल सम्पत्तिको हकमा तीन वर्ष र जमिनको हकमा तीस वर्षभन्दा बढी समयदेखि त्यस्तो सम्पत्ति वा जमिन आफ्नै सम्पत्ति वा जमिन सरह भोग गरेमा त्यस्ता सम्पत्ति वा जमिनमा निजको प्रतिकूल भोगाधिकार रहेको मानिनेछ । तर,<br>(१) सरकारी, सार्वजनिक, सामुदायिक वा गुठीको जग्गा जतिसुकै समयसम्म भोग गरेको भए तापनि प्रतिकूल भोगाधिकार प्राप्त हुने छैन ।<br>(२) कुनै सम्पत्ति वा जमिनको सम्बन्धमा करार वा अन्य कानूनद्वारा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई कुनै सम्पत्तिमा प्रतिकूल भोगाधिकार प्राप्त भएमा त्यस्तो व्यक्तिले त्यस्तो सम्पत्ति आफ्नो नाममा स्वामित्व कायम गराउन सक्नेछ ।<br>(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वामित्ववालाको जानकारी विना, गोप्य रूपमा वा जबर जस्ती कुनै चल सम्पत्ति वा जमिन भोग गरेकोमा यो दफाको व्यवस्था लागू हुने छैन ।<br>(४) यस दफा बमोजिमको अवधि गणना गर्दा यो ऐन प्रारम्भ भएको मितिबाट गणना गरिनेछ । | दफा २७५ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले एक वर्ष भित्र नालिस गर्न सक्नेछ । |
| काम गराए वापत ज्याला मजुरी दिनु पर्ने | ऐ. दफा ६४१ | (१) कानून (दफा ६४०) बमोजिम कसैलाई कुनै काममा लगाउँदा काम गर्ने व्यक्तिले आफूखुशीले ज्याला मजुरी बिना काम गर्न मञ्जुर गरेकोमा बाहेक काम लगाउनेले काम गर्नेलाई कामको अनुपातमा ज्याला मजुरी दिनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम ज्याला मजुरी दिँदा काम लगाउने र काम गर्ने व्यक्तिको मञ्जुरीले कुनै खास ज्याला तोकेकोमा सोही बमोजिमको र नतोकेकोमा त्यस्तो काम गरे वापत काम गरेको ठाउँमा चलन चल्तीमा रहेको दर अनुसारको ज्याला मजुरी दिनु पर्नेछ ।<br>(३) उपदफा (१) वा (२) बमोजिम ज्याला मजुरी दिँदा काम लगाउने र काम गर्ने बीच अन्यथा सहमति भएकोमा बाहेक काम सम्पन्न भएपछि ज्याला मजुरी दिनु पर्नेछ ।<br>(४) यस दफा बमोजिम ज्याला मजुरी निर्धारण गर्दा काम गर्ने र काममा लगाउने बीच अन्यथा सहमति भएकोमा बाहेक काम गरेको प्रत्येक दिनलाई आधार मानी ज्याला मजुरी निर्धारण गर्नु पर्नेछ । | ऐ.ऐ. |
| काम लगाउँदा सुरक्षाको व्यवस्था गर्नु पर्ने | ऐ. दफा ६४२ | कसैले कुनै व्यक्तिलाई काममा लगाउँदा त्यस्तो कामको प्रकृति अनुसार काम गर्दा हुन सक्ने जोखिम वा खतरा निवारणका पर्याप्त सुरक्षात्मक उपायहरूको व्यवस्था गरेर मात्र काममा लगाउनु पर्नेछ । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| आठ घण्टाभन्दा बढी काममा लगाउन नहुने | ऐ. दफा ६४३ | (१) कसैले कुनै व्यक्तिलाई काम लगाउँदा सामान्यत: एक दिनमा आठ घण्टाभन्दा बढी अवधिको लागि काम लगाउन सकिने छैन ।<br>(२) उपदफा (१) मा लेखिए भन्दा बढी अवधि कसैलाई कामका लगाउनु पर्दा काम गर्ने व्यक्तिको मञ्जुरी हुनु पर्नेछ र त्यसरी काममा लगाउँदा आठ घण्टालाई एकदिन मानी बढी काम गरेको प्रत्येक घण्टा वापत सोही अनुपातमा थप ज्याला मजुरी दिनु पर्नेछ ।<br>(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि घरेलु सहायकलाई काममा लगाउँदा सो उपदफाको व्यवस्था लागू हुने छैन ।<br>स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि "घरेलु सहायक" भन्नाले घर व्यवहारको काममा आवश्यकता अनुसार जुनसुकै बखत काममा लगाउन सकिने गरी काममा लगाइएको व्यक्ति सम्झनु पर्छ । | ऐ.ऐ. |
| काम गर्नेलाई ज्याला मजुरी दिनु पर्ने | ऐ. दफा ६४६ | (१) काम लगाउनेले काममा लगाए वापत दिनु पर्ने ज्याला मजुरी काम गर्ने व्यक्ति वा निजले मञ्जुरी गरेको अन्य कुनै व्यक्तिलाई दिनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम ज्याला मजुरी भुक्तानी हुनु अगावै काम गर्ने व्यक्तिको मृत्यु भएमा निजले पाउने ज्याला मजुरी निजको नजिकको हकवालाले पाउनेछ । | दफा ६४७ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले एक वर्ष भित्र नालिस गर्न सक्नेछ । |
| दुष्कृति गरेको मानिने | ऐ. दफा ६७२ | (१) कसैले आफ्नो वा यस परिच्छेद बमोजिम आफैँले दायित्व वहन गर्नु पर्ने अरू कसैको त्रुटि, हेलचेक्र्याइँ वा लापरवाही जेसुकैबाट भए तापनि गरेको कुनै काम (कमिसन) वा अकर्मण्यता (ओमिशन) बाट कसैको जीउ, ज्यान वा सम्पत्ति वा कानून बमोजिम संरक्षित हक वा हितमा कुनै किसिमले हानि, नोक्सानी पुऱ्याउनु हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको काम वा अकर्मण्यताका सम्बन्धमा पक्षहरू बीच कुनै पूर्व करार सम्बन्ध भएको रहेनछ भने त्यस्तो काम वा हेलचेक्र्याइँको परिणाम स्वरूप उत्पन्न हानि, नोक्सानीलाई दुष्कृति गरेको मानिनेछ ।<br>स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि "अकर्मण्यता" भन्नाले कसैले गर्नु पर्ने काम नगरेको अवस्था सम्झनु पर्छ ।<br>(३) उपदफा (२) बमोजिम दुष्कृति गरेकोमा त्यस्तो कार्य गर्ने व्यक्तिले यस परिच्छेद बमोजिम दायित्व व्यहोर्नु पर्ने छ ।<br>(४) उपदफा (३) बमोजिम दायित्व व्यर्होनु पर्दा दुष्कृतिको मात्राको अनुपातमा अलग अलग दायित्व निर्धारण गर्न सकिएमा सोही बमोजिम र नसकिएमा दुष्कृतिको लागि जिम्मेवार व्यक्ति सबैले समान रूपमा दायित्व व्यहोर्नु पर्नेछ । | दफा ६८४ बमोजिममर्का पर्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| काम लगाउने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने | ऐ. दफा ६७५ | (१) आफूले काममा लगाएको घरेलु सहायक, अन्य कामदार वा कर्मचारीले त्यस्तो कामको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैलाई हानि, नोक्सानी भएमा त्यसरी काममा लगाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यसको दायित्व व्यर्होनु पर्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कामदार वा कर्मचारीको हेलचेक्र्याइँ वा वदनियतले गरेको काम वापतको दायित्व त्यस्तो कामदार वा कर्मचारीले व्यर्होनु पर्नेछ । | ऐ.ऐ. |
| अनधिकृत प्रवेशको दायित्व व्यहोर्नु पर्ने | ऐ. दफा ६८० | कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्नेछ ।<br>स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "अनधिकृत प्रवेश" भन्नाले अचल सम्पत्ति भए अर्काको हक, भोगचलन वा स्वामित्वमा रहेको सम्पत्तिमा गैरकानूनी प्रवेश, त्यसको उत्पादनको कब्जा अनधिकृत क्षति, हस्तक्षेप वा गैरकानूनी खिचोला र चल सम्पत्ति भए अर्काको हक, भोगचलन वा स्वामित्वमा रहेको सम्पत्ति जबरजस्ती कब्जा गर्ने, लैजाने, त्यसबाट प्राप्त लाभ लिने वा भोगचलन गर्नलाई बाधा विरोध गर्ने काम सम्झनु पर्छ र सो शब्दले कुनै पनि किसिमको सम्पत्तिलाई अनधिकृत रूपमा नियन्त्रण गर्ने काम समेतलाई जनाउँछ । | ऐ.ऐ. |
| दायित्व वापत क्षतिपूर्ति व्यहोर्नु पर्ने | ऐ. दफा ६८२ | (१) यस परिच्छेद बमोजिम भएको दुष्कृति वापतको दायित्व व्यहोर्नु पर्दा दृष्कृति गर्नेले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ । | ऐ.ऐ. |

| मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ मा दलित समुदायका हक आकर्षित हुने प्रावधानहरु | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| कसूरको गम्भीरता बढाउने अवस्था | मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ को दफा ३८ | (ठ) आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्ति वा जिम्मामा रहेको सम्पत्तिको बिरुद्ध कसूर गरेको,<br>(त) कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको,<br>(थ) कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै विनाश गर्ने जातिहत्या (जेनोसाइड) को उद्देश्यले कसूर गरेको,<br>(प) मानवता विरुद्धको कसूर गरेको, | |
| सार्वजनिक शान्ति खलल पार्न नहुने | ऐ. दफा ६५ | (१) कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरु कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति, सम्प्रदाय वा भाषाको आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरुका बीचको सुसम्बन्धमा खलल पार्ने काम गर्न हुँदैन ।<br>(२) यस्तो काम गर्नेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(३) कुनै देवस्थल वा पूजा वा प्रार्थना गर्ने ठाउँ वा धार्मिक, साँस्कृतिक चाड वा समारोह भइरहेको ठाउँमा गरेको भए उपदफा (२) बमोजिमको सजायमा थप एक वर्षसम्म कैद हुनेछ । | |
| भेदभावपूर्ण व्यवहार गर्न नहुने | ऐ. दफा १६० | (१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | |
| भेदभाव गरी बस्तु वा सेवा खरिद बिक्री वा वितरण गर्न नहुने | ऐ. दफा १६१ | (१) कसैले कुनै बस्तु वा सेवाको खरिद वा बिक्री वितरण गर्दा गराउँदा कुनै खास जात, जाति वा सम्प्रदायको व्यक्तिबाट मात्र वा त्यस्ता व्यक्तिलाई मात्र खरिद वा बिक्री वितरण गर्ने वा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई उपलब्ध नगराउने वा बिक्री वितरण नगर्ने कार्य गर्न हुँदैन ।<br>तर आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको हित संरक्षण वा विकासका लागि कानून बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई कुनै खास वस्तु वा सेवा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई मात्र उपलब्ध गराएकोमा वा बिक्री वितरण गरेकोमा यस दफा बमोजिम कसूर गरेको मानिने छैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | |

| | | | |
|---|---|---|---|
| जवर्जस्ती काममा लगाउन नहुने | ऐ. दफा १६२ | (१) कसैले कसैलाई निजको इच्छा बिरुद्ध काममा लगाउन हुँदैन ।<br>तर सार्वजनिक कामको लागि कानून बमोजिम श्रममा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | |
| दास बनाउन नहुन | ऐ. दफा १६३ | (१) कसैले कुनै व्यक्तिलाई दास वा कमारा, कमारी बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँचदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ । | |
| बन्धक बनाउन वा बाँधा राख्न नहुने | ऐ. दफा १६४ | (१) कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफल बापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ । | |
| सामाजिक रीति स्थितिमा खलल पार्न नहुने | ऐ. दफा १६५ | (१) कसैले कसैको सामाजिक रीति स्थितिमा खलल पर्ने वा खलल हुने गरी झुक्याई वा जबर्जस्ती गरी कुनै काम गर्न वा गराउन हुँदैन ।<br>स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि जातीय भेदभाव हुने रीति स्थितिलाई सामाजिक रीति स्थिति मानिने छैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | |
| जातिपातिको आधारमा छुवाछूत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने | ऐ. दफा १६६ | (१) कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पतिको आधारमा छुवाछूत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न बञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट बञ्चित गर्न हुँदैन ।<br>(२) उदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ । | |

| | | | |
|---|---|---|---|
| यातना दिन नहुने | ऐ. दफा १६७ | (१) प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन हुँदैन ।<br><br>स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि पक्राउ परेको, नियन्त्रणमा रहेको, हिरासत, थुना, कैद वा नजरबन्द वा आफ्नो सुरक्षामा रहेको कुनै व्यक्ति वा त्यस्तो व्यक्तिको कारणले अन्य कुनै व्यक्तिलाई देहायको उद्देश्यले जानीजानी शारीरिक वा मानसिक पीडा वा कष्ट पुऱ्याएमा वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिएमा त्यस्तो व्यक्ति उपर यातना दिएको वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेको मानिनेछः-<br><br>(क) कुनै विषयमा जानकारी हासिल गर्ने,<br>(ख) कुनै कसूरमा साबित गराउने,<br>(ग) कुनै कार्यको लागि दण्ड दिने,<br>(घ) जोर जुलुम वा त्रास देखाउने, वा<br>(ङ) कानून विपरीतका अन्य कुनै कार्य गर्ने ।<br><br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको गम्भीरता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br><br>(३) उपदफा (१) बमोजिमको कसूर गर्न आदेश दिने व्यक्ति वा यस दफा बमोजिमको कसूर गर्न सहयोग गर्ने मतियारलाई मुख्य कसूरदार सरह सजाय हुनेछ ।<br><br>(४) उपदफा (१) बमोजिम कसूर गर्ने कुनै व्यक्तिले आफूभन्दा माथिका अधिकारीको आदेश पालना गरी त्यस्तो कसूर गरेको भन्ने दावी लिन पाउने छैन र निजले त्यस्तो आधारमा त्यस्तो कसूर गरे बापत हुने सजायबाट उन्मुक्ति पाउने छैन । | |
| अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने | ऐ. दफा १६८ | (१) कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउनु हुँदैन ।<br><br>स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि देहाय बमोजिमका कामलाई अपमानजनक वा अमानवीय व्यवहार मानिनेछ :-<br><br>(क) बोक्सा बोक्सीको आरोप लगाउने,<br>(ख) बोक्सा बोक्सीको आरोप लगाई बसोबास गरेको ठाँउबाट निकाला गर्ने,<br>(ग) सामाजिक बहिष्कार गर्ने, वा<br>(घ) अन्य जुनसुकै काम गरी क्रुर, अमानवीय वा अपमानजन्य व्यवहार गर्ने ।<br><br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br><br>(३) महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन ।<br><br>(४) उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br><br>(५) राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुनेछ । | |

| | | | |
|---|---|---|---|
| क्षतिपूर्ति भराई दिनु पर्ने | ऐ. दफा १६९ | यस परिच्छेद बमोजिमको कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ । | |
| आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्न नहुने | ऐ. दफा २२२ | (१) कसैले आफूले संरक्षण वा सुरक्षा दिएको वा आफ्नो हेरविचारमा रहेको कुनै व्यक्तिसँग करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न वा होस ठेगानमा नरहेको वा शारीरिक वा मानसिक रोग लागि उपचार वा पुन:स्थापना गर्ने कुनै संस्थामा राखिएको कुनै व्यक्तिसँग त्यस्तो संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गर्न हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुनेछ र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ । | |
| कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्न नहुन | ऐ. दफा २२३ | (१) सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यवसायीक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै व्यक्तिसँग त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारी वा त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ । | |
| अरुको आवासमा अनाधिकृत प्रवेश गर्न नहुने | ऐ. दफा ३०२ | (१) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेशले बाहेक कसैले अरुको घरमा सम्बन्धित घर धनीको स्वीकृति विना अनधिकृत रुपमा प्रवेश गर्न, घर धनी वा निजको परिवारको गोप्यता भङ्ग गर्न वा त्यस्तो घरको खानतलासी गर्न वा गराउन हुँदैन ।<br>स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि “घर” भन्नाले कुनै व्यक्तिले बसोबास गरेको घर, निवास, आवास, कोठा सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिले रात विताउने गरी बसेको होटेल कोठा, शिविर र पाल समेतलाई जनाउँछ ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | |
| गाली गर्न नहुने | ऐ. दफा ३०५ | कसैले कसैलाई गाली गर्न हुँदैन । गाली गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | |

| | | | |
|---|---|---|---|
| बेइज्जती गर्न नहुने | ऐ. दफा ३०६ | कसैले कसैको बेइज्जती गर्न हुँदैन । गरेमा सजाय दफा ३०७ अनुसार:<br>(१) कसैले कसैको बेइज्जती गरे वा गराएमा निजलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>तर विद्युतीय वा अन्य आम सञ्चारका माध्यमबाट बेइज्जती गरे वा गराएमा त्यस्तो सजायमा थप एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(२) कसैले कसैलाई बेइज्जती गरे वा गराएको ठहरिएमा बेइज्जती गरिएको व्यक्तिलाई कसूरको गम्भीरता, त्यस्तो व्यक्तिको प्रतिष्ठामा पर्न गएको असर तथा विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट बेइज्जती गरेको भएमा त्यस्तो कुरा समेतलाई विचार गरी कसूरदारबाट मनासिब क्षतिपूर्ति र त्यस्तो व्यक्तिलाई कसूरदारबाट मुद्दामा लागेको खर्च समेत भराउनु पर्नेछ ।<br>(३) मरिसकेको कुनै व्यक्तिलाई यस परिच्छेद बमोजिम बेइज्जती गरेको ठहरिएमा कसूरदारबाट त्यस्तो बेइज्जतीबाट भावनामा चोट लागेको निजको नजिकको हकवालालाई त्यस्तो क्षतिपूर्ति र मुद्दामा लागेको खर्चको रकम भराई दिनु पर्नेछ । | |

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दलित समुदायका हक आकर्षित हुने प्रावधानहरू**

| कानूनी हक | कानूनी व्यवस्था कहाँ छ | कानूनी व्यवस्था कस्तो छ | कानूनी उपचार प्राप्त गर्ने कार्यविधि |
|---|---|---|---|
| गाउँपालिका तथा नगरपालिकाको स्थानिय न्यायिक समितिमा उजुरी दिन सकिने । | दफा ४७ (१) | (घ) ज्याला मुजुरी नदिएको ।<br>(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापुर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुदै आएको वाटो, वस्तुभाउ निकाल्ने निकास, कुलो, नहर, नहर, पोखरी, पाटी पौवा, अन्त्यस्टी स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको । | यस्तो विषयमा पीडित व्यक्तिले सम्बन्धित गाउँपालिका वा नगरपालिकामा उजुरी निवेदन दिन सक्छ र सो निवेदन उपर न्यायीक समितिले आफ्नो फैसला दिनेछ । |
| ऐ.ऐ. | दफा ४७ (२) | (ङ) गाली बेइज्जेती,<br>(च) लुटपीट<br>(झ) अरुको घरमा अनधिकृत प्रवेश गरेको विषयको विवादमा स्थानिय तहको न्यायिक समितिले मेलमिलाप को माध्यम द्वारा विवादको अन्त्य गराउन सक्छ | यस्तो विषयमा पीडित व्यक्तिले सम्बन्धित गाउँपालिका वा नगरपालिकामा उजुरी निवेदन दिन सक्छ र सो निवेदन उपर न्यायीक समितिले मेलमिलापको माध्येमबाट विवादको निरोपण गर्नेछ |

| छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ (पहिलो संशोधन २०७५) मा दलित समुदायका हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनले निषेध गरेका कुरा** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| जतिय भेदभाव वा छुवाछूत गर्न नहुने | दफा ४ | कुनै पनि सार्वजनिक वा निजि स्थानमा जातिय भेदभाव वा छुवाछूत गर्न नहुने | यस्तो कसुर ऐनको दफा ११ बमोजिम सरकार बादी हुने फौजदारी कसुर भएकाले यस्तो कसुर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसको सुचना, उजुरी, जाहेरी नजिकको प्रहरी कार्यालाय मा दिन सक्छ (दफा ५) । ऐनको दफा ५(१४) बमोजिम प्रहरीले कुनै कारबाही नगरेको अवस्यथामा सो विषयको उजुरी राष्ट्रिय दलित आयोग वा स्थानिय तहमा समेत दिन सकिन्छ । |
| सजाय सम्बन्धि व्यवस्था | दफा ७ | तिन महिना देखि तिन वर्ष सम्म कैद र पचास हजार रुपौयाँ देखि दुई लाख रुपौयाँ सम्म जरिवाना वा दुवै सजाय | अदालतको फैसला अन्तिम हुँदा ठहरेको सजाय अनुसार । |
| एकै व्यक्तिले अपराध दोहऱ्याएमा दोव्वर सजाय | ७ (१क) | दोहोऱ्याई कसुर गर्नेलाई पटकै पिच्छे दफा ७ बमोजिम को सजायको दोब्बर सजाय हुने । | ऐ.ऐ. |
| क्षतिपुर्ति भराउन सक्ने | दफा ९ | पीडितलाई अदालतले फैसला गर्दा दुई लाख सम्म क्षतिपुर्ति भराई दिन सक्नेछ । साथै पीडितको मनासिव हानी नोक्सानी र उपचार खर्च कसुरदारबाट पीडितलाई भराउने आदेश दिन सक्ने छ । | क्षतिपुर्ति अदालतको फैसला अन्तिम हुँदा ठहरेको अनुसार र उपचार खर्च कुनै पनि समयमा अदालतले आदेश गरी भराउन सक्ने । |
| प्रचलित कानून बमोजिम पनि कारबाही हुन बाधा नपर्ने | दफा १३ | प्रचलित कानून बमोजिम सजाय हुने कसुर रहेछ भने सो कानून अनुसार पनि कारबाही गर्न यस कानूनले बाधा नपार्ने । | यस अपराधमा अन्य कानून अनुसार पनि अपराध मानिएको भएमा सो अनुसार कारबाही चलाउन सकिने । |

| अदालत निर्मित (नजिर) कानूनमा दलितका हक विषयक फैसलाहरू | | | |
|---|---|---|---|
| **संरक्षीत हक** | **नजिकको सिद्धान्त कहाँ प्रतिपादन गरिएको छ** | **नजिरको व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| | | | नेपालको संविधानको धारा १२८ अनुसार सर्वोच्च अदालतको अन्तिम आदेश कानून सरह हुने हुँदा संविधान र कानून बमोजिम उपचार प्राप्त गर्न सकिन्छ । |

| अन्तर्राष्ट्रिय कानूनी व्यवस्थामा दलित समुदायका हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी हक** | **अन्तर्राष्ट्रिय कानूनी व्यवस्था कहाँ छ** | **अन्तर्राष्ट्रिय कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| भेदभाव विरुद्धको हक | राष्ट्र संघीय वडापत्र (United Nations Charter, 1945) धारा १ (३) | आर्थिक, सामाजिक, संस्कृतक वा लोकहितका अन्तर्राष्ट्रिय समस्या सामाधान गर्नमा तथा जाति, लिङ्ग, भाषा र धर्मका भेदभाव विना सबैका निमित्त मौलिक हक एवं मानवअधिकारहरु प्रति सम्मानको भाव ......। | यस व्यवस्थाको कार्यन्वयनको लागि ठोस व्यवस्था नभए पनि कुनै राज्यले यस प्रावधानको उल्लंघन गऱ्यो र त्यसबाट विश्व शान्तिमा असर पर्ने देखियो भने संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदले त्यस्तो राज्य विरुद्ध विशेष प्रस्ताव पारित गरी सचेत गराउने तथा आवश्यक कारबाही गर्न सक्छ भने संयुक्त राष्ट्र संघीयको सदस्य राज्य भएको नाताले यस व्यवस्थाको पालन गर्नु पर्ने हरेक सदस्य राष्ट्रको नैतिक दाईत्व र कर्तव्य हुने मानिन्छ । त्यस वाहेक अन्तर्राष्ट्रिय कानूनको विषयवस्तु सामान्यतया व्यक्ति नभएर राज्य हुने भएकाले यसलाई अन्तर्राष्ट्रिय कानून अनुसार अदालति दायरामा लिई कारबाही गर्न सकिदैन |
| मानवअधिकार | विश्वव्यापी मानवअधिकार घोषणा पत्र (The Universal DecaLration of Human Rights) | यसले सवै मानवका लागि नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको स्पष्ट घोषणा गरी व्यवस्था गरेको ।<br><br>धारा १ सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन् ।<br><br>धारा २ जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरुको अधिकार हुनेछ । | यस घोषणाको प्रावधान राज्यहरुका लागि वाध्यकारी छ वा स्वऐच्छिक हो भन्ने विषयका अन्तर्राष्ट्रिय जगतमा विवाद छ तथापि संयुक्त राष्ट्रसंघका सदस्य राज्यहरुका लागि सदस्यताका नाताले यसको पालना गर्नु नैतिक दायित्व हुन जाने देखिन्छ । यसलाई अन्तर्राष्ट्रिय कानून अनुसार अदालति दायरामा लिई कारबाही गर्न सकिदैन । |

| | | | |
|---|---|---|---|
| समान कामका लागि समान ज्यालाको हक | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | धारा ७ (क) (१) कुनै पनि प्रकारको भेदभाव विना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीको नभएको कामको अवस्था र समान कार्यका लागि समान तलवको प्रत्याभूति, | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ। साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचार को व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ। |
| कानून बमोजिम समान व्यवहार गर्नु पर्ने | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | धारा २६ सबै व्यक्ति कानूनका दृष्टिमा समान छन्, कुनै भेदभावविना कानूनको समान संरक्षणको हकदार छन् । यस सम्बन्धमा कानूनले कुनै भेदभावलाई निषेध गर्ने छ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्गका आधारमा हुने कुनै पनि भेदभाब विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभुति दिनेछ । | ऐ.ऐ. |
| जातिय भेदभावको परिभाषा | सबै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | धारा १: जातिय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, संस्कृतिक वा सार्वजनिक जिवनका वा अन्न कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधार भुत स्वतन्त्रताको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्य प्रभाव भएका जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातिय उत्तपत्तिमा आधारित कुनै पनि भेदभाव बहिस्कार, प्रतिवन्ध वा प्राथमिकतालाई सम्झनु पर्दछ। | |
| राज्यले जातिय भेदभावको उन्मुलन गर्नु पर्ने | सबै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | धारा २: पक्षराष्ट्रहरुले जातिय विभेदको निन्दा गर्दछ र कुनै पनि रुपले जातिय विभेद उन्मुलन गर्ने तथा सबै जातिहरु विच समझदारी अभिबृद्धि गर्ने नीति अपनाउन सम्पुर्ण समुचित उपायहरु अविलम्ब अपनाउने कुराको प्रतिज्ञा गर्दछ। | ऐ.ऐ. |

# ३. सन्थाल/सतार समुदाय सम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरु

### ३.१ पृष्ठभुमि

भारतमा सन्थाल भनी सम्बोधन गरिने जातिलाई नै नेपालमा सतार भन्ने गरिएको पाईन्छ। नेपालमा सरकारद्धारा सन्थाल जातिलाई आदिवासि जनजातिको रुपमा सुचिकृत गरिएको छ। वि.सं २०६८ को जनगणना अनुसार नेपालमा सन्थाल जनजातिको जनसंख्या ५१७३५ मात्र रहेको छ। पुर्वी नेपालको प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरु झापा, मोरङ्ग र सुनसरी जिल्ला सन्थाल जातिको मुख्य बसोबास स्थल हो। सन्थाल जातिको आफ्नो छुट्टै भाषा, संस्कृती, भेषभुषा र रहन सहन रहेको पाइन्छ। यिनीहरु आफ्नो मौलिक संस्कृतिले भरिपूर्ण जाति भए पनि हाल आधुनिकताका कारण उनीहरुको मौलिक संस्कृति लगायत भाषा र भेषभुषा संकटमा परेको देखिन्छ। नेपाल सरकारले सन्थाल/सतार/मेचे लगायत जतिलाई अति सिमान्तकृत तथा पिछडिएको समुदायमा (राउटे तथा सिमान्तकृत, लोपोन्मुख समुदाय लक्षित कृषि विशेष कार्यक्रम (तरकारी) २०७३) राखी यो जातिको उत्थान, संरक्षण र जगेर्ना गर्न विभिन्न आरक्षण र विशेष व्यवस्था गरेको पाईन्छ भने यो जातिलाई आदिवासी जनजाति अन्तर्गत ५९ जनजाति अन्तर्गतको सुचिमा समेत राखिएको हुँदा जनजातिलाई प्रदान गरिएको आरक्षण र सुविधा समेत प्राप्त छ। त्यस्तै नेपाल सरकारले हालै सम्पन्न स्थानिय तहको निर्वाचनको प्रयोनजानर्थ तोकिएको प्रावधान अनुसार कुल जनसंख्याको ०.५ प्रतिशत जनसंख्या भएका समुदायलाई अल्पसंख्यकको सुचिमा राख्दा नेपालका १२५ मध्य ९८ जाति अल्पसंख्यकमा परेका छन् जस अनुसार सन्थाल जाति पनि अल्पसंख्यक जातिको सुचिमा सुचिकृत हुन पुगेको छ। प्रचलित नेपाल कानूनमा सन्थाल/सतार जाति सम्बद्ध कानूनी व्यवस्थाहरु मध्ये संघीय संसदद्धारा निर्मित कानूनहरुको यहाँ उल्लेख गरिएको छ भने संविधानको धारा १९७ अनुसार प्रदेश सभाले आफ्नो प्रदेशका लागि र संविधानको धारा २२६ बमोजिम स्थानिय तहका गाउँ सभा र नगर सभाहरुले पनि आ-आफ्नो क्षेत्रमा लागु हुने गरी संघीय कानूनको अधिनमा रही प्रदेश स्तरीय र स्थानिय कानूनको निर्माण गर्न सक्ने समेत देखिन्छ तर उक्त कानूनहरुबारे यहाँ उल्लेख गरिएको छैन।

## ३.२ सन्थालहरुको हक अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भएका कानूनी व्यवस्थाहरु

| नेपालको संविधानमा रहेका सन्थाल जातिको हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **सन्थाल जाति सम्बद्ध संवैधानिक हक** | **संवैधानिक व्यवस्था कहाँ छ** | **संवैधानिक व्यवस्था कस्तो छ** | **संवैधानिक उपचार प्राप्त गर्ने कार्यविधि** |
| सम्मानपुर्वक बाँच्न पाउने हक | नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक धारा १६(१) | प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाँच्न पाउने हक हुनेछ। | कहि कतैबाट सन्थाल समेत नेपाली नागरिकको यस हकको उल्लंघन भयो वा यस हकको विरुद्ध हुने गरी राज्यले कानून बनायो भने त्यसको उपचारका लागि संविधाको धारा ४६ को संवैधानिक उपचारको हक अन्तर्गत धारा १३३ र १४४ अनुसार अदालतमा आवश्यक विभिन्न रिट निवेदन दिई अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत यो हकलाई स्थापित गराउन सकिन्छ। |

| | | | |
|---|---|---|---|
| स्वतन्त्रताको हक | धारा १७(१) | कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रतावाट वञ्चित गरिने छैन । | ऐ.ऐ. |
| स्वेच्छाले आफ्नो पेशा व्यवसाय रोज्न र छोडन पाउँने हक | धारा १७(२)(च) | नेपालको कुनै पनि भागमा पेशा रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुने छ । | ऐ.ऐ. |
| समानताको हक | धारा १८ | (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।<br>(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन,<br>(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।<br>तर आदिवासि जनजाति, पिछडा वर्ग, सिमान्तकृत, अल्पसंख्यक समेतका समुदायको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बनाई विषेश व्यवस्था गर्न सकिने । | ऐ.ऐ. |
| न्याय सम्बन्धि हक | धारा २० (९) | प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायीक निकायबाट स्वच्छ सुनुवाईको हक हुने छ । | ऐ.ऐ. |
| यातना विरुद्धको हक | धारा २२ (१) र (२) | पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई अमानवीय अपमानजनक व्यवहार गरिने छैन यदि गरिएमा दण्डनीय हुनेछ, पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ । | ऐ.ऐ. |
| धार्मिक स्वतन्त्रताको हक | धारा २६ | धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ । | ऐ.ऐ. |
| शोषण विरुद्धको हक | धारा २९(२)(३) र (५) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । यस्तो कार्य दण्डनीय हुनेछ साथै पीडकबाट पीडितलाई कानून बमोजिम क्षतिपुर्ति भराईने छ । | |
| भाषा तथा संस्कृतिको हक | धारा ३२ (२) | (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।<br>(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।<br>(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ । | |
| रोजगारीको हक | धारा ३३ (१) | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । | |

| | | | |
|---|---|---|---|
| आवासको हक | धारा ३७ (१) (२) | (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।<br>(२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन । | |
| सामाजिक न्यायको हक | धारा ४२ (१) (२) | (१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछाडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।<br>(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ । | |
| सामाजिक सुरक्षाको हक | धारा ४३ | लोपोन्मुख जातिका मानिस समेतलाई सामाजिक सुरक्षाको हक प्राप्त हुनेछ भन्ने व्यवस्था गरिएको भएता पनि सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार सन्थाल जातिलाई लोपोन्मुख जातिको सुचिमा समाभेष नगरिएको हुँदा सन्थालले सामाजिक सुरक्षा भत्ता पाउन नसक्ने देखिन्छ । | |
| भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व | धरा ५० (२) | धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने | यो राज्यको उद्देश्य भएको हुँदा राज्यले यो काम गरेन भनेर कुनै पनि अदालतमा प्रश्न उठाउन नपाईने व्यवस्था संविधानको धारा ५५ ले गरेको हुँदा यो विषय राज्यको नैतिक प्रश्नको विषय मात्र भएकाले उपचारका लागि जान सकिदैन । |
| राज्यका नीतिहरु | धारा ५१ (क) (२) | विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदाय बीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय इकाइ बीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्धन गर्ने । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| राज्यका नीतिहरु (विभेद, असमानताको अन्त्य गर्ने) | धारा ५१ (ग) (५) (६) | समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने ।<br>देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सह-अस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने । | ऐ.ऐ. |
| उत्पीडितको विशेष व्यवस्था गर्ने । | धारा ५१ (ञ) (८) (९) (१०), (११) | (८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने,<br>(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,<br>(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,<br>(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने । | ऐ.ऐ. |
| राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुन | धारा ७० | यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ । | यो संवैधानिक प्रावधान विपरीत हुने राष्ट्पति र उपराष्ट्रपति को प्रतिनिधित्व भएमा सन्थाल समेतले त्यस विरुद्ध संविधानको धारा १३३ र १४४ अनुसार अदालतलमा आवश्यक विभिन्न रिट निवेदन दिई अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत यो हकलाई स्थापित गराउन सकिने । |

| | | | |
|---|---|---|---|
| समावेशी सिद्धान्त बमोजिम सन्थाल समुदायका व्यक्तिहरु समेटिन सक्ने स्थान | धारा ७६ (९) | राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्री परिषद् गठन गर्नेछ । | ऐ.ऐ. |
| संघीय संसदको प्रतिनिधि सभाको निर्वाचनमा सन्थाल समेतलाई आरक्षणको व्यवस्था । | धारा ८४ (२) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । | ऐ.ऐ. |
| संघीय संसदका राष्ट्रिय सभामा एक जना अपाङ्ग वा अल्पसंख्यक अनिवार्य गरिएको | धारा ८६ (२) (क) | प्रत्यक प्रदेशका प्रदेश सभा सदस्य र स्थानिय तहका प्रमुख उपप्रमुखद्धारा निर्वाचित हुने ८ जना सदस्य मध्ये अपाङ्ग वा अल्पसंख्यक मध्ये एक अनिवार्य हुनु पर्ने व्यवस्था गरिएको । | ऐ.ऐ. |
| समावेशी सिद्धान्तबमोजिम सन्थाल समुदायका व्यक्तिहरु समेटिन सक्ने स्थान | धारा १६८ (९) | प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्री परिषद गठन गर्नेछ । | ऐ.ऐ. |
| समावेशी सिद्धान्त बमोजिम सन्थाल समुदायका व्यक्तिहरु समेटिन सक्ने स्थान | धारा १७६ (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछाडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । | ऐ.ऐ. |
| गाउँ कार्यपालिकाको सदस्य पदमा आरक्षण | धारा २१५ (४) | गाउँ सभाका सदस्यहरुले आफु मध्येबाट २ जना दलित वा अल्पसँख्यक समुदायबाट गाउँ कार्यपालिकाको सदस्यको रुपमा अनिवार्य निर्वाचित गर्नु पर्ने । | ऐ.ऐ. |
| नगर कार्यपालिकाको सदस्य पदमा आरक्षण | धारा २१६ (४) | नगर सभाका सदस्यहरुले आफु मध्येबाट ३ जना दलित वा अल्पसँख्यक समुदायबाट नगर कार्यपालिकाको सदस्यको रुपमा अनिवार्य निर्वाचित गर्नु पर्ने । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| जिल्ला समन्वय समितिको सदस्य पदमा आरक्षण | धारा २२० (३) | जिल्ला सभाले कम्तिमा १ जना दलित वा अल्पसंख्यक सहित बढिमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने छ । | ऐ.ऐ. |
| गाउँ सभा (स्थानिय व्यवस्थापिका) मा आरक्षण । | धारा २२२ (२) | संविधानको धारा २१५(४) बमोजिम दलित वा अल्पसँख्यक समुदायबाट निर्वाचित गाउँपालिका सदस्त गाउँ सभाको सदस्य रहने छन् । | ऐ.ऐ. |
| नगर सभा (स्थानिय व्यवस्थापिका) मा आरक्षण । | धारा २२३ (२) | संविधानको धारा २१६(४) बमोजिम दलित वा अल्पसँख्यक समुदायबाट निर्वाचित नगरपालिका सदस्त नगर सभाको सदस्य रहने छन् । | ऐ.ऐ. |
| सन्थालले आफ्नो मानवअधिकार उल्लंघन भएको अवस्थामा राष्ट्रिय मानवअधिकार आयोग समक्ष निवेदन दिन सक्ने | धारा २४९ (२) (क) | कुनै व्यक्ति वा समूहको मानवअधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने । | ऐ.ऐ. |
| कर्तव्य पालन नगर्ने कर्मचारीलाई कारबाहीको सिफारिस गर्नसक्ने | धारा २४९ (२) (ख) | मानवअधिकार उल्लंघन रोक्ने जिम्मेवारी पाएको पदाधिकारीले सो कार्य नगरेमा निजलाई विभागिय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस राष्ट्रिय मानवअधिकार आयोगले गर्न सक्छ । | ऐ.ऐ. |
| मुद्दा दायर गर्न सिफारिस गर्ने | धारा २४९ (२) (ग) | मानवअधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्था विरुद्ध मुद्दा चलाउनु पर्ने भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने | ऐ.ऐ. |
| राष्ट्रिय समावेशी आयोगको पदाधिकारीको पहिलो योग्यता । | धारा २५८ (६) (क) | कम्तीमा दश वर्ष सामाजिक समावेशीकरण, अपांगता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको क्षेत्र र वर्गको हक हित वा विकास वा मानवअधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति मात्र राष्ट्रिय समावेशी आयोगको अध्यक्ष तथा सदस्य हुन पाउछन् । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| | धारा २५९ (१) | (क) खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,<br>(ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,<br>(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,<br>(च) अल्पसंख्यक तथा सीमान्तकृत समुदाय सम्बन्धी कानूनमा समयानुकुल परिमार्जनका लागि सिफारिस गर्ने,<br>(छ) अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि प्रत्याभूत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रूपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने । | ऐ.ऐ. |
| समावेशी सिद्धान्त बमोजिम नियुक्त गर्नु पर्ने । | धारा २८३ | संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ । | ऐ.ऐ. |
| सरकारी सेवा | धारा २८५ | सबै सरकारी सेवामा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा पदपुर्ति गरिने छ । | ऐ.ऐ. |

| मानवअधिकार आयोग ऐन, २०६८ मा सन्थाल जातिको हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| मानवअधिकार उल्लंघन कर्ताको नाम सार्वजनिक गर्ने | दफा ७ | मानवअधिकार उललंघन गर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानवअधिकार उल्लंघन कर्ताको रुपमा सार्वजनिक गर्ने । | मानवअधिकार आयोगको काम कर्तव्य । |
| पीडितलाई उद्धार गर्ने तथा राहत उपलब्ध गराउन आदेश दिने | दफा ९ | पीडित व्यक्तिलाई तत्काल राहत उपलब्ध नगराउदा वा उद्धार नगर्दा निजलाई थप क्षति हुन सक्ने देखिएमा आयोगले तत्कालै आन्तरिक राहत उपलब्ध गराउन वा उद्धार गर्न सम्बन्धित निकायलाई आदेश गर्न सक्ने । | ऐ.ऐ. |
| मानवअधिकार उल्लंघनको उजुरी लिने | दफा १० | मानवअधिकार उल्लंघनको अवस्थामा पीडित व्यक्ति वा निजको तर्फबाट कसैले आयोग समक्ष उजुरी दिन सक्ने । | ऐ.ऐ. |
| मेलमिलाप गराउने | दफा १४ | मानवअधिकार उल्लंघन कर्ता र पीडित विच आपसी सहमति भएमा दुई पक्ष विच मेलमिलप गराउन सक्ने । | ऐ.ऐ. |
| निर्णय गर्ने | दफा १५ | मानवअधिकार आयोगमा परेको उजुरी सम्वन्धमा छ महिना भित्र निर्णय गर्नु पर्ने । | ऐ.ऐ. |
| क्षतिपुर्ति समेत तोक्ने | दफा १६ | मानवअधिकार आयोगले निर्णय गर्दा आवश्यक देखिय क्षतिपुर्ति दिनु पर्ने समेत खुलाई निर्णय दिनु पर्ने | ऐ.ऐ. |
| निर्णय कार्यान्वयनको लागि लेखि पठाउने | दफा १७ | आयोगको सिफारिस, निर्णय वा आदेश कार्यान्वयनका लागि सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकाय समक्ष लेखि पठाउनु पर्ने छ । | ऐ.ऐ. |

| राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ मा सन्थाल जातिको हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यावस्था कहाँ छ** | **कानूनी व्यावस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| राष्ट्रिय समावेशी आयोगको मुख्य काम | | क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,<br>(च) खण्ड (क) मा उल्लेखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सबै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने | राष्ट्रिय समावेशी आयोगको काम |

| मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा सन्थाल जातिको हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| व्यक्तित्वलाई स्वीकार गर्नु पर्ने | मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा १२ | प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नु पर्नेछ । | देवानी कानूनका सामान्य सिद्धान्त |
| कानून विपरित प्रथा वा परम्परा लाई मान्यता नदिइने । | ऐ. दफा १५ | कानून विपरीतका प्रथा वा परम्परालाई न्यायको रोहमा मान्यता दिइने छैन । | ऐ.ऐ. |
| कानूनको दृष्टिमा समान हुने | ऐ. दफा १७ | (१) प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने छन् ।<br>(२) कुनै पनि नागरिकलाई कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । | मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा २९. हदम्याद: यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले गिरफ्तार वा थुनिएको हकमा जहिले सुकै र अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ । |
| भेदभाव गर्न नपाइने | ऐ. दफा १८ | (१) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । | ऐ.ऐ. |
| विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने | ऐ. दफा १९ | दफा १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन । | ऐ.ऐ. |
| स्वतन्त्रता र अधिकार हुन | ऐ. दफा २० | (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन । | ऐ.ऐ. |

| | | | |
|---|---|---|---|
| व्यक्तिको मान्यता पाउने | ऐ. दफा ३० | प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको रूपमा मान्यता पाउनेछ र निज जीवित रहेसम्म कानून बमोजिमको अधिकार उपभोग गर्न पाउनेछ। | पीडित व्यक्तिले दफा ४१ (ग) बमोजिम काम कारबाही भए गरेको मितिले ६ महिनाभित्र नालिस (सम्बन्धित अदालतमा फिरादपत्र दिई) गर्न सक्नेछ। |
| पारिवारिक जिवन अनतिक्रम्य हुने | ऐ. दफा ६९ (३) | प्रत्येक व्यक्तिको पारिवारिक जिवन अनतिक्रम्य हुनेछ। | दफा ८४ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र नालिस (सम्बन्धित अदालतमा फिरादपत्र दिई) गर्न सक्नेछ। |
| जातिय कुल र चलिआएको चलन अनुसारको नातामा विवाह गर्न हुने | ऐ. दफा ७० (२) | प्रचलित कानूनमा जे लेखिएको भएता पनि आफ्नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न वा गराउन कुनै बाधा पर्ने छैन। | ऐ.ऐ. |
| पेशा, व्यवसाय वा काम गर्न रोक्न नहुन | ऐ. दफा ९१ | पति वा पत्नी वा परिवारका कुनै सदस्यले एक अर्कालाई निजको सीप, योग्यता वा क्षमता अनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न हुँदैन। | दफा ९२ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र नालिस गर्न सक्नेछ। |
| छोराछोरी छोराछोरी विच भेदभाव गर्न नहुन | ऐ. दफा १२७ | आमा बाबुले आफ्नो छोरा, छोरीको पालनपोषण, शिक्षा तथा दीक्षा, खेलकुद, स्वास्थ्योपचार, मनोरञ्जन, सुविधा वा घरेलु कामकाजमा छोरा वा छोरीको आधारमा वा छोरा छोरा वा छोरी छोरी बीच कुनै किसिमले भेदभाव गर्न हुँदैन। | दफा १३४ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ। |
| अदालतले नावालकको संरक्षक नियुक्त गर्न सक्ने | ऐ. दफा १३९ | विशेष अवस्थामा सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिले अदालतमा वा सरोकारवालाले संरक्षक नियुक्त गर्न अदालतमा निवेदन दिएमा अदालतले नावालकको संरक्षक नियुक्त गर्न सक्ने छ। | दफा १५२ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ। |
| अदालतले नाबालकको माथवर नियुक्त गर्न सक्ने | ऐ. दफा १५७ | विशेष अवस्थामा सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिले माथवर नियुक्त गर्न अदालतमा निवेदन दिएमा अदालतले नावालकको संरक्षक नियुक्त गर्न सक्ने छ। | दफा १६८ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ। |

| | | | |
|---|---|---|---|
| प्रतिकूल भोगाधिकार रहेको मानिने | ऐ. दफा २७३ | (१) यस परिच्छेदमा अन्यत्र जुनसकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले अर्को व्यक्तिको चल सम्पत्तिको हकमा तीन वर्ष र जमिनको हकमा तीस वर्षभन्दा बढी समयदेखि त्यस्तो सम्पत्ति वा जमिन आफ्नै सम्पत्ति वा जमिन सरह भोग गरेमा त्यस्ता सम्पत्ति वा जमिनमा निजको प्रतिकूल भोगाधिकार रहेको मानिनेछ । तर,<br>(१) सरकारी, सार्वजनिक, सामुदायिक वा गुठीको जग्गा जतिसुकै समयसम्म भोग गरेको भए तापनि प्रतिकूल भोगाधिकार प्राप्त हुने छैन ।<br>(२) कुनै सम्पत्ति वा जमिनको सम्बन्धमा करार वा अन्य कानूनद्वारा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई कुनै सम्पत्तिमा प्रतिकूल भोगाधिकार प्राप्त भएमा त्यस्तो व्यक्तिले त्यस्तो सम्पत्ति आफ्नो नाममा स्वामित्व कायम गराउन सक्नेछ ।<br>(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वामित्ववालाको जानकारी विना, गोप्य रूपमा वा जबरजस्ती कुनै चल सम्पत्ति वा जमिन भोग गरेकोमा यो दफाको व्यवस्था लागू हुने छैन ।<br>(४) यस दफा बमोजिमको अवधि गणना गर्दा यो ऐन प्रारम्भ भएको मितिबाट गणना गरिनेछ । | दफा २७५ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले एक वर्ष भित्र नालिस गर्न सक्नेछ । |
| काम गर्नेलाई ज्याला मजुरी दिनु पर्ने | ऐ. दफा ६४६ | (१) काम लगाउनेले काममा लगाए वापत दिनु पर्ने ज्याला मजुरी काम गर्ने व्यक्ति वा निजले मञ्जुरी गरेको अन्य कुनै व्यक्तिलाई दिनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम ज्याला मजुरी भुक्तानी हुनु अगावै काम गर्ने व्यक्तिको मृत्यु भएमा निजले पाउने ज्याला मजुरी निजको नजिकको हकवालाले पाउनेछ । | दफा ६४७ बमोजिम मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले एक वर्ष भित्र नालिस गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| दुष्कृति गरेको मानिने | ऐ. दफा ६७२ | (१) कसैले आफ्नो वा यस परिच्छेद बमोजिम आफैंले दायित्व वहन गर्नु पर्ने अरू कसैको त्रुटि, हेलचेक्र्याइँ वा लापरवाही जेसुकैबाट भए तापनि गरेको कुनै काम (कमिसन) वा अकर्मण्यता (ओमिशन) बाट कसैको जीउ, ज्यान वा सम्पत्ति वा कानून बमोजिम संरक्षित हक वा हितमा कुनै किसिमले हानि, नोक्सानी पुऱ्याउनु हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको काम वा अकर्मण्यताका सम्बन्धमा पक्षहरू बीच कुनै पूर्व करार सम्बन्ध भएको रहेनछ भने त्यस्तो काम वा हेलचेक्र्याइँको परिणाम स्वरूप उत्पन्न हानि, नोक्सानीलाई दुष्कृति गरेको मानिनेछ ।<br>स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि “अकर्मण्यता” भन्नाले कसैले गर्नु पर्ने काम नगरेको अवस्था सम्झनु पर्छ ।<br>(३) उपदफा (२) बमोजिम दुष्कृति गरेकोमा त्यस्तो कार्य गर्ने व्यक्तिले यस परिच्छेद बमोजिम दायित्व व्यहोर्नु पर्ने छ ।<br>(४) उपदफा (३) बमोजिम दायित्व व्यहोर्नु पर्दा दुष्कृतिको मात्राको अनुपातमा अलग अलग दायित्व निर्धारण गर्न सकिएमा सोही बमोजिम र नसकिएमा दुष्कृतिको लागि जिम्मेवार व्यक्ति सबैले समान रूपमा दायित्व व्यहोर्नु पर्नेछ । | दफा ६८४ बमोजिम मर्का पर्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ । |
| अनधिकृत प्रवेशको दायित्व व्यहोर्नु पर्ने | ऐ. दफा ६८० | कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्नेछ ।<br>स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि “अनधिकृत प्रवेश” भन्नाले अचल सम्पत्ति भए अर्काको हक, भोगचलन वा स्वामित्वमा रहेको सम्पत्तिमा गैरकानूनी प्रवेश, त्यसको उत्पादनको कब्जा अनधिकृत क्षति, हस्तक्षेप वा गैरकानूनी खिचोला र चल सम्पत्ति भए<br>अर्काको हक, भोगचलन वा स्वामित्वमा रहेको सम्पत्ति जबरजस्ती कब्जा गर्ने, लैजाने, त्यसबाट प्राप्त लाभ लिने वा भोगचलन गर्नलाई बाधा विरोध गर्ने काम सम्झनु पर्छ र सो शब्दले कुनै पनि किसिमको सम्पत्तिलाई अनधिकृत रूपमा नियन्त्रण गर्ने काम समेतलाई जनाउँछ । | ऐ.ऐ. |
| दायित्व वापत क्षतिपूर्ति व्यहोर्नु पर्ने | ऐ. दफा ६८२ | (१) यस परिच्छेद बमोजिम भएको दुष्कृति वापतको दायित्व व्यहोर्नु पर्दा दृष्कृति गर्नेले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ । | ऐ.ऐ. |

| मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ मा सन्थाल जातिको हक आकर्षित हुने प्रावधानहरू | | | |
|---|---|---|---|
| **कानूनी हक** | **कानूनी व्यवस्था कहाँ छ** | **कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| सार्वजनिक शान्ति खलल पार्न नहुने | ऐ. दफा ६५ | (१) कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरु कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति, सम्प्रदाय वा भाषाको आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरुका बीचको सु-सम्बन्धमा खलल पार्ने काम गर्न हुँदैन ।<br>(२) यस्तो काम गर्नेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।<br>(३) कुनै देवस्थल वा पूजा वा प्रार्थना गर्ने ठाउँ वा धार्मिक, साँस्कृतिक चाड वा समारोह भइरहेको ठाउँमा गरेको भए उपदफा (२) बमोजिमको सजायमा थप एक वर्षसम्म कैद हुनेछ । | दफा ७४ बमोजिम त्यस्तो कसूर भएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन । |
| भेदभावपूर्ण व्यवहार गर्न नहुने | ऐ. दफा १६० | (१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिक माथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |
| भेदभाव गरी वस्तु वा सेवा खरिद बिक्री वा वितरण गर्न नहुने | ऐ. दफा १६१ | (१) कसैले कुनै वस्तु वा सेवाको खरिद वा बिक्री वितरण गर्दा गराउँदा कुनै खास जात, जाति वा सम्प्रदायको व्यक्तिबाट मात्र वा त्यस्ता व्यक्तिलाई मात्र खरिद वा बिक्री वितरण गर्ने वा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई उपलब्ध नगराउने वा बिक्री वितरण नगर्ने कार्य गर्न हुँदैन ।<br>तर आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको हित संरक्षण वा विकासका लागि कानून बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई कुनै खास वस्तु वा सेवा कुनै खास जात, जाति वा सम्प्रदायका व्यक्तिलाई मात्र उपलब्ध गराएकोमा वा बिक्री वितरण गरेकोमा यस दफा बमोजिम कसूर गरेको मानिने छैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |
| जवर्जस्ती काममा लगाउन नहुने | ऐ. दफा १६२ | (१) कसैले कसैलाई निजको इच्छा बिरुद्ध काममा लगाउन हुँदैन । तर सार्वजनिक कामको लागि कानून बमोजिम श्रममा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |

| | | | |
|---|---|---|---|
| सामाजिक रीति स्थितिमा खलल पार्न नहुने | ऐ. दफा १६५ | (१) कसैले कसैको सामाजिक रीति स्थितिमा खलल पर्ने वा खलल हुने गरी झुक्याई वा जबर्जस्ती गरी कुनै काम गर्न वा गराउन हुँदैन ।<br>स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि जातीय भेदभाव हुने रीतिस्थितिलाई सामाजिक रीतिस्थिति मानिने छैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |
| यातना दिन नहुने | ऐ. दफा १६७ | (१) प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन हुँदैन ।<br>स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि पक्राउ परेको, नियन्त्रणमा रहेको, हिरासत, थुना, कैद वा नजरबन्द वा आफ्नो सुरक्षामा रहेको कुनै व्यक्ति वा त्यस्तो व्यक्तिको कारणले अन्य कुनै व्यक्तिलाई देहायको उद्देश्यले जानीजानी शारीरिक वा मानसिक पीडा वा कष्ट पुऱ्याएमा वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिएमा त्यस्तो व्यक्ति उपर यातना दिएको वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेको मानिनेछ :-<br>(क) कुनै विषयमा जानकारी हासिल गर्ने,<br>(ख) कुनै कसूरमा साबित गराउने,<br>(ग) कुनै कार्यको लागि दण्ड दिने,<br>(घ) जोर जुलुम वा त्रास देखाउने, वा<br>(ङ) कानून विपरीतका अन्य कुनै कार्य गर्ने ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको गम्भीरता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>(३) उपदफा (१) बमोजिमको कसूर गर्न आदेश दिने व्यक्ति वा यस दफा बमोजिमको कसूर गर्न सहयोग गर्ने मतियारलाई मुख्य कसूरदार सरह सजाय हुनेछ ।<br>(४) उपदफा (१) बमोजिम कसूर गर्ने कुनै व्यक्तिले आफूभन्दा माथिका अधिकारीको आदेश पालना गरी त्यस्तो कसूर गरेको भन्ने दावी लिन पाउने छैन र निजले त्यस्तो आधारमा त्यस्तो कसूर गरे बापत हुने सजायबाट उन्मुक्ति पाउने छैन । | दफा १७० बमोजिम यो कसूरमा त्यस्तो कसूर भएको वा सम्बन्धित व्यक्ति पक्राउ, नियन्त्रण, हिरासत, थुना, कैद वा नजरबन्दबाट मुक्त भएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । |

| | | | |
|---|---|---|---|
| अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने | ऐ. दफा १६८ | (१) कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउनु हुँदैन।<br>स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि देहाय बमोजिमका कामलाई अपमानजनक वा अमानवीय व्यवहार मानिनेछ :-<br>(क) बोक्सा बोक्सीको आरोप लगाउने,<br>(ख) बोक्सा बोक्सीको आरोप लगाई बसोबास गरेको ठाँउबाट निकाला गर्ने,<br>(ग) सामाजिक बहिष्कार गर्ने, वा<br>(घ) अन्य जुनसुकै काम गरी क्रुर, अमानवीय वा अपमानजन्य व्यवहार गर्ने।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।<br>(३) महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन।<br>(४) उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।<br>(५) राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुनेछ। | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन। |
| क्षतिपूर्ति भराई दिनु पर्ने | ऐ. दफा १६९ | यस परिच्छेद बमोजिमको कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ। | दफा १७० बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन। |
| अरुको आवासमा अनाधिकृत प्रवेश गर्न नहुने | ऐ. दफा ३०२ | (१) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेशले बाहेक कसैले अरुको घरमा सम्बन्धित घर धनीको स्वीकृति विना अनधिकृत रुपमा प्रवेश गर्न, घर धनी वा निजको परिवारको गोप्यता भङ्ग गर्न वा त्यस्तो घरको खानतलासी गर्न वा गराउन हुँदैन।<br>स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "घर" भन्नाले कुनै व्यक्तिले बसोबास गरेको घर, निवास, आवास, कोठा सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिले रात बिताउने गरी बसेको होटेल कोठा, शिविर र पाल समेतलाई जनाउँछ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। | दफा ३०४ बमोजिम त्यस्तो कसूरमा कसूर भए गरेको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन। |
| गाली गर्न नहुने | ऐ. दफा ३०५ | कसैले कसैलाई गाली गर्न हुँदैन।<br>गाली गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। | दफा ३०८ बमोजिम त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन। |

| | | | |
|---|---|---|---|
| बेइज्जती गर्न नहुने | ऐ. दफा ३०६ | कसैले कसैको बेइज्जती गर्न हुँदैन ।<br>गरेमा सजाय दफा ३०७ अनुसार :<br>(१) कसैले कसैको बेइज्जती गरे वा गराएमा निजलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>तर विद्युतीय वा अन्य आम सञ्चारका माध्यमबाट बेइज्जती गरे वा गराएमा त्यस्तो सजायमा थप एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवना हुनेछ ।<br>(२) कसैले कसैलाई बेइज्जती गरे वा गराएको ठहरिएमा बेइज्जती गरिएको व्यक्तिलाई कसूरको गम्भीरता, त्यस्तो व्यक्तिको प्रतिष्ठामा पर्न गएको असर तथा विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट बेइज्जती गरेको भएमा त्यस्तो कुरा समेतलाई विचार गरी कसूरदारबाट मनासिब क्षतिपूर्ति र त्यस्तो व्यक्तिलाई कसूरदारबाट मुद्दामा लागेको खर्च समेत भराउनु पर्नेछ ।<br>(३) मरिसकेको कुनै व्यक्तिलाई यस परिच्छेद बमोजिम बेइज्जती गरेको ठहरिएमा कसूरदारबाट त्यस्तो बेइज्जतीबाट भावनामा चोट लागेको निजको नजिकको हकवालालाई त्यस्तो क्षतिपूर्ति र मुद्दामा लागेको खर्चको रकम भराई दिनु पर्नेछ । | ऐ.ऐ. |

**अदालत निर्मित (नजिर) कानूनमा सन्थालका हक विषयक फैसलाहरु**

| संरक्षीत हक | नजिरको सिद्धान्त कहाँ प्रतिपादन गरीएको छ | नजिरको व्यवस्था कस्तो छ | कानूनी उपचार प्राप्त गर्ने कार्यविधि |
|---|---|---|---|
| | | | नेपालको संविधानको धारा १२८ अनुसार सर्वोच्च अदालतको अन्तिम आदेश कानून सरह हुने हुँदा संविधान र कानून बमोजिम उपचार प्राप्त गर्न सकिन्छ । |

| अन्तर्राष्ट्रिय कानूनी व्यवस्था मा सन्थाल समुदायका हक आकर्षित हुने प्रावधानहरु | | | |
|---|---|---|---|
| **कानूनी हक** | **अन्तर्राष्ट्रिय कानूनी व्यवस्था कहाँ छ** | **अन्तर्राष्ट्रिय कानूनी व्यवस्था कस्तो छ** | **कानूनी उपचार प्राप्त गर्ने कार्यविधि** |
| भेदभाव विरुद्धको हक | राष्ट्र संघीय वडापत्र (United Nations Charter, 1945) धारा १ (३) | आर्थिक, सामाजिक, संस्कृतिक वा लोकहितका अन्तर्राष्ट्रिय समस्या सामाधान गर्नमा तथा जाति, लिङ्ग, भाषा र धर्मका भेदभाव विना सबैका निमित्त मौलिक हक एवं मानवअधिकारहरु प्रति सम्मानको भाव ......। | यस व्यवस्थाको कार्यन्वयनको लागि ठोस व्यवस्था नभए पनि कुनै राज्यले यस प्रावधानको उल्लंघन गऱ्यो र त्यसवाट विश्व शान्तिमा असर पर्ने देखियो भने संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदले त्यस्तो राज्य विरुद्ध विशेष प्रस्ताव पारित गरी सचेत गराउने तथा आवश्यक कारबाही गर्न सक्छ भने संयुक्त राष्ट्र संघीयको सदस्य राज्य भएको नाताले यस व्यवस्थाको पालन गर्नु पर्ने हरेक सदस्य राष्ट्र को नैतिक दाईत्व र कर्तव्य हुने मानिन्छ। त्यस वाहेक अन्तर्राष्ट्रिय कानूनको विषयवस्तु सामान्यतया व्यक्ति नभएर राज्य हुने भएकाले यसलाई अन्तर्राष्ट्रिय कानून अनुसार अदालति दायरामा लिई कारबाही गर्न सकिदैन |
| मानवअधिकार | विश्वव्यापी मानवअधिकार घोषणा पत्र (The Universal DecaLration of Human Rights) | यसले सबै मानवका लागि नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको स्पष्ट घोषणा गरी व्यवस्था गरेको ।<br>धारा १ सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन् ।<br>धारा २ जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लेखित अधिकार र स्वतन्त्रताहरुको अधिकार हुनेछ । | यस घोषणको प्रावधान राज्यहरुका लागि वाध्यकारी छ वा स्वऐच्छिक हो भन्ने विषयका अन्तर्राष्ट्रिय जगतमा विवाद छ तथापि संयुक्त राष्ट्रसंघका सदस्य राज्यहरुका लागि सदस्यताका नाताले यसको पालना गर्नु नैतिक दायित्व हुन जाने देखिन्छ । यसलाई अन्तर्राष्ट्रिय कानून अनुसार अदालति दायरामा लिई कारबाही गर्न सकिदैन । |

| | | | |
|---|---|---|---|
| समान कामका लागि समान ज्यालाको हक | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | धारा ७ (क)(१) कुनै पनि प्रकारको भेदभाव विना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीको नभएको कामको अवस्था र समान कार्यका लागि समान तलवको प्रत्याभूति, | नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून नेपालमा नेपाल कानून सरह लागु हन्छन् त्यसैले प्रचलित कानून अनुसार नै उपचार खोज्न सकिन्छ। साथै प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रिय उपचार प्रभावकारी नभएमा वा उपचारको व्यवस्था नभएमा अन्तर्राष्ट्रिय कानून अनुसार उपचार खोज्न सकिन्छ। |
| कानून बमोजिम समान व्यवहार गर्नु पर्ने | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | धारा २६ सबै व्यक्ति कानूनका दृष्टिमा समान छन्, कुनै भेदभाव विना कानूनको समान संरक्षणको हकदार छन् । यस सम्बन्धमा कानूनले कुनै भेदभावलाई निषेध गर्ने छ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्गका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभुति दिनेछ। | ऐ.ऐ. |
| जातिय भेदभावको परिभाषा | साबै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | धारा १ : जातिय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, संस्कृतिक वा सार्वजनिक जिवनका वा अन्न कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभुत स्वतन्त्रताको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्य प्रभाव भएका जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातिय उक्तपत्तिमा आधारित कुनै पनि भेदभाव बहिस्कार, प्रतिवन्ध वा प्रथामिकतालाई सम्झनु पर्दछ। | |
| राज्यले जातिय भेदभावको उन्मुलन गर्नु पर्ने | सबै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | धारा २ : पक्षराष्ट्रहरुले जातिय विभेदको निन्दा गर्दछ र कुनै पनि रुपले जातिय विभेद उन्मुलन गर्ने तथा सबै जातिहरु बीच समझदारी अभिवृद्धि गर्ने नीति अपनाउन समपुर्ण समुचित उपायहरु अविलम्ब अपनाउने कुराको प्रतिज्ञा गर्दछ। | ऐ.ऐ. |

# ४. सिमान्तकृत समुदाय अन्तर्गत तेस्रो चरणको विश्वव्यापी आवधिक समीक्षामा समावेश भएका सिफारिसहरु

संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद् सैंतिसौं सभा द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत नेपालको तेस्रो चरणको समीक्षा सन् २०२१ को १८ जनवरी देखि ८ फेब्रुअरीमा सम्पन्न भयो। नेपालको समीक्षा यो सभाको सातौं बैठक २१ जनवरी २०२१ मा आयोजित भएको थियो। २६ जनवरी २०२१ मा आयोजित १४ औं बैठकमा कार्यदलले नेपालको प्रतिवेदन पारित गरेको थियो। मानवअधिकार परिषद्को बैठकमा कार्यदलको प्रतिवेदनमा नेपालले प्राप्त गरेको कूल २३३ सिफारिसहरु समावेश गरिएको छ। ती मध्ये १९३ सिफारिसहरु कार्यान्वयनको लागि स्वीकार गरिएको छ, ३ वटा सिफारिसहरु पूर्णत कार्यान्वयन भैसकेको छ र ३७ सिफारिसहरुलाई हालका लागि नोटेड गरिएको छ।

१९६ सिफारिसहरु कार्यान्वयनको लागि स्वीकार गरिएको मध्ये ४० वटा सिफारिसहरु आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार भित्र परेका छन्। त्यस्तै, समानता र अविभेदमा ३२ सिफारिसहरु (ति मध्य, जातिय भेदभावमा १२ वटा र लैंगिक भेदभावमा २० वटा) र अल्पसंख्यक/आदिवासी समुदायको अधिकारमा ४ सिफारिसहरु परेका छन्।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, समानता र अविभेदमा र अल्पसंख्यक/आदिवासी समुदायको अधिकारमा परेका सिफारिसहरुका साथ-साथै सन्थाल समुदायको जन्मदर्ता र नागरिकता सम्बन्धी ३ सिफारिसहरु र बंधुवा मजदुर/मुक्त हलियाहरुको पुनर्वास समबन्धी २ वटा सिफारिशहरु तल विस्तृत रुपमा उल्लेख गरिएको छ।

## ४.१ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद् द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिस गरिएका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार संवद्ध सिफारिशहरु

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| | **a) The right to an adequate standard of living** | | **पर्याप्त जीवन स्तरको अधिकार** |
| 159.117, 159.127 | Continue measures to improve the country’s standard of living people through the implementation of laws and policies that have already been put in place | १५९.११७, १५९.१२७ | बिधमान कानून र नीतिहरुको कार्यान्वयनको माध्यमबाट देशको जनताको जीवन स्तरमा सुधार गर्नको लागि अवलम्बन गरिएको उपायहरु जारी राख्नु पर्दछ। |
| 159.122, 159.126 | Take further steps for socio-economic development of citizens | १५९.१२२ १५९.१२६ | सामाजिक आर्थिक विकासको लागि थप कदमहरू अवलम्बन गरिनु पर्दछ। |
| 159.131 | Further strengthen effective collaboration with the international community to increase investment in food, housing, poverty reduction, employment generation, health care, education, social security and the development of people-centric infrastructures | १५९.१३१ | खाद्यान्न, आवास, गरीबी न्यूनीकरण, रोजगार उत्पादन, स्वास्थ्य सेवा, शिक्षा, सामाजिक सुरक्षा र जनता केन्द्रीत पूर्वाधारको विकासमा लगानी बढाउन अन्तर्राष्ट्रिय समुदायसँगको प्रभावकारी सहकार्यलाई थप सुदृढ बनाइनु पर्दछ। |

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| | **b) Right to food** | | **खाद्यको अधिकार** |
| 159.114 | Maintain and expand government programmes aimed at guaranteeing the right to food and addressing food insecurity, particularly among the most vulnerable populations | १५९.११४ | खाद्य असुरक्षा सम्बोधन गर्ने र खाद्य अधिकारको प्रत्याभुति गर्ने उद्देश्यले सञ्चालित सरकारी कार्यक्रमहरु कायम राख्दै विशेष गरी सबैभन्दा जोखिममा परेका जन समुदाय बीच कार्यक्रमहरु विस्तार गरिनु पर्दछ । |
| 159.121, 159.15 | Pursue the good management of policies related to the basic needs of citizens such as the rights to food | १५९.१२१ १५९.१५ | नागरिकहरुको आधारभूत आवश्यकताहरु जस्तै खाद्य सम्बन्धी अधिकारको नीतिहरुको राम्रो व्यवस्थापनको अनुसरण गरिनु पर्दछ । |
| 159.125, 159.129 | Continue the efforts to achieve remarkable progress in indicators related to hunger, nutrition and food security | १५९.१२५ १५९.१२९ | भोक, पोषण र खाद्य सुरक्षा सम्बन्धी सूचकहरुमा उल्लेखनीय प्रगति हासिल गर्ने प्रयास जारी राख्नु पर्दछ । |
| 159.128 | Consider adopting a more coordinated approach to address hunger and malnutrition | १५९.१२८ | भोक र कुपोषण सम्बोधन गर्नको लागि एउटा अधिक समन्वित दृष्टिकोण अपनाउने योजना तयार पार्नु पर्दछ ।। |
| 159.118 | Collaborate with specialized United Nations agencies to develop the agricultural sector | १५९.११८ | कृषि क्षेत्रको विकासको लागि संयुक्त राष्ट्र संघको विशेष निकायहरु संग सहकार्य गरिनु पर्दछ । |
| | **c) Right to Health** | | **स्वास्थ्यको अधिकार** |
| 159.15 | Continue to consolidate the successful social policies for the benefits of its people in the areas of health | १५९.१५ | स्वास्थ्य क्षेत्रमा जनताहरुको फाइदाका लागि सफल सामाजिक नीतिहरूको सुदृढीकरण गर्ने कार्य जारी राख्नु पर्दछ । |
| 159.138 159.143, 159.147 | Continue efforts to facilitate access to health services and to create favorable conditions for ensuring access to public health for all | १५९.१३८ १५९.१४३ १५९.१४७ | स्वास्थ्य सेवाहरुमा पहुँच सहज बनाउन र सबैको लागि जन स्वास्थ्यमा पहुँच सुनिश्चित गर्नको लागि अनुकूल परिस्थितिहरु बनाउनको लागि प्रयास जारी राख्नु पर्दछ । |
| 159.146 | Continue the Government's efforts to strengthen integrated networks of health services | १५९.१४६ | स्वास्थ्य सेवाको एकीकृत सञ्जाललाई सुदृढ बनाउन सरकारले विभिन्न प्रयासहरु जारी राख्नु पर्दछ । |

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| 159.137 | Implement the commitment made at the Nairobi Summit on the twenty-fifth anniversary of the International Conference on Population and Development to ensure that marginalized groups are able to exercise their reproductive rights through universal access to quality family planning services, the upscaling of adolescent-friendly health services and the full integration of comprehensive sexuality education, consistent with the evolving capacities and needs of youth | १५९.१३७ | अन्तर्राष्ट्रिय जनसंख्या र विकास सम्मेलनको पच्चीसौं वार्षिकोत्सवमा नैरोबी शिखर सम्मेलनमा गरिएका प्रतिबद्धताको कार्यान्वयन गरिनु पर्दछ ताकि सीमान्तकृत समूहहरु गुणस्तरीय परिवार नियोजन सेवाहरुको लागि सार्वभौमिक पहुँचको माध्यम बाट आफ्नो प्रजनन अधिकारको उपयोग गर्न सक्षम छन् भन्ने प्रमाणित गर्न सकिन्छ तथा किशोर मैत्री स्वास्थ्य सेवाको बढवा दिन र व्यापक लैंगिक शिक्षाको पूरा एकीकरण एवम विकसित क्षमताहरुको संयोजन र युवाहरुको आवश्यकताहरु संग सुसंगत परिवेश सृजना गरिनु पर्दछ । |
| 159.141, 159.142 | Take steps to reduce neonatal mortality, in line with Sustainable Development Goal | १५९.१४१ १५९.१४२ | दिगो विकास लक्ष्यको अनुरूप नवजात शिशु मृत्युदर घटाउन कदम चाल्नु पर्दछ । |
| 159.139 | Ensure leprosy training within the health-care community and implement the principles and guidelines for the elimination of discrimination against persons affected by leprosy and their family members | १५९.१३९ | कुष्ठ रोगबाट प्रभावित व्यक्तिहरु र उनीहरुको परिवारको सदस्यहरु विरुद्ध हुने भेदभावको उन्मूलनको लागि सिद्धान्त र दिशानिर्देशहरु लागू गरिनु पर्दछ र स्वास्थ्य सेवा समुदाय भित्र कुष्ठरोगको तालिम/प्रशिक्षणको व्यवस्था गरिनु पर्दछ । |
| 159.132 | Maintain its commitment to implementing health plans and programmes to ensure the protection of the right to health during emergencies and pandemics | १५९.१३२ | आपतकाल र महामारीको बेला स्वास्थ्यको अधिकारको सुरक्षा सुनिश्चित गर्न स्वास्थ्य योजना र कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रतिबद्धता कायम राखिनु पर्दछ । |
| 159.110 | Continue to promote access to safe drinking water and sanitation, especially in rural and hard-to-reach area | १५९.११० | ग्रामीण र कठिन क्षेत्रहरुमा सुरक्षित पिउने पानी र सरसफाइको पहुँचको लागि बढावा दिने क्रियाकलाप जारी राख्नु पर्दछ । |
| 159.112 | Consider taking additional steps to raise the number of people having access to upgraded water facilities nationwide | १५९.११२ | उन्नत पानीको सुविधामा पहुँच भएका मानिसहरुको संख्या बढाउन राष्ट्रव्यापी स्तरमा थप/अतिरिक्त कदम चालिनु पर्दछ । |
| 159.121 | Pursue the good management of policies related to the basic needs of citizens such as the rights to drinking water | १५९.१२१ | नागरिकहरुको आधारभूत आवश्यकताहरु जस्तै पिउने पानीको अधिकार सम्बन्धित नीतिहरुको राम्रो व्यवस्थापन अनुसरण गरियोस् । |
| 159.129 | Step up efforts to safe drinking water and sanitation | १५९.१२९ | सुरक्षित पिउने पानी र सरसफाइको लागि प्रयासहरु वृद्धि गरिनु पर्दछ । |

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| | **d) Covid-19** | | **कोभिड-१९** |
| 159.140 | Take all necessary measures to strengthen the promotion and protection of the human rights and dignity of older persons, particuaLrly in the current situation of extreme vulnerability they face in the context of the COVID-19 pandemic | १५९.१४० | ज्येष्ठ नागरिकहरुको मानवअधिकार र गरिमाको प्रवर्द्धन र संरक्षणलाई सुदृढ गर्ने विशेष गरी कोभिड-१९ महामारीको सन्दर्भमा वर्तमान स्थितिमा उनीहरुले भोगिरहेको चरम जोखिमलाई ध्यानमा राखी आवश्यक उपायहरु अपनाउनु पर्दछ। |
| 159.144 | Continue to expand efforts towards universal health coverage while minimizing disruption in the access to basic health-care services during the pandemic, taking into consideration the ongoing COVID-19 pandemic | १५९.१४४ | चलिरहेको कोभिड-१९ महामारीलाई ध्यानमा राखी महामारीको बेला आधारभूत स्वास्थ्य सेवाको पहुँचमा हुने अवरोधलाई न्यूनीकरण गर्दै विश्वव्यापी स्वास्थ्य कवरेज गर्ने तिर प्रयास विस्तार गर्न प्रयास जारी राख्नु पर्दछ। |
| 159.34 | Ensure the inclusion of vulnerable children and families in policy responses to the COVID-19 pandemic in order to minimize the risk of children getting involved in child labour | १५९.३४ | जोखिममा परेका बालबालिका र परिवारहरुको समावेशीकरणको लागि र बालश्रममा संलग्न हुने बालबालिकाको जोखिमलाई कम गर्नको लागि कोभिड-१९ महामारीको नीतिगत प्रतिक्रियाहरु सुनिश्चित गर्नु पर्दछ। |
| 159.145 | Strengthen the implementation of World Health Organization's guidelines on preparedness, prevention and control of COVID-19in prisons and other places of detention | १५९.१४५ | जेल र अन्य थुनाहरुमा, कोभिड-१९ महामारीको रोकथाम र नियन्त्रण सम्बन्धी विश्व स्वास्थ्य संगठनको दिशानिर्देशहरुको कार्यान्वयनलाई सुदृढ पार्नु पर्दछ। |
| 159.133 | Make progress in social economic recovery with a human rights perspective to face the effects of the COVID-19 pandemic, taking into consideration the special needs of vulnerable groups in society | १५९.१३३ | समाजमा जोखिममा परेका समूहहरुको विशेष आवश्यकताहरुलाई ध्यानमा र रखी, कोभिड-१९ महामारीको प्रभावहरुको सामना गर्नको लागि मानव अधिकार परिप्रेक्ष्यसंग सामाजिक आर्थिक सुधारमा प्रगति गरिनु पर्दछ। |
| 159.181 | Step up efforts to provide equal access to online education for girls, especially during the COVID-19 lockdown | १५९.१८१ | विशेष गरी कोभिड-१९ लकडाउनको क्रममा केटीहरूको लागि अनलाइन शिक्षामा समान पहुँच प्रदान गर्ने प्रयासहरूलाई प्राथमिकतामा राख्नु पर्दछ। |
| | **e) Right to education** | | **शिक्षाको अधिकार** |
| 159.15 | Continue to consolidate the successful social policies for the benefits of its people in the area of education | १५९.१५ | शिक्षाको क्षेत्रमा जनताहरुको फाइदाका लागि सफल सामाजिक नीतिहरूको सुदृढीकरण गर्न जारी राख्नु पर्दछ। |
| 159.121 | Pursue the good management of policies related to the basic needs of citizens such as the rights to education | १५९.१२१ | नागरिकको आधारभूत आवश्यकताहरु जस्तै शिक्षाको अधिकार सम्बन्धित नीतिहरुको राम्रो व्यवस्थापन अनुसरण गरिनु पर्दछ। |

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| 159.138 | Make efforts in furtherance of the rights to education | १५९.१३८ | शिक्षाको अधिकारलाई अगाडि बढाउन प्रयास गर्न जरुरी छ । |
| 159.147<br>159.151<br>159.152 | Continue its efforts to create favorable conditions for ensuring access to free and quality education for all without discrimination | १५९.१४७<br>१५९.१५१<br>१५९.१५२ | सबैको लागि भेदभाव बिना नि:शुल्क र गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न अनुकूल परिस्थितिहरू सिर्जना गर्ने प्रयासहरु जारी राख्नु पर्दछ । |
| 159.154<br>159.155 | Expand the scope of such initiatives as the Act relating to Compulsory and Free Education of 2018 and provide more schoaLrships on an equal basis | १५९.१५४<br>१५९.१५५ | अनिवार्य र नि:शुल्क शिक्षासँग सम्बन्धित ऐन २०१८ मा उल्लेख भएका पहलहरूको विस्तार गर्ने र समान आधारमा बढी छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया वृद्धि गर्नु पर्दछ । |
| 159.149 | Enhance measures to scale up school enrolment at the secondary level | १५९.१४९ | माध्यमिक स्तरमा विद्यालय भर्नाको मापनका लागि नविनतम उपायहरु वृद्धि गर्नु पर्दछ । |
| 159.148 | Step up further efforts to ensure gender parity in both primary and secondary education | १५९.१४८ | दुवै प्राथमिक र माध्यमिक शिक्षामा लैंगिक समानता सुनिश्चित गर्नको लागि थप प्रयासहरु गरिनु पर्दछ । |
| 159.150 | Take all necessary measures to ensure full inclusion and improve learning results for all children belonging to the Dalit community, underrepresented castes and indigenous peoples, including children with disabilities, at all levels of education, and to ensure the representation of these groups, especially women, in teaching positions | १५९.१५० | शिक्षाको सबै तहमा दलित समुदाय, कम प्रतिनिधित्व भएका जाति र आदिवासी जनजातिहरु, अपांगता भएका बालबालिकाहरु सहित, सबै समावेशीकरण र शिक्षाको परिणाममा सुधार गर्नका लागि सबै आवश्यक उपायहरु अवलम्बन गर्न र यी समूहहरुको प्रतिनिधित्व विशेष गरी शिक्षण पेशामा महिलाहरुको प्रतिनिधित्वको लागि ध्यान दिनु पर्दछ । |
| 159.153 | Continue its efforts to ensure an all-inclusive education system that leaves no one behind, including children with disabilities | १५९.१५३ | अपांगता भएका बच्चाहरु सहित कोहि पछाडि नपरोस भन्ने हेतुले सबैका लागि समावेशी शिक्षा प्रणाली सुनिश्चित गर्न प्रयासहरु निरन्तर जारी राख्नु पर्दछ । |
| | **f) Right to employment** | | **रोजगारीको अधिकार** |
| 159.105 | Continue to take measures to further strengthen implementation of the Right to Employment Act and the contributory social security system and, in particuaLr, implement targeted interventions for vulnerable groups | १५९.१०५ | रोजगारीको अधिकार र योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको कार्यान्वयनलाई अझ सुदृढ पार्न र विशेष गरी जोखिममा परेका समूहहरुका लागि लक्षित विधिहरुको कार्यान्वयन गर्ने उपायहरु अपनाउन प्रक्रिया जारी राख्नु पर्दछ । |

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| 159.121 | Pursue the good management of policies related to the basic needs of citizens such as the rights to work | १५९.१२१ | नागरिकको आधारभूत आवश्यकताहरु जस्तै काम गर्ने अधिकारका लागि राम्रो व्यवस्थापन सम्बन्धी नीतिहरुको अनुसरण गर्नु पर्दछ । |
| | **g) Right to housing (Ex-bonded labour/Freed Haliya: timely and just rehabilitation)** | | **आवासको अधिकार** |
| 159.121 | Pursue the good management of policies related to the basic needs of citizens such as the rights to adequate housing | १५९.१२१ | नागरिकहरुको आधारभूत आवश्यकताहरु जस्तै पर्याप्त आवासको अधिकार सम्बन्धी नीतिहरुको राम्रो व्यवस्थापन अनुसरण गर्नु पर्दछ । |
| **Poverty alleviation** | | | **गरिबी निवारण** |
| 159.61, 159.108, 159.129 | Continue efforts of poverty reduction | १५९.६१ १५९.१०८ १५९.१२९ | गरिबी निवारणको लागि निरन्तर प्रयासहरु जारी राख्नु पर्दछ । |
| 159.119 | Continue efforts to combat and eliminate extreme poverty | १५९.११९ | चरम गरीबीको उन्मूलनको लागि लगातार प्रयास जारी राख्नु पर्दछ । |
| 159.113 | Continue to promote sustainable economic and social development and to further promote poverty alleviation | १५९.११३ | दिगो आर्थिक, सामाजिक विकास र गरीबी उन्मूलनलाई बढावा दिनको लागि प्रयासहरु जारी राख्नु पर्दछ । |
| 159.109 | Continue its efforts in poverty reduction by providing poor families with opportunities to access productive resources, capacity-building, income and sustainable development | १५९.१०९ | गरीब परिवारलाई उत्पादनशील संसाधन, क्षमता अभिवृद्धि, आय र दिगो विकासको उपयोग गर्ने अवसर प्रदान गरी गरीबी न्यूनीकरणमा प्रयासहरु जारी राख्नु पर्दछ । |
| 159.130 | Continue the measures aimed at poverty alleviation, ensuring adequate housing and providing water and sanitation to the population | १५९.१३० | गरीबी निवारण, पर्याप्त आवास र जनताहरुलाई पानी र सरसफाईको सुनिश्चित गर्नका लागि निरन्तर उपायहरू जारी राख्नु पर्दछ । |
| 159.116 | Further capitalize on the gains in poverty reduction and step up efforts for an increased per capita | १५९.११६ | गरिबी निवारणमा लाभको लागि पूंजीकरण र प्रति व्यक्ति बृद्धि दरको लागि प्रयासहरु बढाउनु पर्दछ । |
| 159.120 | Continue its poverty reduction measures to achieve its target of reducing from 18 to 13 per cent by 2024 through inclusive and sustainable development | १५९.१२० | गरिबी निवारणका लागि समावेशी र दिगो विकासको माध्यमबाट सन् २०२४ सम्म १८ बाट १३ प्रतिशतमा घटाउने लक्ष्य हासिल गर्न निरन्तर उपायहरु जारी राख्नु पर्दछ । |
| 159.124 | Ensure that its efforts to address poverty are inclusive, gender-responsive and human rights-based | १५९.१२४ | गरीबी सम्बोधन गर्न अवलम्बन गरिएका प्रयासहरु समावेशी लैंगिक मैत्री उत्तरदायी र मानव अधिकारमा आधारित छ भनेर सुनिश्चित गरिनु पर्दछ । |

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| 159.123 | Implement a national action plan to reduce poverty with a human rights-based approach and focused on Sustainable Development Goals 1 and 10 | १५९.१२३ | मानव अधिकारमा आधारित दृष्टिकोण र दिगो विकासका लक्ष्य १ र १० मा केन्द्रित गरीबी घटाउन राष्ट्रिय कार्ययोजना लागू गर्नु पर्दछ । |
| 159.111 | Intensify cooperation and efforts with the support of the international community to further enaLrge programmatic interventions and investment in key areas of poverty reduction | १५९.१११ | गरिबी निवारणको प्रमुख क्षेत्रहरुमा कार्यक्रमगत विधि र लगानीलाई अझ विस्तार गर्नको लागि अन्तर्राष्ट्रिय समुदायको समर्थन संग सहयोग र प्रयासहरुलाई तीव्र बनाउनु पर्दछ । |
| **Collective rights (environment, right to development, SDG)** | | | **सामूहिक अधिकार (वातावरण, विकासको अधिकार, दिगो विकासका लक्ष्य)** |
| 159.49 | Take further measures to combat climate change and natural disasters | १५९.४९ | जलवायु परिवर्तन र प्राकृतिक प्रकोपहरु संग लड्नको लागि थप उपायहरु अवलम्बन गर्नु पर्दछ । |
| 159.50<br>159.54 | Ensure that women, children, persons with disabilities and indigenous and local communities are meaningfully engaged in the development and implementation of climate change and disaster risk reduction framework | १५९.५०<br>१५९.५४ | महिला बालबालिका अपांगता भएका व्यक्तिहरु, आदिवासी र स्थानीय समुदायहरु सार्थक रुपले जलवायु परिवर्तन र विपद जोखिम न्यूनीकरण ढाँचाको विकास र कार्यान्वयनमा संलग्नता हुने सुनिश्चित गरिनु पर्दछ । |
| 159.51 | Continue to strengthen its efforts in implementing the Sustainable Development Goals for the better enjoyment of human rights of its people | १५९.५१ | मानव अधिकारको राम्रो उपभोग गर्नका लागि दिगो विकासका लक्ष्यहरुको कार्यान्वयनमा प्रयासहरु सुदृढ रुपमा जारी राख्नु पर्दछ । |
| 159.53 | Strengthen cooperation with international partners to reverse the economic impact of the COVID-19 pandemic, including through capacity-building to achieve national development targets and meet the 2030 Sustainable Development Goals | १५९.५३ | राष्ट्रिय विकास लक्ष्यहरु हासिल गर्न, कोभिड-१९ महामारीको आर्थिक प्रभावलाई उल्टाउन र २०३० को दिगो विकास लक्ष्यहरु पूरा गर्ने क्षमता अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय विकास साझेदारहरुसंगको सहयोग बलियो बनाउनु जरुरी छ । |

## ४.२ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद् द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिश गरिएका समानता र अभिवेद संवद्ध सिफारिशहरु (दलित समुदाय)

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| 159.34 | Effectively apply national legislation towards the elimination of all practices based on a caste system, including in the light of the relevant human rights instruments | १५९.३४ | सम्बन्धित मानवअधिकार साधनहरुको प्रकाशमा जातीय प्रणालीमा आधारित सबै अभ्यासको उन्मूलनका लागि प्रभावकारी ढंगले राष्ट्रिय कानून लागू गरिनु पर्दछ । |
| 159.35 | Develop effective mechanisms to implement the Caste-based Discrimination and Untouchability (Offence and Punishment) Act | १५९.३५ | जातमा आधारित भेदभाव र छुवाछूत (अपराध र सजाय) ऐन कार्यान्वयन गर्न प्रभावकारी संयन्त्रको विकास गरिनु पर्दछ । |
| 159.39 | Continue the efforts to combat caste-based discrimination and segregation | १५९.३९ | जातिगत विभेद र विभाजनलाई रोक्नका लागि लगातार प्रयासहरू जारी राख्नु पर्दछ । |
| 159.42 | Take the necessary measures to advance in the fight against discrimination in all its forms, in particular racial and caste discrimination. | १५९.४२ | सबै प्रकारका विभेदको विशेष गरी जातीय र जातमा आधारित भेदभावको बिरूद्ध लड्न अग्रसर हुन आवश्यक उपायहरू अवलम्बन गरिनु पर्दछ । |
| 159.33 | Investigate effectively and prosecute caste-based discrimination and violence | १५९.३३ | जातिगत भेदभाव र हिंसाको प्रभावकारी रूपमा अनुसन्धान गर्ने र मुद्दा चलाउने व्यवस्था अवलम्बन गरिनु पर्दछ । |

## ४.३ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद् द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिश गरिएका अल्पसंख्यक/आदिवासी समुदाय संवद्ध सिफारिशहरु (सन्थाल समुदाय: भूमिको अधिकार)

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| 159.218 | Step up efforts in the fight against segregation and discrimination of indigenous peoples and ethnic and caste minorities, including Dalits and Tibetans | १५९.२१८ | दलित र तिब्बती लगायत आदिवासी जनजाति र जातीय अल्पसंख्यकहरूको विभाजन र भेदभावको विरूद्ध लड्न प्रयास गरिनु पर्दछ । |
| 159.172 | Adopt policies to protect and provide justice for women and girls, especially those from minority communities | १५९.१७२ | विशेष गरी अल्पसंख्यक समुदायका महिला र बालिकाहरुको सुरक्षा र न्याय प्रदान गर्ने नीतिहरु अवलम्बन गरिनु पर्दछ । |
| 159.219 | Ensure that the rights of indigenous communities regarding the use of their land are upheld through the revision of the legislation on this matter | १५९.२१९ | आदिवासी समुदायहरूको जग्गाको प्रयोग सम्बन्धी अधिकारको विषयमा कानूनको परिमार्जन मार्फत कायम गर्ने सुनिश्चित गरिनु पर्दछ । |
| 159.220 | Take the necessary measures to protect ethnic and caste minorities, namely from excessive use of force by the police and alleged torture in custody, and punish perpetrators | १५९.२२० | जातीय र जातीय अल्पसंख्यकहरूको संरक्षणको लागि आवश्यक उपायहरू अपनाउने, जसमा प्रहरीले अत्याधिक बल प्रयोग गरेको र हिरासतमा राखिएको कथित यातना, र पीडकलाई सजाय दिने व्यवस्था कार्यान्वयन गरिनु पर्दछ । |
| 159.80 | Take all necessary measures, in particular at the legislative level, in order to protect the rights of persons from religious minorities and in order to guarantee freedom of religion or belief in law and in practice, in accordance with international human rights law | १५९.८० | धार्मिक अल्पसंख्यक व्यक्तिको अधिकारको रक्षा गर्नको लागी र अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुसार कानून वा व्यवहारमा धर्म वा विश्वासको स्वतन्त्रताको ग्यारेन्टी गर्नको लागि, विशेष गरी विधायी स्तरमा सबै आवश्यक उपायहरुको अवलम्बन गरिनु पर्दछ । |

## ४.४ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद् द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिश गरिएका जन्म दर्ता र नागरिकता संवद्ध सिफारिशहरु (सन्थाल समुदाय)

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| 159.166 | Ensure full equality between men and women with respect to conferring citizenship on their children and spouse, including by amending provisions in the Constitution and Citizenship Act amendment bill 2020 | १५९.१६६ | संविधान र नागरिकता ऐन संशोधन विधेयक २०२० को प्रावधानमा संशोधन गरी आफ्ना बच्चाहरू र जीवनसाथीलाई नागरिकता दिने सम्बन्धमा पुरुष र महिला बीच पूर्ण समानता सुनिश्चित गरिनु पर्दछ । |
| 159.176 | Amend the Citizenship Act to enable citizenship documentation at birth and to repeal gender discriminatory provisions (Noted by Nepal) | १५९.१७६ | जन्मको आधारमा नागरिकता प्रदान गर्ने प्रावधान कायम गर्न र लैंगिक भेदभावपूर्ण प्रावधानलाई रद्द गर्न नागरिकता ऐनमा संशोधन गर्नु पर्दछ । |
| 159.193 | Amend the provisions of its normative framework that contravene the Convention on the Elimination of All Forms of Discrimination against Women in order to guarantee a non-discriminatory approach to the granting of citizenship | १५९.१९३ | नागरिकता प्रदान गर्न महिला विरुद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्ने सन्धीको ढाँचामा भएको व्यवस्था सँग नमिल्ने प्रावधानहरू संशोधन गरिनु पर्दछ । |

## ४.५ संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद् द्वारा गरिएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई सिफारिस गरिएका बंधुवा मजदुर/मुक्त हलियाहरुको पुनर्वास संवद्ध सिफारिशहरु (बंधुवा मजदुर/मुक्त हलिया समुदाय)

| Rec. No. | Recommendations | सिफारिस संख्या | सिफारिसहरु |
|---|---|---|---|
| 159.100 | Take further steps to end trafficking in persons and bonded labour practices, with special emphasis on children | १५९.१०० | विशेष गरी बच्चाहरुमा जोड दिएर बंधुवा मजदुर प्रथा र व्यक्तिको बेचबिखन अन्त्य गर्न थप कदमहरू चाल्नु पर्दछ । |
| 159.131 | Further strengthen effective collaboration with the international community to increase investment in food, housing, poverty reduction, employment generation, health care, education, social security and the development of people-centric infrastructures | १५९.१३१ | खाद्यान्न, आवास, गरीबी न्यूनीकरण, रोजगार उत्पादन, स्वास्थ्य सेवा, शिक्षा, सामाजिक सुरक्षा र जनता केन्द्रित पूर्वाधारको विकासमा लगानी बढाउन अन्तर्राष्ट्रिय समुदायसँगको प्रभावकारी सहकार्यलाई थप सुदृढ गर्नु पर्दछ । |

## आर्थिक तथा प्राविधिक सहयोगी संस्था:

THE LUTHERAN WORLD FEDERATION NEPAL

## परियोजना कार्यान्वयन संस्थाहरू:

Lutheran Community welfare society(LCWS) 2066

## मानवअधिकार तथा सामाजिक रूपान्तरण अभियान, नेपाल
## (काहुरास्ट नेपाल)


पोस्ट बक्स: १३५७२, जितजंग मार्ग, थापाथली, काठमाडौं, नेपाल
फोन: ०१-४१०२०३३, ५३४९२२०,फ्याक्स: +९७७-१-४१०२०३३,
ईमेल: cahurast@gmail.com,cahurastnepal@gmail.com
वेबसाइट: http://www.cahurast.org


/cahurast.nepal

/cahurastnepal